## परिच्छेद : १ (एक)

# शोधपरिचय

### १.१ शोध प्रबन्ध शीर्षक

प्रस्तुत शोध प्रबन्धको शीर्षक **मनु ब्राजाकीको 'गजल गङ्गा' गजल सङ्ग्रहको अध्ययन** रहेको छ ।

### १.२ शोध प्रबन्धको प्रयोजन

प्रस्तुत शोध प्रबन्ध त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत रामस्वरुप रामसागर बहुमुखी क्याम्पस, जनकपुरधाम, नेपाली शिक्षण विभाग स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्र (५४०-१) को पूरक प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

### १.३ विषय परिचय

मनु ब्राजाकी आधुनिक नेपाली साहित्यका चर्चित प्रतिभा हुन् । मूलतः कथा र गजलका क्षेत्रमा कलम चलाउने ब्राजाकी कथाकारका रुपमा अनि गजलकारका रुपमा प्रसिद्ध छन् । वि.सं.२०१९ मा भर्याङ शीर्षकको कथा लेखेर नेपाली कथा साहित्यमा देखा परेका मनु ब्राजाकीका विभिन्न कथा सङ्ग्रहहरु प्रकाशित छन् । गजलका क्षेत्रमा भने ब्राजाकीले २०४२ सालदेखि गजल लेखनको औपचारिक यात्रा सुरु गरेका हुन् । गजलका क्षेत्रमा ब्राजाकीका **गजलगङ्गा** (२०५१) र **काँडाका फूलहरु** (२०५६) गरी दुई गजल सङ्ग्रहहरु प्रकाशित छन् ।

मनु ब्राजाकीका प्रकाशित थुप्रै कृतिहरु मध्ये गजल विधाका दुई कृतिहरु प्रकाशित छन् । ब्राजाकीको जीवनी, व्यक्तित्व र गजलगङ्गा गजल सङ्ग्रहको सेरोफेरोमा रहेर प्रस्तुत अध्ययन कार्य सम्पन्न गरिएको छ ।

### १.४ समस्या कथन

यस शोध प्रबन्धको प्रमुख समस्या **मनु ब्राजाकीको 'गजल गङ्गा' गजल सङ्ग्रहको अध्ययन** रहेको छ । यसका साथै यस समस्यासँग गाँसिएर आएका अन्य समस्याहरुको अध्ययन गर्नु रहेको छ। प्रस्तुत शोधकार्य निम्न समस्यामा केन्द्रित रहेको छ :

(क) मनु ब्राजाकीको साहित्यिक रचनाधर्मिता के कस्तो रहेको छ ?

(ख) गजलको सैद्धान्तिक पक्ष र नेपाली गजलको ऐतिहासिक परम्परा के कस्तो रहेको छ ?

(ग) विभिन्न कोणबाट गजलगङ्गा गजल सङ्ग्रहका गजलहरु के कस्ता रहेका छन् ?

## ५. शोध प्रबन्धको उद्देश्य

यस शोध प्रबन्धको प्रमुख समस्या **मनु ब्राजाकीको 'गजल गङ्गा' गजल सङ्ग्रहको अध्ययन**को समाधान गर्नु नै यस शोध प्रबन्धको प्रमुख उद्देश्य रहेको छ। यसका साथै प्रमुख समस्यासँग सम्बन्धित भएर आएका अन्य समस्याहरुको समेत समाधान खोज्नु यस अध्ययनको उद्देश्य रहेको छ, जसलाई निम्नानुसार उल्लेख गरिएको छ :

(क) मनु ब्राजाकीको साहित्यिक रचनाधर्मिताको अध्ययन गर्नु ।

(ख) गजलको सैद्धान्तिक पक्ष र नेपाली गजलको ऐतिहासिक परम्परालाई देखाउनु ।

(ग) मनु ब्राजाकीको गजलयात्रा र मुख्य प्रवृत्तिहरु केलाउनु ।

(घ) गजल संरचना र तत्वका आधारमा **गजलगङ्गा** गजल सङ्ग्रहको विश्लेषण र मूल्याङ्कन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

मनु ब्राजाकीको गजलकारिताका सम्बन्धमा विभिन्न पत्रपत्रिकाहरुमा विभिन्न किसिमले कलमहरु चलेका छन् । त्यस्तै उनको कथाकरिताका सम्बन्धमा पनि थुप्रै अध्ययन र विश्लेषणहरु भएका छन् । मनुको कथा सम्बन्धमा जति चर्चा भएको छ गजलका सम्बन्धमा त्यति चर्चा भएको छैन । खोजका क्रममा फेला परेका सामग्रीहरुका आधारमा मनु ब्राजाकी र उनका गजलका बारेमा गरिएका समालोचनात्मक र अनुसन्धात्मक टीकाटिप्पणीहरुलाई यहाँ कालक्रमिक आधारमा प्रस्तुत गरिएको छ :

कृष्णप्रसाद पोखरेलले 'मनु ब्राजाकीको जीवनी, व्यक्तित्व र कृतित्व'(२०४९) अप्रकाशित शोधप्रबन्धमा "समाजमा विद्यमान यौनविकृति, विषम व्यवहार, नैतिक पतन, कोलाहलपूर्ण विश्वबोध, जटिल जनजीवन आदि प्रस्तुत गर्न सक्षम मनुका समाजबोधी गजलहरु कल्पनामा आधारित नभई वास्तविकतामा आधारित हुन्छ भन्दै उनका गजलमा सामाजिक भाव प्रस्तुत गर्ने क्रममा समाजको एउटा पाटो मात्र ग्रहण नगरी समाजका विभिन्न पक्ष र पाटाहरुलाई आत्मसात गरिएको हुन्छ" भन्ने विचार प्रस्तुत गरेका छन् ।

अमर त्यागीले मधुपर्क ( वर्ष ३१, अङ्क ४, २०५५) को 'नेपाली गजलको परम्परा र प्रवृत्ति' शीर्षकको लेखमा "मनु ब्राजाकीका गजलहरुमा जीवनका तीतामीठा अनुभूतिहरु, सामाजिक सङ्गतिविसङ्गतिहरु र मानवीय मूल्यहीनताका हृदयस्पर्शी झल्काहरु गेयात्मकताका साथ व्यक्तिएका हुन्छन्" भन्ने विचार अभिव्यक्त गरेका छन् ।

सरिता देवकोटाले 'लक्ष्मीदत्त पन्त इन्दुको गजलकारिता' (२०५५) अप्रकाशित स्नातकोत्तर तहको शोधप्रबन्धमा नेपाली गजलपरम्पराको आधुनिक कालमा उपस्थित भएर गजल परम्परालाई अगाडि बढाउने गजलकारहरुमा मनु ब्राजाकीको नाम लिँदै उनी मूलतः कथाकार भए पनि गजल क्षेत्रमा उनले उल्लेखनीय भूमिका निर्वाह गरेको चर्चा गरेकी छिन् ।

इन्द्रकुमार श्रेष्ठ 'सरित्' ले गुञ्जन (वर्ष ५ अङ्क ४, २०५८) मा 'नेपाली साहित्यमा गजल : विगतदेखि वर्तमानसम्म' शीर्षकको लेखमा "प्रेमका राग अलाप्ने, प्रगतिवादको हुङ्कार भर्ने र यथास्थितिका हिमायती अथवा विरोधी स्वर बोक्ने गजलकारहरुमध्ये अभिव्यक्ति कौशल र विषयगत ज्ञानका दृष्टिले मनु ब्राजाकीलाई उछिन्ने गजलकार समसामयिक धारामा पाउन मुस्किलै पर्छ" भनी आफ्नो विचार व्यक्त गरेका छन् ।

टीकाराम उदासीले 'गजल सिद्धान्त र नेपाली गजलको इतिहास' (२०५९) पुस्तकमा "मनु ब्राजाकीलाई आजका चर्चित गजलकार हुन् भन्दै अभिव्यक्ति कौशल, प्रस्तुतिको नवीनता, व्यङ्ग्यचेतना र विषयको विविधताका दृष्टिले मनुका गजलहरु सशक्त छन् " भनी टिप्पणी गरेका छन् ।

कृष्णहरि बरालले 'गीतसिद्धान्त र इतिहास' (२०६०) पुस्तकमा "मनु ब्राजाकीका गजलमा सुरासुन्दरीको वर्णनका साथै धार्मिक अन्धविश्वास तथा राजनीतिक, आर्थिक तथा

सामाजिक विकृतिप्रति व्यङ्ग्य पाइन्छ र उनले १२, १४ तथा १६ अक्षरमा आधारित लयलाई लिएर धेरै गजलहरु लेखेका छन् " भनी उल्लेख गरेका छन् ।

घनश्याम न्यौपाने 'परिश्रमी' ले अनुराग ( वर्ष १, अङ्क ४, २०६१) मा 'गजल : शिल्पशैली र रचनाविधान' शीर्षकको लेखमा "नेपाली गजल लेखनको प्रादुर्भावमा विशेष योगदानहरुको लामो सूची प्रस्तुत गर्दै मनु ब्राजाकी पुनर्जागरण कालका सशक्त गजलकारहरुमध्ये एक हुन् " भन्ने टिप्पणी गरेका छन् ।

मुकुन्दप्रसाद काफ्लेले 'मनु ब्राजाकीको गजलकारिता' (२०६३) अप्रकाशित स्नातकोत्तर शोधपत्रमा "मनु ब्राजाकीले परम्परित संरचनामा गजल लेखेका छन् । उनका गजलहरुमा संरचनात्मक कमीकमजोरी नभएका होइनन् । उनका गजलमा भावगत विविधता पाइने, वियोग भावको प्रधानता रहेका पाइन्छ" भनी उल्लेख गरेका छन् ।

साझा प्रकाशनले 'गजलगङ्गा' को 'प्रकाशकीय' (२०६५, दो.सं.) मा मनु ब्राजाकीको गजलका सम्बन्धमा "गजलकार मनुले आफ्ना संवेद्य अनुभूतिलाई लयमा उतारेर गजलमा कविता र कवितामा गजल दिएका छन् । उनले गजलमा भावको विशिष्ट रुप, गीतको मधुर लय, पद्यरचनाको सुन्दर आकार र शैली शिष्ट, सौम्य र प्रभावशाली छ । उनको गजलमा प्रेम, वेदना, सुरा, नारी, देश र मानिसको हार्दिकता छ" भनी उल्लेख गरेको पाइन्छ ।

उत्तमप्रसाद खनालले 'पारदर्शी मान्छे कथासङ्ग्रहको कृतिपरक अध्ययन' (२०७१) अप्रकाशित स्नातकोत्तर शोधपत्रमा "मनु ब्राजाकीले गजलमा विषयगत विविधतालाई अपनाएको देखिन्छ । जीवनका हाँसो खुसी, पीडा वेदनाका साथै समाजमा विद्यमान विकृति विसङ्गति, राजनीतिक व्यवस्थाप्रति तीखो व्यङ्ग्य गरिएको पाइन्छ" भनी उल्लेख गरेका छन् ।

## १.७ शोधप्रबन्धको औचित्य

मनु ब्राजाकीको गजलकार व्यक्तित्वका बारेमा विभिन्न पुस्तक तथा पत्रपत्रिकामा गरिएका टिप्पणी, समीक्षा तथा जानकारीहरुले उनका बारेको अध्ययन पूर्ण हुन नसकेको परिप्रेक्ष्यमा विविध पक्षबाट अध्ययन गरी तयार पारिने प्रस्तुत शोधप्रबन्ध औचित्यपूर्ण रहेको छ । प्रस्तुत शोधप्रबन्धबाट मनु ब्राजाकीका गजलकारिताका विषयमा जानकारी लिन चाहने

जिज्ञासु पाठकहरु लाभान्वित हुने भएकाले तथा पुस्तकालयीय अध्ययन परम्पराको विकासमा महत्वपूर्ण रहने भएकाले प्रस्तुत शोधप्रबन्ध औचित्यपूर्ण रहेको छ । त्यसैगरी यस शोधप्रबन्धले मनु ब्राजाकीको गजलगङ्गा गजलसङ्ग्रहको विभिन्न कोणबाट अध्ययन विश्लेषण गर्ने हुँदा पनि यस शोधप्रबन्ध औचित्यपूर्ण रहेको छ । प्रस्तुत शोधप्रबन्धले भावी शोधकर्ताहरुका लागि समेत मार्गदर्शक हुने भएकाले यसको प्राज्ञिक तथा अनुसन्धानात्मक औचित्य समेत रहेको छ ।

## १.८ अध्ययनको सीमाङ्कन

नेपाली साहित्यमा मनु ब्राजाकी कथाकार, गजलकार लगायतका विभिन्न विधाका स्रष्टाका रुपमा चिरपरिचित नाम हो । तसर्थ ब्राजाकी आधुनिक नेपाली साहित्यका चर्चित प्रतिभा हुन् । यस शोधप्रबन्धमा साहित्यका विभिन्न विधाहरुमध्ये गजल विधालाई लिइएको छ । गजल विधामा पनि विशेष गरी मनु ब्राजाकीको गजलगङ्गा गजल सङ्ग्रहको अध्ययन विश्लेषणमा सीमित गरिएको छ ।

## १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधप्रबन्धमा सामग्री सङ्कलन मुख्यतया पुस्तकालयीय पद्धतिमा आधारित भई गरिएको छ । पुस्तकालयीय विधिका अतिरिक्त आवश्यकतानुसार शोधनिर्देशक, विषयविशेषज्ञहरुसँग भेटघाट गरी आवश्यक तथ्य सङ्कलन गरिएको छ । गजलको अध्ययन गर्दा समीक्षात्मक र विश्लेषणात्मक पद्धति अनुसरण गरिएको छ ।

## १.१० शोधप्रबन्ध विधि

प्रस्तुत शोधप्रबन्धका लागि आवश्यक सामग्री प्राथमिक तथा द्वितीय स्रोतबाट लिइएको छ । आवश्यकताअनुसार आगनात्मक तथा निगनात्मक विधि समेत अपनाइएको छ ।

## १.११ शोधप्रबन्धको रुपरेखा

प्रस्तुत शोधप्रबन्धलाई व्यवस्थित एवम् सुगठित रुप दिनका लागि छ परिच्छेदमा विभाजन गरी मूल शीर्षकहरुमा विभाजन गरिएको छ । यसका साथै आवश्यकताअनुसार मूल

शीर्षकभित्र शीर्षक, उपशीर्षक र उपउपशीर्षकहरुमा समेत विभाजन गरी प्रस्तुत गरिएको छ। प्रस्तुत शोधप्रबन्धको रुपरेखा निम्नलिखित परिच्छेदहरुमा विभाजन गरी तयार पारिएको छ :

परिच्छेद एक : शोधप्रबन्ध परिचय

परिच्छेद दुई : मनु ब्राजाकीको परिचय र उनको रचनाधर्मिता

परिच्छेद तीन : गजलको सैद्धान्तिक परिचय

परिच्छेद चार : नेपाली गजल परम्परामा मनु ब्राजाकीको योगदान

परिच्छेद पाँच : मनु ब्राजाकीको **गजलगङ्गा** गजल सङ्ग्रहको अध्ययन र विश्लेषण

परिच्छेद छ : उपसंहार र निष्कर्ष।

# परिच्छेद : २ (दुई)

# मनु ब्राजाकीको परिचय र उनको रचनाधर्मिता

## २.१ मनु ब्राजाकीको सङ्क्षिप्त परिचय

### २.१.१ जन्म र जन्मस्थान

नेपाली साहित्य क्षेत्रका चर्चित व्यक्तित्व मनु ब्राजाकीको जन्म वि.सं. १९९९ साउन १९ गते सोमबारका दिन भएको थियो । उनको जन्म महोत्तरी जिल्लाको औरही गाविस वडा नं. २ अन्तर्गत नैनीगौरी गाउँमा भएको थियो । हाल यस क्षेत्र दुई नम्बर प्रदेशअन्तर्गत औरही नगरपालिका वडा नं. १ मा पर्दछ । उनी बुबा लिप्तमानसिंह भण्डारी र आमा शान्तिदेवी भण्डारीका जेष्ठ सुपुत्र हुन् । ( खनाल, 'पारदर्शी मान्छे कथा सङ्ग्रहको कृतिपरक अध्ययन', २०७१ : पृ.६ )

वास्तविक नाम चेतमानसिंह भण्डारी भए पनि यिनी साहित्यका क्षेत्रमा भने विभिन्न नामले परिचित छन् । श्यामकुमार भण्डारी, श्यामबाबु 'मनु', सगर नासत्य, हेमन्त हरि, विलियम त्रियोगी र मनु ब्राजाकी जस्ता नामको साहित्यका क्षेत्रमा प्रयोग गरिएको भए तापनि उनी मनु ब्राजाकीका नामले चर्चित हुन पुगे । संस्कृतमा मनुको अर्थ मनुष्य र ब्रजको अर्थ संसार त्याग्ने भन्ने हुन्छ । मनु ब्राजाकी उपनाम राख्नुको कुनै खास कारण नभए पनि नामको पछाडि जात र थर राख्न मन नलागेर उपनाम राखिएको भन्ने उनी स्वयम्‌को स्वीकारोक्ति रहेको पाइन्छ । ( काफ्ले, 'मनु ब्राजाकीको गजलकारिता', २०६३ : पृ.६ )

### २.१.२ बाल्यकाल र शिक्षादीक्षा

सम्पन्न परिवारका सदस्य भएकाले ब्राजाकीको बाल्यकाल सुखसयलका साथ व्यतित भएको थियो । उनको लामो बाल्यकालीन समय औरहीमा नै बितेका थियो । ३/४ वर्षको उमेरदेखि नै बुबाआमाभन्दा हजुरबुबाका संरक्षणमा हुर्केका ब्राजाकीको बाल्यकाल औरही, जनकपुर र बनारससमा बितेको थियो । ( पोखरेल, मनु ब्राजाकीको जीवनी, व्यक्तित्व र कृतित्व, २०४९,पृ.१ )

मनु ब्राजाकीको अक्षरारम्भ तराईको प्रचलनअनुसार ब्राह्मण उपाध्यायका माध्यमबाट नभएर एक जना क्षत्रीय ठाकुर नगनारायणसिंहबाट भएको थियो । यी व्यक्ति भारतीय नागरिक भए पनि औरहीमा आयुर्वेद चिकित्सकका रुपमा काम गर्न आएका थिए । ब्राजाकीले

उनीबाट प्रारम्भिक शिक्षा आर्जन गरेका हुन् । सात वर्षको उमेरमा जनकपुर बाह्रबिघा पश्चिमपट्टिको मौनी बाबाको कुटीमा दोस्रो कक्षाको अध्ययनका लागि भर्ना भए र एक वर्ष अध्ययन गरेपछि हजुरबुबासँग बनारस गए । त्यहाँ हरिश्चन्द्र हाइस्कुलको तेस्रो कक्षामा अध्ययन गर्न थाले । ( पोखरेल, पूर्ववत्, पृ.३ ) त्यहाँ शिक्षकबाट नेपाली राष्ट्रिय गान गाउन लाग्दा साथीहरुबाट नराम्रो र हेय व्यवहार हुन थालेपछि उनको ध्यान कक्षामा कम र वाचनालयतिर र पुस्तकालयतिर बढी हुन थाल्यो ।

काशीवासकै अवधिमा सन् १९६४ मा हजुरबुबाको देहवसानपश्चात् यिनी नेपाल फर्किए । पोखराको मल्टी पर्पोज हाइस्कुलमा भर्ना भएर पढ्न थालेका ब्राजाकीले टेष्ट परीक्षाको नेपाली विषयको परीक्षामा सम्पूर्ण समय एउटा कविताको व्याख्याविश्लेषणमा खर्चिएर अनुत्तीर्ण भए । त्यसपश्चात् जनकपुर आएर सरस्वती माविमा अध्ययन गर्न थाले । त्यसै विद्यालयबाट वि.सं. २०१९ मा एस.एल.सी. उत्तीर्ण गरे । एस.एल.सी.उत्तीर्णपश्चात् रा.रा.ब. क्याम्पस, जनकपुरमा आई.ए.भर्ना भए तापनि उक्त तहको अध्ययन पुरा नगरी उनले पढाइ छाडेको देखिन्छ । यसरी मनु ब्राजाकीको औपचारिक अध्ययनको यात्रा समापन भएको देखिन्छ । ( पोखरेल, पूर्ववत्, पृ.४)

### २.१.३ सम्मान तथा पुरस्कार

नेपाली साहित्यका क्षेत्रमा पुर्‍याएको उनको कदरस्वरुप विभिन्न साहित्यिक सम्मान तथा पुरस्कारहरु मनु ब्राजाकीलाई प्रदान गरिएको छ । हालसम्म उनले प्राप्त गरेका सम्मान तथा पुरस्कारहरु निम्न छन् :

(क) साहित्यिक पत्रकार संघले प्रदान गरेको ‘मैनाली कथा पुरस्कार’ (२०३९)

(ख) ‘तिम्री स्वास्नी र म’ का लागि साझा प्रकाशनले प्रदान गरेको ‘साझा पुरस्कार’ (२०४६)

(ग) पद्मानन्द ट्रष्ट, जनकपुरले प्रदान गरेको ‘गङ्गालक्ष्मी पुरस्कार’ (२०४७)

(घ) ‘भविष्य यात्रा’ का लागि प्रदान गरिएको ‘सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कार’ (२०५१)

(ङ) आख्यान नाटकका लागि प्रदान गरिएको ‘महाकवि देवकोटा पुरस्कार’ (२०६९)

(च) ‘अन्नपूर्णाको भोज’ कथासङ्ग्रहका लागि ‘पद्मश्री पुरस्कार’ (२०७०)

(छ) नेपाल साहित्य गुठीले प्रदान गरेको वि.सं.२०५० सालको ‘गोपालप्रसाद रिमाल सम्मान’

(ज) वि.सं. २०६२ को ‘शङ्कर कोइराला स्मृति सम्मान’

## २.१.४ प्रकाशित कृतिहरु

मनु ब्राजाकीको पहिलो रचना वि.सं. २०१९ मा **अञ्चल सन्देश**मा कथा प्रकाशित भएको थियो । नेपाली साहित्यमा मनु ब्राजाकीले विभिन्न विधामा कलम चलाएका छन् । उनका हालसम्म प्रकाशित कथा तथा गजल सङ्ग्रहका पुस्तकाकार कृतिहरु निम्नानुसार छन् :

(क) कथासङ्ग्रहहरु **अवमूल्यन** (२०३८)

**आकाशको फल** (२०४२)

**तिम्री स्वास्नी र म** (२०४६)

**भविष्य यात्रा** (२०५२)

**पारदर्शी मान्छे** (२०६०)

**अन्नपूर्णाको भोज** (२०७०)

**मनु ब्राजाकीका लघुकथा** (२०७०) ।

(ख) गजलसङ्ग्रह **गजल गङ्गा** (२०५१)

**काँडाका फूलहरु** (२०५६)

**के हेरेको ए जिन्दगी**( ? ) ।

(ग) निबन्धहरु **के हाम्रो संस्कृति चोखो छ ?** (२०२५)

**कुमुद देवकोटा एक सम्झना**

**नोबेल पुरस्कार र जोसेफ ब्रोड्स्की**

**जनता साझा स्वास्नी** (२०४९)

**फोहोरमैलाको कन्टेनरमा के छ ?** (२०५०)

**नेपालको समर्थन भारतको विरोध होइन** (२०५१)

## २.१.५ मृत्यु

नेपाली साहित्याकाशका उज्ज्वल नक्षत्रको वि.सं. २०७४ माघ १९ गते शुक्रबार बिहान मृत्यु भयो । ७५ वर्षको उमेरमा पाटन अस्पतालमा उपचारका क्रममा उनको निधन भएको थियो । उनको भौतिक शरीर आज हाम्रो सामु नभए पनि उनका कृतिहरुका माध्यमबाट मनु ब्राजाकी सदा अमर रहने छन् ।

## २.२ मनु ब्राजाकीको रचनाधर्मिता

मनु ब्राजाकीलाई नेपाली साहित्यका क्षेत्रमा मूलतः कथाकार र त्यसपछि गजलकारका रुपमा चिन्ने गरिन्छ । कथाकार र गजलकारका रुपमा ख्याति कमाएका भए पनि साहित्यका अन्य विधाहरु कविता, उपन्यास, निबन्ध, यात्रासंस्मरण आदिमा पनि उनले कलम चलाएका छन् । यसप्रकार विधागत विविधतामा प्रवेश गरेर सबै विधामा आफ्नो उपस्थितिलाई दर्शाउन सक्नु उनको रचनाधर्मिताको मूल वैशिष्ट्य हो ।

### २.२.१ गजलकार

मनु ब्राजाकी आधुनिक गजललेखनका विशिष्ट प्रतिभा हुन् । कृष्णप्रसाद पोखरेल र विमल अधिकारीले ब्राजाकीको गजललेखनको औपचारिक यात्रा वि.सं. २०२१ बाट प्रारम्भ भएको हो भनेका छन् । (कृष्णप्रसाद पोखरेल,पूर्ववत् पृ.१७/विमल अधिकारी, 'सामाजिकताका दृष्टिले भविष्ययात्रा सङ्ग्रहभित्रका कथाहरुको विवेचना', अ.प्र.स्नातकोत्तर शोधपत्र, त्रिवि, आर.आर क्याम्पस, (२०६०) । ब्राजाकीले भने २०४० देखि आफ्नो औपचारिक गजललेखन यात्रा सुरु भएको जानकारी दिएका थिए । ( काफ्ले, पूर्ववत्,पृ.१०) वि.सं. २०४२ पूर्व उनका गजलहरु प्रकाशित भएको देखिँदैन । त्यसैले २०४२ मा 'रचना'मा प्रकाशित 'उतैतिर भाग्दो रहेछु' शीर्षकको रचना नै उनको पहिलो प्रकाशित गजल ठहर्छ ।(ब्राजाकी मनु, **उतैतिर भाग्दो रहेछु,** रचना,वर्ष१,अङ्क २,पृ.१५ (२०४२) उक्त रचना **गजल गङ्गा**मा **जतिपटक मागे पनि** शीर्षकमा रहेको छ । हालसम्म उनका प्रकाशित पुस्तकाकार गजलकृतिहरु निम्न छन् :

(क) **गजल गङ्गा** (२०५१)

(ख) **काँडाका फूलहरु** (२०५६)

(ग) **के हेरेको ए जिन्दगी** ( ? ) ।

**गजल गङ्गा** मनु ब्राजाकीको प्रथम गजल सङ्ग्रह हो । यसमा २०२१ सालदेखि २०४८ सालसम्मका ८९ वटा गजलहरु सङ्ग्रहीत छन् । यसमा वर्तमान मान्छेका जीवन भोगाइलााई मूर्तरुप दिएका छन् । उनले समाजमा व्याप्त विकृति विसङ्गतिप्रति तीखो व्यङ्ग्य गर्नुका साथै नेपाली राजनीतिमा देखिएको अस्तव्यस्ततालाई स्वनिर्मित लयमा गजलमा समेट्ने प्रयास गरेका छन् ।

उनको दोस्रो गजल सङ्ग्रह **काँडाका फूलहरु** हो । यस गजल सङ्ग्रहमा वि.सं. २०३९ देखि २०५५ सम्म लेखिएका ९८ गजलहरु सङ्कलित छन् । यस सङ्ग्रहका गजलहरुमा व्यक्तिगत प्रेम, करुणा, देशप्रेम, समाजका विकृति विसङ्गतिप्रतिको तिखो व्यङ्ग्यका साथै सम्भावित युद्धको भयलाई समेट्ने प्रयास गरिएको छ । यसमा यथार्थवादी प्रवृत्ति देखिन्छ भने प्रगतिवाद उनका गजलको प्रमुख पक्ष रहेको देखिन्छ ।

## २.२.२ कथाकार

मनु ब्राजाकी मूलतः कथाकार हुन् । उनको कथालेखनको सुरुवात २०१६ सालमा पोखराको पल्टिपर्पोज हाइस्कुलमा पढ्दादेखि भएको हो । प्रकाशनका दृष्टिले जनकपुरको तत्कालीन अञ्चल पञ्चायतले निकाल्ने 'अञ्चल सन्देश' पत्रिकामा 'भर्याङ' नामक रचना छापिएको र त्यही नै पहिलो कथा मानिएको छ । कथा सङ्ग्रहकै रुपमा भने २०३८ सालदेखि मात्र उनका रचना पाठकसामु आएका छन् । ( काफ्ले, पूर्ववत्,पृ.१३ ) । हालसम्म उनका प्रकाशित कथासङ्ग्रहहरु निम्न छन् :

**अवमूल्यन** (२०३८)

**आकाशको फल** (२०४२)

**तिम्री स्वास्नी र म** (२०४६)

**भविष्य यात्रा** (२०५२)

**पारदर्शी मान्छे** (२०६०)

**अन्नपूर्णाको भोज** (२०७०)

**मनु ब्राजाकीका लघुकथा** (२०७०) ।

सरल, परिष्कृत र परिमार्जित भाषाशैलीका माध्यमबाट वर्तमान अवस्थामा विद्यमान रहेका विकृति, विसङ्गति, समाजमा देखिने गरेको विषम व्यवहार, आधुनिक संस्कृतिले ल्याएको नयाँपन, ह्रास हुँदै गएको मानव चरित्र, मूल्यहीन मानव जीवन आदिलाई यथार्थका आधारमा उद्घाटन गर्न सक्षम हुनु  नै ब्राजाकीको कथाकार व्यक्तित्वको खास विशेषता हो ।

## २.२.३ कवि

मनु ब्राजाकी कवि पनि हुन् । वि.सं. २०२७ मा प्रकाशित **फिल्मी कथा सङ्क्षेप युगको पर्दामा** ब्राजाकीको प्रथम प्रकाशित कविता हो । यसका साथै उनका अन्य प्रकाशित कविताहरु **तर सार छैन केही, दुई गीत, चिडियाखाना,** र **फुटपाथ काँधमा हालेर हिँड्दा** लगायतका पाँच वटा कविताहरु प्रकाशित छन् । ( खनाल, पूर्ववत्, पृ.१० ) ।

ब्राजाकीका कविताहरुमा विश्व परिवेशमा देखिएका विकृति, विसङ्गति र धर्मका नाममा हुने गरेका हिंसात्मक र उच्छृङ्खल कार्यहरुको चित्रण गर्दै त्यस्ता कार्यहरुको अन्त्य हुनुपर्ने भाव व्यक्त भएका छन् । सरल शब्दशैयामा सजिएका उनका कवितामा कुशलताका साथ बिम्ब र प्रतीकहरुको प्रयोग भएको छ ।

## २.२.४ गीतकार

मनु ब्राजाकीले गीत पनि लेखेका छन् । तसर्थ उनमा गीतकार व्यक्तित्व पनि भेट्न सकिन्छ । उनले २०२१ सालदेखि २०४४ सालसम्म लेखेका पन्ध्र गीतहरुको सङ्गालो गीतको भङ्गालो प्रकाशित गरेका छन् । (मनु ब्राजाकी,गीतको भङ्गालो, गजलगङ्गा, पृ.९४-१०८) ।

मूल रुपमा प्रेममा छट्पटिएका व्यथित प्रेमी र प्रेमिकाको जीवनभोगाइ, आर्थिक अभाव, सामाजिक विकृति विसङ्गति आदि भावलाई श्रुतिमधुर र सौन्दर्यमूलक ढङ्गले अभिव्यक्त गर्न सक्नु नै उनको गीतकार व्यक्तित्वको महत्तम पक्ष हो । ( पोखरेल, पूर्ववत्, पृ.२१ ) ।

## २.२.५ निबन्धकार

मनु ब्राजाकी निबन्धकार र प्रबन्धकारका रुपमा पनि परिचित नाम हो । वि.सं. २०२५ मा प्रकाशित **के हाम्रो संस्कृति चोखो छ** ? शीर्षकको निबन्ध नै उनको पहिलो प्रकाशित निबन्ध हो । ( मनु ब्राजाकी, के हाम्रो संस्कृति चोखो छ ?, २०५५,पृ.५-१५ )। उनका संस्मरण लेखहरु पनि निबन्धकै संरचनासँग मिल्ने भएकाले संस्मरण र लेखलाई पनि निबन्धअन्तर्गत नै राखेर हेर्न सकिन्छ । मनुले साथीको सम्झनामा **कुमुद देवकोटा एक सम्झना**, सार्त्रले नोबेल पुरस्कार नलिएर साहित्यकारको गरिमा बढाएको प्रसङ्गमा लेखिएको **नोबेल पुरस्कार र जोसेफ ब्रोडस्की,** भारतीय नक्कली डाक्टरप्रति व्यङ्ग्य गरिएको **अङ्ग्रेजी डागदर बाबु,** इन्द्रबहादुर राई र ब्राजाकीको आर्थिक अवस्था तुलना गरिएको **दार्जिलिङको पाशिङ शो र चारमिनारको भेटघाट,** ब्राजाकीको जीवनसँग सम्बन्धित भएको **राँढ साँढ सिँढी सन्यासी**, विश्वमा भएको औद्योगिक क्रान्तिलाई मात्र क्रान्ति मानिएको **समग्र क्रान्तिको भावभूमि** जस्ता निबन्धहरु प्रकाशित छन् । विचार नै तिम्रो शत्रु हो, असामान्य साहित्कारहरुको असामान्य लेखन प्रक्रिया, एउटा बदनाम सर्प निबन्धहरु विभिन्न साहित्यिक पत्रिकाहरुमा प्रकाशित छन् । ( अधिकारी, पूर्ववत्, पृ.३०) ।

खासगरी देशमा भएको कलुषित वातावरण र दुर्बलताप्रति व्यङ्ग्य गर्दै वर्तमान संस्कृतिमा भइरहेको परिवर्तन, जीवनभोगाइ, यात्राका क्रममा देखेभोगेका घटनाहरु, बौद्धिक चिन्तन र विविध पक्षमा आफ्नो दृष्टिकोण लगायतका विविध पक्षमा सरल, स्पष्ट, लाक्षणिक भाषाशैलीका माध्यमबाट निबन्धात्मक अभिव्यक्तिलाई अघि बढाउनु नै उनको निबन्धकार र प्रबन्धकार व्यक्तित्वको खुबी हो ।

## २.२.६ अन्य व्यक्तित्व

माथि उल्लिखित बाहेक मनु ब्राजाकीका अन्य व्यक्तित्वहरु पनि रहेका छन् । उनी समालोचकका रुपमा पनि चर्चित छन् । त्यस्तै पत्रकारका रुपमा पनि मनुले छुट्टै व्यक्तित्व निर्माण गरेको देखिन्छ । चित्रकार तथा अनुवादकका रुपमा पनि मनु ब्राजाकीको व्यक्तित्व सुस्पष्ट रुपमा देखापरेको पाइन्छ । त्यस्तै पत्रकारिताअन्तर्गत स्थायी स्तम्भकारका रुपमा पनि उनले कार्य गरेको र आफ्नो व्यक्तित्वलाई अझ निखारेको देखिन्छ ।

### २.२.७ निष्कर्ष

साहित्य साधनामा लाग्नका लागि हजुरबुबाबाट प्रेरणा पाएका मनु ब्राजाकीले विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यक्तित्वहरुबाट समेत प्रेरणा हासिल गरी साहित्यका विविध विधामा कलम चलाएको देखिन्छ । प्रायः अधिकांश विधामा कलम चलाएको भए तापनि उनले विशिष्टता हासिल गरेको विधा कथा हो । कथापश्चात् उनको अर्को उल्लेखनीय सफलता हासिल गरेको विधा गजल नै हो । यसर्थ मनु ब्राजाकी कथाकार पछि मूलतः गजलकार नै हुन् ।

# परिच्छेद : ३ (तीन)

# गजलको सैद्धान्तिक परिचय

## ३.१ गजलको व्युत्पत्ति

'गजल' अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो । विशेषतः अरबीमा यसको अर्थ 'प्रेमिकासँगको संवाद वा भलाकुसारी' हुन्छ । यसै कारण गजलमा प्रणयका कुरा कुनै न कुनै रुपमा उठेका हुन्छन् । यहाँ प्रेमिकाको सन्दर्भ, त्यो पनि प्रेमालाप सन्दर्भ उठ्नेबित्तिकै के अनुमान गर्न सकिन्छ भने गजलमा शब्दगत सरलता, हार्दिकता, समर्पण, त्याग, भावको गहिराइजस्ता सारा कुराहरु हुनुपर्छ । ( देवी नेपाल र अन्य,गजल कसरी लेख्ने ?, काठमाडौंः ऐरावती प्रकाशन, २०६६ : पृ.३ ) ।

गजलको व्युत्पत्तिका सम्बन्धमा मनु ब्राजाकीका अनुसार ग+ज+अल पदहरुको यौगिक विधानबाट गजल शब्दको व्युत्पादन भएको हो । अरबी भाषामा ग को अर्थ वाणी, ज को अर्थ नारी र अल को अर्थ को वा सँग हुन्छ । त्यसैले गजलको अर्थ नारीसँगको बोलचाल वा नारीसँगको संवाद भन्ने बुझिन्छ । ( न्यौपाने'परिश्रमी',गजल सौन्दर्य मीमांसा, २०६४ : पृ.५ ) । गजल शब्दको व्युत्पत्ति 'गजाला' बाट भएको हो भन्ने मान्यता पनि छ । अरबीमा गजालको अर्थ हरिण हुन्छ । हरिणको शावकलाई गजला भनिन्छ । सिकारीको तीरले घायल भएको गजाला अर्थात् मृगशावकको सुरिलो स्वरलाई गजल भनिएको हो भन्ने भनाइ यस मान्यताका पक्षधरहरुको छ । ( न्यौपाने'परिश्रमी', पूर्ववत् : पृ.५ ) ।

यसरी गजल शब्द अरबी भाषाबाट आएको भए तापनि अरबीमा गजल लेखिएको जानकारी पाइँदैन । यसको प्रारम्भिक लेखन फारसीबाट आरम्भ भएको स्वीकारिन्छ । ( बराल, गीत सिद्धान्त र इतिहास, २०६० : पृ.३१६)।

## ३.२ गजलको शाब्दिक अर्थ

गजलको व्युत्पत्तिका आधारमा यसको शाब्दिक अर्थ प्रेमिका वा स्त्रीसँगको कुराकानी, स्त्रीको वाणी, प्रेमिकाका विषयमा कुराकानी, प्रणयवार्ता, यौवना नारीको वर्णन गर्नु, प्रेमको भावना व्यक्त गर्नु आदि हुन्छ । यसको पुरातन साहित्यिक अर्थले भने प्रणयविषयक काव्यको एक प्रभावकारी विधा वा भेदलाई बुझाउँछ ।

## ३.३ गजलको कोशीय अर्थ

गजललाई अर्थ्याउने क्रममा विभिन्न शब्दकोशका अर्थ हेर्नु पनि बढी सान्दर्भिक हुन्छ । यस कार्यले गजलको अर्थ स्पष्ट बनाउन मद्दत मिल्दछ । विभिन्न शब्दकोशमा भएका गजलका अर्थहरुलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

**नेपाली बृहत् शब्दकोश**का अनुसार 'विशेषतः प्रेमका विषयमा शृङ्गार रसका कविता लेखिने एक प्रकारको फारसी छन्द वा त्यस्तै छन्दमा लेखिएको कविता' भनेर गजललाई चिनाएको छ ।

**नेपाली शब्दसागर** (वसन्तप्रकाश शर्म्मा नेपाल) का अनुसार शृङ्गार वा प्रेमप्रसङ्गको कविता, कुनै छन्दबद्ध नभई अन्तिम तुक मात्र हुने श्रृङ्गारिक कविता गजल हो ।

**प्रयोगात्मक नेपाली शब्दकोश** (प्र.सं हेमाङ्गराज अधिकारी) का अनुसार प्रेमलाई विषय बनाएर लेखिने एक प्रकारको कविता, श्रृङ्गारिक कविता, फारसी छन्दको एक प्रकारको कविता गजल हो ।

**उर्दू हिन्दी शब्दकोश** का अनुसार गजलको अर्थ यसरी लगाइएको छ : प्रेमिकासँग कुराकानी, उर्दू फारसी कविताको एक प्रकार विशेष, जसमा प्रायः पाँचदेखि एघार शेर हुन्छन् । सबै शेर एकै प्रकारका रदिफ र काफियामा हुन्छन् र हरेक शेरको कथ्य विषय फरक फरक हुन्छ ।

## ३.४ गजलको परिभाषा

गजल उर्दूको सर्वश्रेष्ठ, अद्भूत र सशक्त काव्य विधा हो । यसको जन्म फारसी भाषामा भएको हो, फेरि उर्दू भाषीले यसलाई अपनाए र यसले भारतमा आएर रचनात्मक स्वरुपको शिखरबिन्दुलाई छुन पुग्यो । गजल अधिक लोकप्रिय भएर हिन्दी र नेपाली लगायत अन्य भाषामा पनि यसको सहज प्रभाव परेको पाइन्छ । गजललाई चिनाउने सन्दर्भमा विभिन्न गजलकार तथा अन्य व्यक्तित्वहरुले यसलाई परिभाषित गरेको पाइन्छ ।

मनु ब्राजाकीका अनुसार प्रणय, कामना र आन्तरिक पीडाका हार्दिक भावहरुको सन्तुलित अभिव्यक्तिलाई गजल भनिन्छ ।

ललिजन रावलका अनुसार कोमल र हार्दिक भावको सशक्त र सङ्क्षिप्त अभिव्यक्ति नै गजल हो ।

बूँद रानाका अनुसार विचार, भाव र लयको सन्तुलित अभिव्यक्तिलाई गजल भनिन्छ ।

डा.घनश्याम परिश्रमीका अनुसार एउटा प्राविधिक र शास्त्रीय काव्य, कविता र गीतको अविभाज्य विलयन एवम् जीवन र जगत्को हरेक पक्षको प्रतिबिम्ब देखाउने ऐना गजल हो ।

डा.कृष्णहरि बरालका अनुसार भाव, कल्पना, बिम्ब तथा प्रतीक आदिको प्रयोग गरिने काव्य गजल हो ।

हिन्दीका सुप्रसिद्ध समालोचक डा. नगेन्द्रका अनुसार गजल उर्दूको सर्वाधिक प्रसिद्ध र सरस भेद हो । यसको स्थायी भाव प्रेम हो जसमा रहस्यानुभूति, मस्ती, मदिरापानको मजा, धार्मिक विद्रोह आदि भावनाहरु सञ्चारी रुपमा ओतप्रोत हुन्छन् । विषय अनुरुप यसको एक विशिष्ट काव्यरुप पनि छ जुन मतला, मक्ता, जिरह, काफिया र रदिफमा परिपक्व रहन्छ ।

डा.नरेशका अनुसार गजल काफिया, रदिफको बन्धनमा रहेर एक लयखण्डमा रचिएको विभिन्न शेरहरुको माला हो, जसको पहिलो शेर मतला र अन्तिम शेर मकता हुन्छ ।

रवि प्राञ्जलका अनुसार भावको पूर्णता, कोमलता, हार्दिकता, सङ्क्षिप्तता, अभिव्यक्ति कुशलता जस्ता  तत्वहरुले युक्त निश्चित संरचना, लय र सङ्गीतको जगमा अडिएको काव्य विधालाई गजल भनिन्छ ।

## ३.५ गजलको स्वरुप

गजलको व्यत्पत्ति, अर्थ र परिभाषाहरुको आधारमा निष्कर्षतः गजलको स्वरुपलाई निम्न बुँदामा प्रस्तुत गर्न सकिन्छ :

(क) गजल एक स्वतन्त्र र सशक्त काव्य विधा हो ।

(ख) यसको आरम्भ मतलाबाट र अन्त्य मक्ताबाट हुन्छ ।

(ग) यो शेरहरुको मेलबाट बन्दछ । यसर्थ यसलाई शेरहरुको माला अर्थात् शेरहरुको समष्टि रुप भनिएको छ ।

(घ) यो कुनै न कुनै बहरमा आबद्ध हुन्छ ।

(ङ) यसमा शब्दको मितव्ययिता अपनाइएको हुन्छ ।

(च) यसमा मतला, मक्ता, काफिया, रदिफ, शेर, मिसरा, बहर, वजन आदि संरचक तत्वहरु रहेका हुन्छन् ।

(छ) यसमा कम्तीमा पाँच र बढीमा एघार शेर हुनुपर्छ ।

## ३.६ गजलको संरचना र तत्वहरु

साहित्यका कुनै पनि विधाको स्वतन्त्र पहिचानका लागि निश्चित केही तत्वहरु हुन्छन् । गजलका पनि आफ्नै बाह्य र आन्तरिक तत्वहरु छन् । यिनै तत्वहरुले गजलको स्वरुपलाई कविता र गीतभन्दा भिन्न तुल्याएका हुन्छन् । गजललाई शिल्पका माध्यमबाट स्पष्ट रुपमा चिनाउने र पृथक रुप दिने केही अनिवार्य बाह्य तत्वहरु छन् जुन प्रमुख तत्व मानिन्छन् । यस्ता तत्वहरुको चर्चा निम्नानुसार गरिएको छ ।

**(क) सेर**

सेर अरबी शब्द हो । यसको अभिधा अर्थले केश अर्थात् कपाललाई बुझाउँछ । गजलका सन्दर्भमा भने सेर एउटा अपरिहार्य तत्व वा उपकरण हो । गजल भनेको नै सेरहरुको समष्टि रुप हो । गजल माला हो भने सेरहरु त्यसमा उनिएका विविध किसिमका फूलहरु हुन् । ( न्यौपाने परिश्रमी, पूर्ववत्, पृ.२९ ) । गजलका दुई हरफहरुलाई सेर भनिन्छ । गजलमा सेर यति नै हुनुपर्छ भन्ने छैन । न्यूनतम तीन सेरदेखि माथि बाइस सेरसम्मका गजलहरु रचिएका छन् । तापनि पाँच सेरमा रचित गजल उत्कृष्ट मानिन्छ । ( नेपाल र अन्य, पूर्ववत्, पृ.२६ ) । हरेक सेरहरु आफैँमा पूर्ण र स्वतन्त्र हुनुपर्छ भन्ने मान्यता प्रचलनमा रहेको छ ।

सेरको प्रथम वा माथिल्लो पङ्क्तिलाई मिसरा ए उला भनिन्छ । त्यस्तै द्वितीय वा तल्लो पङ्क्तिलाई मिसरा ए सानी भनिन्छ । हरेक सेरको मिसरा ए उलाले कुनै विषयको उपस्थापन गर्दछ भने मिसरा ए सानीले त्यसलाई निरुपणसहित पुष्टि गर्दछ । पृथक पृथक विषयवस्तुमा संरचित सेरहरु भएको गजललाई गैरमुसलसल गजल र एउटै विषयवस्तुका सेरहरु भएको गजललाई मुसलसल गजल भनिन्छ ।

**(ख) काफिया**

काफिया अरबी भाषाको शब्द हो । यसले बारम्बार आउने भन्ने अर्थ दिन्छ । यो गजलको अनिवार्य तत्व हो । गजलमा यसको सर्वाधिक महत्व रहन्छ । काफियाविना गजल बन्नै सक्दैन । यसलाई गजल रुपी शरीरको मुटुका रुपमा लिइन्छ । यस अर्थमा काफिया गजलको विधागत पहिचानको एउटा महत्वपूर्ण तत्व पनि हो । काफिया गजलको शक्ति हो ।

काफिया मिल्दैमा सबै रचना गजल बन्न सक्दैन । गजलकारका अन्तःकरणबाट स्वतःस्फूर्तरुपमा काफियाको शुद्ध र समुचित प्रयोगले नै गजललाई जीवन्त बनाएको हुन्छ । काफियामा स्वरमात्राको समता हुनुपर्दछ । ( न्यौपाने,पूर्ववत्, पृ.३३ ) । सेरहरुमा भरसक काफियाको पुनरावृत्ति नहुनु राम्रो मानिन्छ । गजलमा काफियाको प्रयोग प्रारम्भमा दुवै हरफमा हुन्छ । त्यसपछाडि भने सेरको हरेक दोस्रो हरफमा मात्र हुन्छ । काफिया प्रयोगका दृष्टिले गजलको स्वरुप यस्तो हुन्छ :

कक खक गक घक ङक ( नेपाल र अन्य, पूर्ववत्, पृ.१० )

विभिन्न गजलकारले काफियाको रुपमा प्रयोग गरेका शब्दको बनोट, स्वर र स्वर वा व्यञ्जन वर्णका आधारमा काफियालाई निम्नप्रकारमा विभाजन गर्न सकिन्छ :

पूर्ण काफिया

आंशिक काफिया

मिलित काफिया

एकाक्षरी काफिया ।

**(ग) रदिफ**

रदिफ अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो । यसको शाब्दिक अर्थ घोडा वा उँटमा पछाडि बसेको व्यक्ति भन्ने हुन्छ । गजलमा काफियाभन्दा पछाडि आउने शब्द नै रदिफ हो । मतलाका दुबै मिसरा र अन्य सेरहरुका मिसरा ए सानीको अन्त्यमा प्रयोग हुने उही पद, पदावली वा अक्षर समूहलाई रदिफ भनिन्छ । ( काफ्ले, पूर्ववत्, पृ.२९ ) । काफिया र रदिफ दुबैको मञ्जुल समन्वितिले गजललाई आकर्षक र सुमधुर बनाएको हुन्छ । रदिफ कम्तीमा एक शब्ददेखि तीन शब्दसम्मका हुनु शास्त्रीय दृष्टिले उचित मानिन्छ । तर तीन शब्दभन्दा बढीका रदिफका रुपमा प्रयोग भएका गजलहरु पनि पाइन्छन् । रदिफ काफियाको ठीक पछाडि प्रयोग हुन्छ । ( न्यौपाने, पूर्ववत्, पृ.४७ ) । शब्द प्रयोगका आधारमा रदिफलाई एकल रदिफ र बहुल रदिफ गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । त्यस्तै रदिफको प्रयोगका आधारमा गजल मुरद्दफ गजल अर्थात् र दिफ प्रयोग भएको गजल र गैरमुरद्दफ गजल अर्थात् रदिफ प्रयोग नभएको गजल गरी दुई प्रकारको हुन्छ ।

**(घ) मतला**

मतला अरबी भाषाको पुलिङ्गी शब्द हो । यसको अर्थ प्रारम्भ वा सुरुवात भन्ने हुन्छ । तसर्थ मतला भनेको गजलको प्रारम्भ हो अर्थात् गजलको प्रथम सेर वा पहिला दुई हरफलाई मतला भनिन्छ । गायकले गजल गाउँदाखेरि प्रत्येक सेरपछि मतलाको पुनरावृत्ति गर्दछन् जसबाट एकप्रकारको श्रुतिमधुरता र झङ्कारमयता प्रकट हुन्छ । ( बराल, पूर्ववत्, पृ.३१७ ) । यसर्थ काफिया र रदिफ दुवै मिसरामा सन्तुलित रुपमा प्रयोग भएको मतला हुनु गजलका लागि आवश्यक नै ठान्नु उपयुक्त हुन्छ ।

**(ङ) मक्ता**

गजलको अन्तिम सेरलाई मक्ता भनिन्छ । अरबीमा समापन वा समाप्तिलाई मक्ता भनिन्छ । गजलका सन्दर्भमा मक्ता भन्ने बित्तिकै गजलको समाप्तिको सेर भन्ने बुझिन्छ । कतिपय लेखकहरुले जुन सेरमा तखल्लुस प्रयोग भएको छ त्यसलाई मात्र मक्ता भनेको पाइए पनि मक्ताको अर्थ नै अन्त्य भएकाले तखल्लुस प्रयोग भए पनि नभए पनि गजलको अन्तिम सेरलाई मक्ता भनिन्छ । नेपालीमा मक्ताको पर्यायका रुपमा अन्तिम शेर शब्दको प्रयोग बढी भएको पाइन्छ ।

**(च) तखल्लुस**

स्रष्टाले गजलमा आफूलाई सङ्केत गर्ने नाम वा उपनाम प्रयोग गर्न सक्छ । गजलमा प्रयोग गरिने स्रष्टाको यही नाम वा उपनामलाई नै तखल्लुस भनिन्छ । तखल्लुस गजलको अनिवार्य तत्व नभएर ऐच्छिक तत्वका रुपमा रहेको हुन्छ । तखल्लुस विशेषतः मक्तामा प्रयोग गरिन्छ । तखल्लुसको प्रयोग गर्दा द्वैध अर्थ आउने गरी प्रयोग गर्नुपर्छ । ( नेपाल र अन्य, पूर्ववत्, पृ.२३ ) ।

तखल्लुसको प्रयोग मूलतः अर्थको चमत्कारका लागि तथा कुन गजलकारको रचना हो भनेर चिनाउनका लागि गरिएको हुन्छ । तखल्लुस गजलको मात्रै तत्व पनि होइन । यसको सुन्दर प्रयोग तुलसीदास, कबीरदास, रहीम आदिले आफ्ना दोहाहरुमा पनि गरेका छन् । ( न्यौपाने, पूर्ववत्, पृ.५८ ) । गजलको मक्ता अर्थात् अन्तिम सेरमा तखल्लुसको प्रयोगलाई अनिवार्य परम्पराका रुपमा प्रवर्तन गर्ने काम भारतमा मुगल आक्रमणपश्चात् भएको हो भनिन्छ । खासगरी मुसायरामा गजल सुनाउने क्रममा कतिपय गजलकारहरुले अर्कै गजलकारका गजलहरु सुनाउने गरेको पाइएपछि यसलाई रोक्नका निम्ति तखल्लुस प्रयोग गर्ने परम्परा सुरुवात भएको हो भन्ने भनाइ पनि छ । उत्तरवर्ती गजलकारहरुले भने यस अनिवार्य परम्परालाई नियमितता दिएनन् । ( न्यौपाने, पूर्ववत्, पृ.५८ ) ।

तखल्लुसको उदाहरण मनु ब्राजाकीको तलको सेरबाट प्रस्तुत गरिएको छ :

तिमीलाई रिझाउने यिनै छन्द मात्र होलान्

छन्दोबद्ध भएपछि **मनु** झन् उदास भएछ

**(छ) मिसरा**

सेरका हरेक पङक्तिलाई मिसरा भनिन्छ । मिसराहरुको उचित संयोजनमा एउटा सेर पूर्ण बन्छ । गजलमा समेटिने विभिन्न खालका भावहरुलाई मिसराले उचित संयोजन गरेका हुन्छन् । गजलको सेरमा प्रयुक्त पहिलो हरफलाई मिसरा ए उला भनिन्छ । यसको काम भनेको गजलमा कुनै कुराको उठान गर्नु हो । गजलको सेरमा प्रयुक्त दोस्रो हरफलाई मिसरा ए सानी भनिन्छ । यसको काम भनेको मिसरा ए उलाले उठान गरेको कुरालाई पूर्णता दिनु हो ।

**(ज) बहर**

बहर भनेको छन्द हो । बहर अरबी स्त्रीलिङ्गी शब्द हो । गजल संरचनार्थ यो अपरिहार्य तत्व मानिन्छ । कुनै न कुनै छन्दमा बन्धित हुनु गजलको शास्त्रीय मान्यता हो । वस्तुत बहर गजलको सर्वोच्च अनुशासन हो । संस्कृत वाङ्मयमा अनेकानेक वार्णिक र मात्रिक पिङ्गल छन्दहरु भएझैं इस्लामिक काव्यशास्त्रमा पनि वर्णमात्रामा आधारित अनेक शास्त्रीय बहरहरु

छन् । ( न्यौपाने, पूर्ववत्, पृ.६० ) । गजल मूलतः क्लासिक (परिष्कारपूर्ण) र टेक्निकल ( प्राविधिक) साहित्य र सङ्गीतसँग सम्बन्धित काव्यविधा हो । यसको संरचना आधुनिक गीत कविता जस्तै सहज र मुक्त शैलीमा हुन सक्दैन । ( काफ्ले, पूर्ववत्, पृ.३१ ) । बहर सम्बन्धी विस्तृत चर्चा अर्को शीर्षकमा गरिएको छ ।

**(झ) भाव**

भाव भन्नाले चिन्तन वा कल्पना तरङ्गका क्रममा मनमा उत्पन्न हुने कुनै भाव वा विचारका साथै कथन वा लेखनको मुख्य अभिप्रायलाई बुझिन्छ । ( त्रिपाठी र अन्य (सम्पा.) नेपाली बृहत् शब्दकोश, (काठमाडौँः ने.रा.प्र.प्र.२०५२) । यसको अनुपस्थितामा कुनै पनि साहित्यिक सिर्जनाको कल्पना गर्न सकिँदैन । गजल एउटा साहित्यिक सिर्जना विशेष भएकाले विषयवस्तु वा भाव यसका लागि पनि एउटा अनिवार्य घटक हो । ( वस्ती, सबेरै आएँ ( अ.प्र.सृजनापत्र) २०५३ : पृ.४ ) । आजको गजल जीवनका विविध पक्षहरु उजागर गर्न क्रियाशील रहेको छ । मानव मनका विविध भाव र विचारलाई यसले आत्मसात गरिरहेको छ । आजका गजलहरुमा भावगत विविधता पाइन्छ, जुन महत्वपूर्ण पक्ष हो ।

**(ञ) भाषाशैली**

भाषा भनेको विचार विनिमयको सशक्त माध्यम हो । मनका आशय वा विचार अरु छेउ प्रकट गर्ने सार्थक शब्द, ध्वनि वा वाक्यहरुको समूहलाई भाषा भनिन्छ । ( त्रिपाठी र अन्य, पूर्ववत्, पृ.१०११) । त्यस्तै शैलीले साहित्यिक रचनाका लेखकका व्यक्तित्व विशेषताको छाप वा विषयवस्तुका अनुकूल भाव अभिव्यक्त हुने खास ढाँचालाई बुझाउँछ । (ऐजन, पृ.१२६७ ) । गजललाई गजल बनाउने वा अन्य विधाबाट पृथक बनाउने एउटा महत्वपूर्ण तत्व यसको आफ्नै शैली पनि हो । यो काव्यकै एउटा भेद भए पनि अन्य काव्यका भेदभन्दा यसको शैली फरक हुन्छ । गजलको असली मापदण्ड प्रभावोत्पादकता हो । पाठकले आफ्नै मनका भावना व्यक्त भएको महसुस गर्ने असरदार र मौलिक शैलीले भरिएको गजललाई नै राम्रो गजल मानिन्छ ।

## ३.७ गजलका शास्त्रीय बहर

शास्त्रीय बहरमा गजल रचना गर्न रुक्न, अर्कानहरुको ज्ञानका साथै बहरहरुको समेत ज्ञान आवश्यक पर्दछ । बहरको सामान्य परिचय गजलका तत्वहरु शीर्षकमा गरिएको छ । यहाँ रुक्न, अर्कान र बहरहरुको चर्चा गरिएको छ ।

**(क) रुक्न**

रुक्न गणको पर्यायवाची शब्द हो । यसको शब्दकोशीय अर्थ खम्बा हुन्छ । संस्कृत परम्परामा पिङ्गल छन्दका लागि आठवटा गणहरु छन् । यी गणहरुलाई निम्न तालिकाबाट प्रष्ट पार्न सकिन्छ :

| गण तालिका | | | |
|---|---|---|---|
| गण | गणसङ्केत | मात्रा | उदाहरण |
| भगण | ऽ॥ | २११ गुलल | केशव |
| जगण | ।ऽ। | १२१ लगुल | किताब |
| सगण | ॥ऽ | ११२ ललगु | नगरी |
| यगण | ।ऽऽ | १२२ लगुगु | किनारा |
| रगण | ऽ।ऽ | २१२ गुलगु | माधवी |
| तगण | ऽऽ। | २२१ गुगुल | बेताल |
| मगण | ऽऽऽ | २२२ गुगुगु | वैदेही |
| नगण | ॥। | १११ ललल | कमल |

छन्दशास्त्रमा ह्रस्वलाई लघु र दीर्घलाई गुरु भनिन्छ । माथिका मात्रामा ल ले लघु र गु ले गुरु लाई बुझाएका छन् । यही नियम रुक्नहरुमा पनि लागू हुन्छ ।

रुक्नले बहर निर्माणमा भूमिका खेल्दछन् । बहरका रुक्नहरुलाई निम्नलिखित तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

| रुक्न तालिका | | | |
|---|---|---|---|
| रुक्न | सङ्केत | मात्रा | उदाहरण |
| १.मफाईलुन् | ।ऽऽऽ | १२२२ लगुगुगु | यता हेर्‍यो |
| २.मुस्तफ्इलुन् | ऽऽ।ऽ | २२१२ गुगुलगु | के के भयो |
| ३.फाइलातुन् | ऽ।ऽऽ | २१२२ गुलगुगु | आज मेरो |
| ४.फऊलुन् | ।ऽऽ | १२२ लगुगु | उज्यालो |
| ५.फाइलुन् | ऽ।ऽ | २१२ गुलगु | जिन्दगी |
| ६.मुतफाइलुन | ॥ऽ।ऽ | ११२१२ ललगुलगु | कसरी तिमी |
| ७.मुफाइलतुन् | ।ऽ॥ऽ | १२११२ लगुललगु | सुनाइरहें |
| ८.मफ्ऊलातु | ऽऽऽ। | २२२१ गुगुगुल | कालो रात |

( न्यौपाने परिश्रमी, पूर्ववत्, पृ.७०/७१ ) ।

**(ख) अर्कान**

रुक्नहरुको मेललाई अर्कान भनिन्छ । यिनै अर्कानहरुको संयोजनबाट बहरहरुको निर्माण हुन्छ । झन्डै पचासवटा बहरहरु गजल निर्माणका लागि तोकिएका छन् । गजलका सबै बहरहरुलाई मूख्यतः मुफरद बहर (मूल छन्द), मुरक्कब बहर (मिश्रित छन्द), मुजाहिफ बहर ( परिवर्तित छन्द) गरी तीन किसिमले वर्गीकरण गरिएको छ । (ऐजन, पृ.७१) ।

रुक्नहरुलाई मिलाएर बनाइने केही बहरहरु यसप्रकार छन् :

(क) हजज मफाईलुन्.४ (ISSS.४)

(ख) रजज मुस्तफ्इलुन् . ४ (SSIS.४)

(ग) रमल फाइलातुन् . ४ (SISS.४)

(घ) मुतकारिब फऊलुन् . ४ (ISS.४)

(ङ) वाफिर मुफाइलतुन् . ४ (ISIIS.४)

(च) मुतदारिक फाइलुन् . ४ (SIS.४)

(छ) कामिल रजज जस्तै

(ज) मुक्तजिब मफऊलातु मुस्तफ्इलुन् . २ (SSSI SSIS.२)

(झ) मुजारे मफाईलुन् फाइलातुन् . २ (ISSS SISS.२)

(ञ) खफीफ फाइलातुन् मुस्तफ्इलुन् फाइलातुन् (SISS SSIS SISS)

(ट) बसित मुस्तफ्इलुन् फाइलुन् . २ (SSIS SIS.२)

(ठ) मुजतस मुस्तफइलुन् फाइलातुन् (SSIS SISS)

(ड) सरीअ मुस्तफ्इलुन् मुस्तफ्इलुन् मफ्ऊलातु (SSIS SSIS SSSI)

(ढ) मुशाकिल फाइलातुन् मफाईलुन् मफाईलुन् (SISS ISSS ISSS)

(ण) जदीद फाइलातुन् फाइलातुन् मुस्तफ्इलुन् (SISS SISS SSIS)

(त) करीब मफाईलुन् मफाईलुन् फाइलातुन् (ISSS ISSS SISS)

(थ) मदीद फाइलातुन् फाइलुन् . २ (SISS SIS.२)

(द) तबील फऊलुन् मफाईलुन् . २ (ISS ISSS.२)

( बराल, पूर्ववत्, पृ.३१९ )

## ३.८ निष्कर्ष

गजल संरचनाका हिसाबले प्राविधिक विधा हो भने भावका हिसाबले अत्यन्तै संवेदनशील विधा हो । गजलमा भाव र बिम्बको जसरी अपेक्षा गरिन्छ यसका प्राविधिक कुराको जसरी अपेक्षा गरिन्छ त्यससँगै शब्दगत सरलता, कोमलता, हार्दिकता, जीवन्तता लयात्मकता र सम्प्रेषणीयता हुनु पनि उत्तिकै आवश्यक हुन्छ । प्राविधिक विधा भएकै कारण संरचना मात्र यसको प्रमुख कुरा होइन भाव, बिम्ब र शिल्पमात्र पनि जरुरी होइन । गजलमा रहेका आन्तरिक संरचना र बाह्य संरचनामा सचेतता अत्यन्त आवश्यक कुरा हुन् । यिनीहरुको उचित संयोजनबाट मात्र सुन्दर गजल जन्मन सक्छ । समग्रमा गजल एउटै किसिमको हुनुपर्छ । काफिया जसरी गजलको प्रमुख तत्व हो त्यसरी नै लय पनि गजलको अर्को अनिवार्य तत्व हो ।

## परिच्छेद : ४ (चार)

# नेपाली गजलपरम्परा र मनु ब्राजाकीको योगदान

## ४.१ नेपाली गजलपरम्परा

गजल उर्दू काव्यको सर्वाधिक लोकप्रिय विधा हो । गजल शब्दको उत्पत्ति अरबी भाषाबाट भएको भए तापनि अरबीमा भने गजल लेखिएको जानकारी पाइँदैन । यसको प्रारम्भिक लेखन फारसीबाट आरम्भ भएको स्विकारिन्छ । फारसीबाट उर्दू हिन्दी हुँदै यो नेपाली भाषामा प्रवेश गरेको हो । गजल विधालाई विधिवत् रुपमा फारसका शायर रोदकीले इसाको दसौं शताब्दीमा जन्माएका हुन् भन्ने भनाइ छ । यसका उन्नायकका रुपमा सादी सिराजीलाई लिने गरिन्छ । ( न्यौपाने परिश्रमी, गजलः शिल्प, शैली र रचनाविधान, २०६१ : पृ.३ ) । भारतमा सर्वप्रथम गजल लेख्ने व्यक्ति ख्वाजा मुइनुद्दीन चिश्ती हुन् । ( वर्मा र अन्य (सम्पा.), हिन्दी साहित्य कोश, २०२० ) ।

नेपाली गजलका प्रवर्तकका रुपमा भने मोतीराम भट्टलाई लिने गरिन्छ । अहिलेसम्मको अनुसन्धानबाट नेपाली गजललेखन परम्पराको प्रथमविन्दुका रुपमा मोतीरामलाई नै स्विकार गर्नुपर्ने हुन्छ । ( उदासी, गजलसिद्धान्त र नेपाली गजलको इतिहास, २०५९ : पृ.३९ ) । मोतीरामबाट प्रारम्भ भएको नेपाली गजल लेखन परम्पराले सवा सय वर्षभन्दा बढी समय पार गरिसकेको छ । नेपाली साहित्यको माध्यमिक कालबाट प्रवेश पाएको मानिने यस विधाको परम्परालाई विभिन्न विद्वानहरुबाट विभिन्न किसिमले चरण विभाजन गरी अध्ययन गर्ने काम भएको छ ।

दुबसु क्षेत्रीले नेपाली गजलको काल विभाजन गर्ने क्रममा मोतीराम भट्टदेखि प्राथमिक काल, भीमनिधि तिवारीदेखि माध्यमिक काल र ज्ञानुवाकर पौडेलदेखि आधुनिक काल सुरु भएको बताएका छन् । ( क्षेत्री, समसामयिक गजल, २०५० : पृ.६० ) । त्यस्तै ललिजन रावलका अनुसार मोतीराम भट्टदेखि प्राथमिक काल र ज्ञानुवाकर पौडेलदेखि आधुनिक अर्थात् पुनर्जागरण काल आरम्भ भएको बताएका छन् । ( काफ्ले, पूर्ववत्, पृ.३५ ) । त्यस्तै यस शोधप्रबन्धका शोध नायक स्व.मनु ब्राजाकीको पनि यसै मतमा सहमति रहेको छ ।

सनतकुमार वस्तीले नेपाली गजलपरम्पराको अध्ययन गर्ने क्रममा मोतीराम भट्टदेखि उपेन्द्रबहादुर जिगरसम्म प्राथमिक काल र ज्ञानुवाकर पौडेलदेखि आधुनिककाल भनी दुई

चरणमा विभाजन गरेका छन् । नीलमणि खनाल  र तोयानाथ सापकोटाले सनतकुमार वस्तीले गरेको कालविभाजनमा सहमति जनाएका छन् । नेपाली गजलको परम्परामा कृष्णहरि बरालले नेपाली गजललेखन परम्परालाई तीन भागमा बाँडेर अध्ययन गर्नुपर्ने धारणा राखेका छन् । उनले समयगत हिसाबबाट नेपाली गजलपरम्परालाई विभाजन गरेका छन् । उनको **गीत सिद्धान्त र इतिहास** नामक कृतिको पृष्ठ ३२९ मा वि.सं.१९४१ देखि २००२ सम्मको अवधिलाई पहिलो चरण, वि.सं.२००३ देखि २०३५ सम्मको अवधिलाई दोस्रो चरण र वि.सं.२०३६ देखि हालसम्मको समयावधिलाई तेस्रो चरण भनी चरण विभाजन गरिएको छ ।

यसरी विभिन्न विद्वान र अध्येताहरुबाट नेपाली गजलपरम्परालाई विभिन्न चरणमा विभाजन गरेर अध्ययन गर्ने प्रयत्न भएको देखिन्छ । कालविभाजन गर्दा सामान्यतया लेखनशैली, विषयगत विभिन्नता, रचनाको प्रकृति, रचनामा रचनाकारले आत्मसात् गरेको प्रवृत्तिजस्ता कुराहरुलाई कालविभाजनको प्रमुख आधार बनाउँदा उपयुक्त हुन्छ । वि.सं.२०३६ पश्चात् ज्ञानुवाकर पौडेलको आगमनसँगै नेपाली गजलले भिन्न किसिमको प्रवृत्तिलाई आत्मसात् गरेको देखिन्छ । यसअघिका समयमा पनि धेरै गजलकारले धेरै गजल लेखेको भए पनि त्यसमा मुख्यतया प्रवृत्तिगत समानता भेट्न सकिन्छ । उक्त समयका गजलहरुमा विषयगत विविधताको र शैलीगत परिष्कारको पनि कमी रहेको पाइन्छ । तसर्थ उक्त समयलाई पहिलो चरणमा राख्नु नै उपयुक्त देखिन्छ । यसप्रकार यस शोधप्रबन्धमा पनि नेपाली गजललेखनको परम्परालाई निम्नानुसार विभाजन गरी अध्ययन गरिएको छ :

(क) नेपाली गजललेखन परम्पराको पहिलो चरण (वि.सं.१९४१ देखि २०३५)

(ख) नेपाली गजललेखन परम्पराको दोस्रो चरण (वि.सं.२०३६ देखि हालसम्म) ।

### (क) नेपाली गजललेखन परम्पराको पहिलो चरण (वि.सं.१९४१ देखि २०३५)

नेपाली साहित्यमा मोतीराम भट्टको आगमनसँगै माध्यमिक कालको थालनी भएको मानिन्छ । यसै कालमा नेपाली साहित्यमा गजल विधाको पनि प्रवेश हुन्छ । यस विधाको प्रवेश गराउने श्रेय मूलतः युवाकविका रुपमा परिचित मोतीराम भट्टलाई जान्छ । हाल यस विधाले नेपाली साहित्यमा आफ्नो छुट्टै अस्तित्व कायम गर्न समेत सफल भएको पाइन्छ ।

तत्कालीन समयमा मोतीराम पाँच वर्षको उमेरमा बनारस बस्न पुग्नु, फारसी स्कुलबाट अध्ययन प्रारम्भ हुनु, त्यहाँ उनले फारसी भाषाको पनि राम्रो अध्ययन गर्नु, भारतेन्द्र हरिश्चन्द्रसँग उठबस हुनु, पन्नालालसँग सङ्गीतको शिक्षा लिनु जस्ता कारणहरुले मोतीराम भट्टलाई गजल लेख्ने प्रेरणा प्राप्त भएको विश्वास गरिन्छ । मोतीरामले आफूले मात्र गजल लेख्ने काम गरेनन् अरुलाई पनि गजल लेख्ने प्रेरणा दिए । मोतीराम भट्टले गजल आयात गर्दा नेपाली भाषा साहित्यको सेवाभावलाई ध्यानमा राखी यस नौलो परम्परालाई मण्डलीमार्फत्

संस्थागत रुपमा विकसित बनाउने लक्ष्य लिए । ( श्रेष्ठ, नेपाली साहित्यका केही पृष्ठ, २०४८ : पृ.३६) । मोतीराम भट्टले काठमाडौँ र बनारस दुबै ठाउँमा मोतीमण्डली चलाएका थिए ।

मोतीरामका गजलहरु आफ्ना समकालीन कविहरुका गजलहरुसहित वि.सं.१९६९ मा प्रकाशित **सङ्गीत चन्द्रोदय** मा सङ्ग्रहित छन् । ( न्यौपाने, गजलको स्वरुप र बहरहरुको चिनारी, गजलप्रवाह २०६१ : पृ.२७ ) । हालसम्मको खोजीनीतिबाट उनका ३३ वटा गजलहरु भएको जानकारी पाइन्छ । मोतीरामका अलावा यस कृतिमा लक्ष्मीदत्त पन्तका १९ वटा गजलहरु सङ्कलित छन् । त्यस्तै गजबका ५ वटा, गोपीनाथ लोहनीका ३३ वटा, नरदेव पाण्डेका ५ वटा, रत्नलाल रत्नका ८ वटा र मियाँ अजमद हुसेनका एकवटा गजलहरु प्रकाशित छन् । ( ऐजन, पृ.३२ ) । नेपाली गजल लेखन परम्परामा यस चरणका अर्का उल्लेख्य गजलकारका रुपमा शम्भुप्रसाद ढुङ्गेललाई लिने गरिन्छ । उनका गजलहरु अन्य गजलकारको तुलना बढी सङ्यामा रहेको उल्लेख पाइन्छ ।

नेपाली गजलको परम्परामा पहिलो चरणका अर्का महत्वपूर्ण गजलकारका रुपमा भीमनिधि तिवारीलाई लिन सकिन्छ । उनको **मेरी बयासी गजल** १९९४ मा प्रकाशन भएको देखिन्छ । यसमा फेरी २० वटा गजल थपेर उनले २००२ सालमा **बयासी र बीस गजल मेरी** भन्ने पुस्तक प्रकाशन गरेका छन् । नेपाली भाषामा मीठा गजल लेखेर नेपाली पाठकको मन रसाउन सकेको तथ्यलाई **बयासी र बीस गजल मेरी** का पाँच संस्करणले नै प्रमाणित गर्दछ । ( काफ्ले, पूर्ववत्, पृ.३७ ) ।

भीमनिधि तिवारीपश्चात् नेपाली गजलक्षेत्रमा प्रवेश गर्ने अर्का गजलकार उपेन्द्रबहादुर जिगर हुन् । नेपाली गजलपरम्पराको पहिलो चरणमा देखापरेका सबैभन्दा प्रभावकारी र अन्तिम गजलकारका रुपमा जिगरलाई लिने गरिन्छ । उनको प्रकाशित एकमात्र गजक सङ्ग्रह **एक सय एक गजल** (१९९६) हो । यिनै गजलकार पछि नेपाली गजललेखनको परम्परामा निकै मन्दी आएको देखिन्छ तर पूर्णतः विश्राम भने होइन । सचेत रुपमा गजललेखनको समाप्ति भने जिगरपछि भएको देखिन्छ । (टीकाराम उदासी, पूर्ववत्, पृ.४६) ।

नेपाली गजललेखन परम्पराको प्रथम चरणका अन्य गजलकारहरुलाई निम्नानुसार उल्लेख गरिएका छन् :

मोतीराम श्रेष्ठ, वीरेन्द्रकेशरी अर्ज्याल, भुवनप्रसाद ढुङ्गाना, गिरीशबल्लभ जोशी, नानकप्रसाद मिश्र, बालाप्रसाद शर्मा, ए.एस.पठान, केदारशमशेर राणा, पहलमानसिँह स्वाँर, रामप्रसाद सत्याल, बखतबहादुर श्रेष्ठ आदि ।

नेपाली गजललेखन परम्पराको प्रथम चरणलाई नियाल्दा यस चरणको आफ्नै मौलिक एवम् विशिष्ट पहिचान रहेको पाउन सकिन्छ । यस चरणका गजलहरुमा पाइने प्रमुख प्रवृत्तिहरुलाई बुँदागत रुपमा यसरी समेट्न सकिन्छ :

(क) श्रृङ्गारिकता

गजलको परम्परित विषय नै श्रृङ्गार भएकाले नेपाली गजललेखन परम्पराको पहिलो चरणमा पाइने प्रमुख प्रवृत्ति यही हो । प्रथम चरणका गजलकारहरुले जीवन र जगत्का आबद्ध नायकनायिकाका आपसी चाहना, मिलन बिछोडका तीतामीठा अनुभूतिहरुलाई गजलमा समासेश गर्ने काम गरेका छन् । यस चरणका प्रायः गजलकारहरुले श्रृङ्गारिकतालाई मुख्य विषय बनाएर गजल लेख्ने काम गरेका छन् ।

(ख) भक्तिभाव

नेपाली गजललेखन परम्परामा देखिएको पहिलो चरणको अर्को महत्वपूर्ण विशेषता भक्तिभाव हो । नेपाली साहित्यको प्राथमिक कालीन चरणमा देखिएको यो प्रवृत्तिमा रहेर गजलमा पनि देवीदेउताको स्तुति गर्नुका साथै गजलको विषय बनाउने काम गरेको देखिन्छ ।

(ग) करुण भाव

नेपाली गजललेखन परम्परामा देखिएका विविध प्रवृत्ति र विशेषताहरु मध्ये अर्को महत्वपूर्ण विशेषता करुण भावको प्रयोग पनि हो । यस चरणका गजलकारहरुले हृदयमा उब्जेका भावलाई अत्यन्त प्रभावकारी किसिमले चित्रण गर्ने कार्य गरेका छन् ।

(घ) व्यङ्ग्यात्मकता

यो पनि प्रथम चरणका गजलहरुमा पाइने प्रवृत्तिअन्तर्गत पर्दछ । व्यक्ति, समाज र राष्ट्रमा रहेका विकृति र विसङ्गतिलाई आलोचना गरी सुधारको अपेक्षा यस चरणका गजलकारहरुले गरेका छन् ।

(ङ) देशभक्ति

यस चरणका गजलहरुमा देशप्रेमले भरिएका गजलहरु पनि प्रशस्त पाइन्छ । यस प्रवृत्तिमा गजल लेख्ने गजलकारहरुमा मोतीराम भट्ट र शम्भुप्रसाद ढुङ्गेल अग्रणी रहेका छन् । तसर्थ देशप्रेम पनि यस चरणमा देखिएको प्रमुख प्रवृत्ति हो ।

### (ख) नेपाली गजललेखन परम्पराको दोस्रो चरण (वि.सं.२०३६ देखि हालसम्म)

प्रथम चरणका उल्लेख्य र अन्तिम प्रतिभा उपेन्द्रबहादुर जिगरपछि नेपाली गजल साहित्य चार दशकसम्म सुषुप्त अवस्थामा रहेको देखिन्छ । यस अवधिमा नाम लिन लायक एकजना पनि गजलकारको उदय हुन सकेन । यसरी चार दशकसम्म सुषुप्त रहेको नेपाली गजल परम्परालाई पुनर्जागरण गर्ने कार्य वि.सं.२०३६ मा ज्ञानुवाकर पौडेलले गरे । प्रकाशनका माध्यमबाट सुषुप्त गजललाई बिउँझाउने ऐतिहासिक कार्य पौडेलले गरे । नेपाली गजल परम्परामा दोस्रो चरण आधुनिक कालमा रुपमा चिन्ने गरिन्छ । यस चरणलाई पुनर्जागरण कालका रुपमा पनि लिने गरिएको छ ।

जनमत सङ्ग्रह वि.सं.२०३६ पछि नेपाली गजलको पारम्परिक प्रवृत्तिबाट वैचारिक धरातलमा ओर्लेर नवीन मूल्य र मान्यता तथा नवीन भावभङ्गीमा पुनर्जागृतिको उद्घोष गर्दै ज्ञानुवाकर पौडेल, ललिजन रावल, मनु ब्राजाकी, धर्मोगत शर्मा, घनश्याम न्यौपाने परिश्रमी र रवि प्राञ्जलजस्ता प्रखर गजलकारहरुको उदय भएपछि भने नेपाली गजल विधाले नवीन भाव र वाणी पाएको देखिन्छ ।(अमर त्यागी, नेपाली गजलको परम्परा र प्रवृत्ति, मधुपर्क(वर्ष २९,अंक ३५०,२०५५ भदौ)पृ.१४१)। दोस्रो चरणको नेपाली गजलयात्रामा विभिन्न क्षेत्र र उमेरका विभिन्न प्रतिभाहरु देखिएका छन् । प्रकाशनका दृष्टिले मात्र नभएर गजलकार र पाठकहरु दुबैका आकर्षणका दृष्टिले समेत यो चरण अत्यन्त प्रभावकारी र महत्वपूर्ण चरणका रुपमा रहेको छ । पुस्तकाकार गजल कृतिको निरन्तर प्रकाशन, अघोषित रुपमा भए पनि साहित्यिक पत्रिकाहरुको गजल विशेषाङ्क निकाल्ने एक किसिमको होड, फुटकर गजल लेख्नेहरुको सूचीमा तीव्र वृद्धि एवम् सामूहिक संकलन गर्ने र प्रकाशन गर्ने लहरजस्ता विविध सन्दर्भलाई आत्मसात् गर्दै आजको नेपाली गजलको दोस्रो चरण गतिशील बनेको पाइन्छ । ( उदासी, पूर्ववत्, पृ.५०) ।

दोस्रो चरणको नेपाली गजलयात्रामा दर्जनौं गजलकृतिहरु प्रकाशन भएका छन् । प्रकाशनको शृङ्खला निरन्तर जारी रहेको पाइन्छ । यस चरणमा प्रकाशन भएका थुप्रै गजलकृतिहरु मध्ये केही गजलकारहरु र तिनका कृतिहरुलाई निम्नानुसार उल्लेख गर्ने प्रयत्न गरिएको छ :

ज्ञानुवाकर पौडेल : खण्डहर नयाँ नयाँ (२०४९)

ललिजन रावल : केही गजलहरु (२०४३), विरानो यो ठाउँमा (२०४६)

रवि प्राञ्जल : घामका झुल्काहरु(२०४७), तारिदेउ न माझी दाइ (२०४८)

मनु ब्राजाकी : गजलगङ्गा (२०५१), काँडाका फूलहरु (२०५६)

घनश्याम न्यौपाने : यो मौसम (२०५०), जून चुहेको रातमा (२०६०)

बुँद राना : रातो मलाई प्यारो (२०५६)

धर्मागत शर्मा'तुफान': तुफानका गजलहरु (२०४२),देशको माटो दुख्ने गर्छ(२०४९)

बद्रीलाल निराशा : केही गजलहरु निराशाका (२०४६)

वासुदेव अधिकारी : मनको हरियो मनको गीत (२०४७)

यज्ञविक्रम शाही : बाँच्ने रहरहरु (२०५०)

वियोग बुढाथोकी : आफन्तका चोटहरु (२०५२)

मुन पौडेल : गजलोत्सव (२०५३)

श्रेष्ठ प्रिया पत्थर : पत्थरका प्रलापहरु (२०५९), आँसुका सौगात (२०६०)

निमेश नेवा : याद (२०५३)

गोवर्द्धन पूजा : धर्तीको धुलो (२०५४)

गोविन्द नेपाल : ढुङ्गाको मन (२०५५)

टीकाराम उदासी : परिवेशका धुनहरु (२०५६)

विजय सुब्बा : गीत र गजलहरु (२०५७)

देवी पन्थी : मनको बहर (२०५६)

गोपाल पौडेल : छातीभरि तिम्रो माया (२०५९)

प्रोल्लास सिन्धुलीय : आँखाभरि भुइँकुहिरो (२०५८)

स्वागत नेपाल : धमिराको दरबार (२०६०)

सुमित्रा बाङ्देल चेली : गङ्गाजल (२०६०)

शान्तिनारायण श्रेष्ठ : अनुभूति (२०६०)

नवीन राई अभिशेष : चोटका फूलहरु (२०६०)

नेत्र एटम : भित्र कतै दुख्छ भने (२०६०

रामगोपाल आशुतोष : आशुतोषका रहरहरु (२०६१)

धनेन्द्र ओझा : आफ्नै चिहानमा टेकेर (२०६१)

दीपक कार्की : जिन्दगीका पानाहरु (२०६२) । आदि ।

त्यस्तै माथि उल्लिखित पुस्तकाकार गजलकारहरु बाहेक फुटकर गजल लेख्ने गजलकारहरुको सङ्ख्या यस चरणमा प्रशस्तै रहेको पाइन्छ । यी फुटकर गजल लेख्ने गजलकारहरु आफ्नो मौलिक पहिचानसहित स्थापित हुन साधनारत देखिन्छन् । विभिन्न साहित्यिक तथा गैरसाहित्यिक पत्रपत्रिकाहरुले पनि दिनानुदिन रुपमा गजल प्रकाशन गरिरहेको तथ्य पनि सर्वविदितै कुरा हो । यसले पनि आधुनिक नेपाली गजल परम्परा समृद्ध र विकसित हुँदै उत्तरआधुनिकतातर्फ लम्कन सक्ने सङ्केत गरेको छ ।

शैली र प्रवृत्तिगत भिन्नताले पनि पहिलो चरण र दोस्रो चरणका गजलमा असमानता देखिन्छ । आधुनिक नेपाली गजल श्रृङ्गारिक संस्कृतिको घेराबन्दीबाट निकै माथि उठिसकेको छ । आजका नेपाली गजलकारहरुले गजललाई कथ्यको व्यापक क्यानभास प्रदान गरेका छन् । सुन्दरीको सुकोमल अङ्गप्रत्यङ्गको वर्णन गर्नु तथा प्रेमजन्य प्रमोदता वा प्रवञ्चना

पोख्नुभन्दा प्रचण्ड गर्मीको तातो सडकमा खाली खुट्टा पसिना पुछ्तै हिँड्न बाध्य व्यक्ति वा वर्गको कथाव्यथालाई उद्घाटन गर्न आजका नेपाली गजलकाहरु प्रतिबद्ध देखिन्छन् । यसर्थ आधुनिक नेपाली गजलको कथ्यमा समग्र जनवर्गको जीवन र युगबोधको स्वरुप प्रतिविम्बित हुन्छ । (घनश्याम न्यौपाने परिश्रमी, गजलः शिल्प शैली र रचनाविधान, अनुराग, पूर्ववत्,पृ.७)

नेपाली गजल  लेखन परम्पराको दोस्रो चरणका गजलहरुको अध्ययन विश्लेषण गर्दा मूलतः यस चरणमा विभिन्न विशेषताहरु पाउन सकिन्छ । यस चरणका केही प्रमुख विशेषताहरु बुँदागत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(क) लोकतान्त्रिक राजनैतिक स्वर

नेपाली गजल लेखन परम्परामा देखिएको सबैभन्दा महत्वपूर्ण प्रवृत्ति लोकतान्त्रिक राजनैतिक स्वर हो । यस चरणका गजलकारहरुले लोकतन्त्र र स्वतन्त्रताको पक्षमा वकालत गरेका छन् । तत्कालीन समयका अव्यवस्था, अराजकता, सन्त्रास र भ्रष्टाचार विरुद्ध र लोकतान्त्रिक व्यवस्थाका पक्षमा राजनैतिक स्वर उराल्ने काम यस समयमा भएको पाइन्छ । ज्ञानुवाकर पौडेल, मनु ब्राजाकी, रवि प्राञ्जल, घनश्याम न्यौपाने परिश्रमी,बुँद राना लगायतका गजलकारका गजलहरुमा राजनैतिक स्वर पाउन सकिन्छ ।

(ख) श्रृङ्गारिकता

गजलको आरम्भ श्रृङ्गारिक विषयवस्तुबाट भएको हो । त्यसैले यस प्रवृत्तिलाई कुनै पनि चरणमा कुनै पनि गजलकारले चटक्क छोड्न सकेका छैनन् । पहिलो चरणमा यस प्रवृत्ति प्रमुख प्रवृत्तिका रुपमा रहेको थियो भने दोस्रो चरणमा पनि यस प्रवृत्तिले सहायक प्रवृत्तिका रुपमा निरन्तरता पाइरहेको छ । प्रथम चरणका श्रृङ्गारिक गजलभन्दा दोस्रो चरणका श्रृङ्गारिक गजलमा केही पृथकता भने पाइन्छ । प्रथम चरणका अभिधात्मक गजल थिए भने दोस्रो चरणका श्रृङ्गारिक गजलहरु बढी मात्रामा प्रतीकात्मक र लाक्षणिक रहेका छन् । यस चरणमा पनि थुप्रै गजलकारहरुले श्रृङ्गारिक गजलहरु लेखेको पाइन्छ ।

(ग) मानवतावादी जीवनदृष्टि

दोस्रो चरणमा देखिएको अर्को मुख्य प्रवृत्ति मानवतावादी जीवनदृष्टि हो । यस चरणका गजलकारहरुले आफ्ना गजलहरुमा मानवीय पक्ष र संवेदनालाई विशेष जोड दिएको पाइन्छ । मानव मनका सुखदुःख, प्रेमघृणा र सद्भाव आदिलाई केन्द्रविन्दु बनाएर यस चरणका धेरै गजलकारहरुले गजल सिर्जना गरेका छन् ।

(घ) व्यङ्ग्यचेतना

दोस्रो चरणका गजलहरुमा पाइने विभिन्न विशेषताहरु मध्ये व्यङ्ग्यचेतना पनि एक हो । विद्यमान व्यवस्थाभित्र देखिएका अव्यवस्था, चाकरी प्रथा, विकृतिविसङ्गति, भ्रष्टाचार, धार्मिक

आडम्बर र सामाजिक अन्धविश्वास एवम् अन्य क्षेत्रमा देखिएका खराब प्रवृत्तिप्रति यस चरणका गजलहरुमा तिव्र व्यङग्य प्रहार गर्ने कार्य यस चरणका गजलहरुमा गरिएको पाइन्छ ।

(ङ) निराशावादी स्वर

समकालीन नेपाली गजललेखन परम्परामा देखिएका विभिन्न प्रवृत्तिहरुमध्ये निराशावादी स्वर पनि अर्को मुख्य प्रवृत्तिका रुपमा देखापरेको प्रवृत्ति हो । यस चरणका निराशावादी स्वर सुसेल्ने गजलकारहरुमा मुख्य रुपमा ज्ञानुवाकर पौडेल, मनु ब्राजाकी, रवि प्राञ्जल, गोबर्द्धन पूजा आदि रहेका छन् । उनीहरुले मुख्यतः युगीन विसङ्गति, विज्ञान र प्रविधिको विकाससँग देखिएका युद्धको विभीषिका, आणविक होडबाजी र वैयक्तिक पीडाहरुलाई निराशाका रुपमा अभिव्यक्त गर्ने काम गरेका छन् ।

(च) नागर जीवनप्रतिको वितृष्णा

तीव्र सहरीकरणले गर्दा सहरको जीवन दिनानुदिन जटिल बन्दै गएको छ । सहरको कोलाहल, यहाँका मान्छेका स्वार्थीपन, अविश्वास, मानवीय विकृति र विसङ्गति, कृत्रिमपनजस्ता विभिन्न कुराहरुले गर्दा सहरिया जीवनप्रति वितृष्णा उत्पन्न भएको पाइन्छ । यस चरणका गजलहरुका यस कुराले पनि महत्वका साथ प्राथमिकता पाएको देखिन्छ ।

माथि उल्लिखित प्रवृत्तिहरु दोस्रो चरणका मुख्य प्रवृत्ति एवम् विशेषताहरु हुन् । यसका अलावा यस चरणका गजलहरुमा अन्य विभिन्न प्रवृत्तिहरु पनि देखिएका छन् । यस्ता प्रवृत्तिहरुमा बिम्ब, प्रतीक र उपमाको प्रयोगमा व्यापकता, शाास्त्रीय बहरको बहिष्कार, धार्मिक, औपदेशिक गजललेखन पूर्णतया समाप्ति, सङ्गीत चेतना प्रायः कमजोर, एउटै प्रवृत्तिमा मात्र गजल लेखन तथा गजलमा मात्र समर्पित प्रतिभाको न्यूनता आदि यस चरणका गजलमा पाइने प्रमुख प्रवृत्ति हुन् । ( उदासी, पूर्ववत्, पृ.९ ) ।

## ४.२ मनु ब्राजाकीको गजलयात्रा र चरण विभाजन

नेपाली साहित्यमा कथाकारका रुपमा आफ्नो छुट्टै पहिचान बनाउन सफल मनु ब्राजाकी नेपाली गजलका क्षेत्रमा पनि प्रख्यात नाम हो । गजलकारका रुपमा पनि मनुले आफूलाई एक विशिष्ट गजलकारका रुपमा उभ्याउन सफल भएका छन् । गजलकारका रुपमा मनु ब्राजाकीले लगभग पाँच दशकभन्दा बढीको अवधि अनवरत रुपमा कलम चलाएर आफूलाई सशक्त गजलकारका रुपमा स्थापित गरेका उनले वि.सं.२०७४ मा सदाका लागि यस धर्तीलाई छोडेर अमर बन्न पुगे । उनी मरेर गए पनि उनका गजल अन्य कृतिहरुले उनलाई  नेपाली साहित्यका क्षेत्रमा अमर बनाइराख्ने छ ।

मनु ब्राजाकीले हिन्दी भाषामा गजललेखनको आरम्भ भने बनारस बसाइकालबाट नै गरेका हुन् । उनी बनारसमा रहँदा गजल लेखेर मदरसाका हेड मौलवीलाई देखाउँथे । ती गजलहरु मौलिकताभन्दा पनि अन्य साहित्यकारहरुको प्रभाव झल्कने भएकाले प्रकाशन भने भएनन् । नेपाली गजललेखनमा लाग्न मनुलाई गजलकार ज्ञानुवाकर पौडेलबाट ठुलो प्रेरणा प्राप्त भएको थियो । आरम्भमा मनु ब्राजाकीका गजलहरु ज्ञानुवाकरले नै प्रकाशन गरिदिएका थिए भन्ने जानकारी स्वयम् ब्राजाकीले दिएका थिए भन्ने जानकारी पाइन्छ । लामो समयदेखि एउटै क्षेत्रमा तल्लीन रहँदा उनको गजलयात्रामा केही प्रवृत्तिगत फेरबदल आएका छन् । ती प्रवृत्तिगत फेरबदल वा परिवर्तनहरुलाई आधार मानी ब्राजाकीका गजलयात्रा र चरणलाई विभाजन गर्नुपर्ने हुन्छ । ( काफ्ले, पूर्ववत्, पृ.५०)

गजलकार मनु ब्राजाकीका हालसम्म प्रकाशित गजलहरुलाई केलाउँदा प्रवृत्तिगत रुपमा ठुलो भिन्नता देखिँदैन । गजलको सैद्धान्तिक र प्राविधिक पक्षसँग राम्ररी परिचित नभइसकेको अवस्थामा लेखिएका र त्यसपछि लेखिएका गजलका विषय र शिल्पगत रुपले केही थपघट र भिन्नता पाउन सकिन्छ । मनु ब्राजाकीको गजललेखनमा समय र अभ्यासले गजल प्रवृत्तिमा परिमार्जन भई प्रवृत्तिगत विषयमा तलमाथि र थपघटभएका छन् । यसका लागि राजनैतिक परिवर्तन, सामाजिक अवस्था, उमेरको परिपक्वता र गहन चिन्तन आदिले उल्लेख्य भूमिक खेलेका छन् । मनु ब्राजाकीको सम्पूर्ण गजलहरुलाई अध्ययन गर्दा उनको गजलयात्रालाई दुई चरणमा विभाजन गरी अध्ययन गर्नु उचित हुन्छ :

(क) गजलयात्राको पूर्वार्द्ध चरण

(ख) गजलयात्राको उत्तरार्द्ध चरण ।

यहाँ मनु ब्राजाकीको गजलयात्राको चरण विभाजन गर्दा उनका प्रकाशित गजल सङ्ग्रहहरुलाई आधार मानेरभन्दा पनि पत्रपत्रिकामा प्रकाशित गजलहरु र लेखन समयलाई आधार मानेर गरिएको छ । साथै उनको गजलयात्राको चरण विभाजनको मुख्य आधारका रुपमा यस अगाडिका अध्ययन र विभिन्न विद्वानहरुले राखेका विचारहरुलाई समेत आधार बनाइएको छ ।

**(क) गजलयात्राको पूर्वार्द्ध चरण**

मनु ब्राजाकीको गजललेखनको यस चरणलाई आभ्यासिक चरण मान्नु पर्ने हुन्छ । यस चरणमा लेखिएका अधिकांश गजलहरु **रचना**, **मधुपर्क** र **गरिमा** पत्रिकामा प्रकाशन भएका छन् । वि.सं.२०४० देखि वि.सं.२०४६ सम्मको अवधि नै मनु ब्राजाकीको गजललेखनको पूर्वार्द्ध चरण हो ।

मनु ब्राजाकीको यस चरणमा रचना भएका प्रायः अधिकांश गजलहरु **गजलगङ्गा** गजलसङ्ग्रहमा सङ्गृहीत गरेर प्रकाशन भएको देखिन्छ । यसबारे टिप्पणी गर्दै इन्द्रकुमार श्रेष्ठ सरितले यसो लेखेका छन् : “साउने भेलजस्तै भएर बहने मनु ब्राजाकीका अनुभूतिहरुले

अभिव्यक्ति पाउँदा तिनले सौन्दर्य र कलात्मकता पनि नबोकेका चाहिँ होइनन् तर गजल लेख्दा भने कथालेखनमा झैँ उनले मनु ब्राजाकीको मन र मस्तिष्कमा बस्ने धैर्य र संयमलाई गोर्खेलौरी लगाएर लखेटेको भान हुन्छ । त्यसैले उनका अधिकांश गजल गजलको नियमबाट उम्केर लगामबिनाका घोडाझैँ हुन पुगेका छन् ।"

मनु ब्राजाकीका यस चरणका गजलहरुमा विषयगत विविधतालाई समेटिएको पाइन्छ । जीवनका हाँसोखुशी, मायाप्रीति, तत्कालीन राजनीतिक स्थिति, सामाजिक विकृतिविसङ्गति आदि यस चरणका गजलमा समेटिएका विषयहरु हुन् । आफूले देखेभोगेका कुरालाई यथार्थ ढङ्गबाट प्रस्तुत गर्ने यथार्थवादी गजलकारका रुपमा देखिएका ब्राजाकीका गजलहरुमा प्रगतिवादी छनक पनि प्रस्तुत भएको पाइन्छ । पूर्वार्द्ध चरणका गजलहरुलाई अध्ययन गर्दा उनले गजलको सैद्धान्तिक र प्राविधिक पक्षलाई केही बेवास्ता गरेको देखिन्छ । गजलको मतला खण्डका दुबै मिसरामा प्रयोग गरिनु पर्ने काफियाको प्रयोग केही गजलहरुमा हुन सकेको देखिँदैन ।

ब्राजाकीका यस चरणका गजलमा प्रतीक र अलङ्कारको प्रयोग कुशलताका साथ भएको छ । स्वनिर्मित लयमा लेखिएका उनका केही गजल स्वरबद्ध पनि भएका छन् । छोटकरीमा भन्नुपर्दा विषयगत विविधता, स्वतःस्फूर्त लेखन, अलङ्कार, बिम्ब, प्रतीकको कुशल प्रयोग र सांगीतिकता उनका प्रथम चरणका गजलहरुका प्रमुख प्रवृत्ति हुन् ।

### (ख) गजलयात्राको दोस्रो चरण

वि.सं.२०४६ को राजनीतिक परिवर्तनको समयपश्चात्को अवधि नै मनु ब्राजाकीको गजलयात्राको दोस्रो चरण हो । अर्थात् वि.सं.२०४७ देखि उनको मृत्युपूर्वको समय वि.सं.२०७४ सम्मको अवधि नै ब्राजाकीको गजलयात्राको दोस्रो चरण हो । यस चरण नै उनको गजलयात्रामा अन्तिम चरणका रुपमा रहनपुग्यो ।

मनु ब्राजाकीले यस चरणमा लेखेका अधिकांश गजलहरु **काँडाका फूलहरु** नामक गजलसङ्ग्रहमा सङ्गृहीत छन् । त्यस्तै यसै चरणमा उनको अर्को गजलसङ्ग्रह **के हेरेको ए जिन्दगी** ( ? ) पनि लेखिएको चर्चा पाइन्छ । यस चरणमा उनको पहिलो चरणका विशेषताका साथसाथै केही नयाँ विशेषताहरु पनि थपिएका छन् । राजनैतिक परिवर्तनपछि देखिएको अस्तव्यस्ततालाई यिनले गजलको विषय बनाएका छन् । आफ्नै लेखकीय उद्देश्यलाई पनि उनले गजलमा पोखेका छन् ।

मनु ब्राजाकीका उत्तरार्द्ध चरणका अधिकांश गजलहरु रहेको **काँडाका फूलहरु** गजलसङ्ग्रहका बारेमा टिप्पणी गर्दै विजय सुब्बा **गरिमा**मा लेख्दछन् : "उनका यस सङ्ग्रहका गजलहरु संरचनात्मक सफलताका उदारहण नै बनेका छन् । उनको सरल र चलनचल्तीका भाषाशैली लेखाइमा इमानदारीपन बडो प्रशंसायोग्य छ । जब आफूलाई व्यक्त गर्न अप्ठेरो पर्दै

जान्छ मनुलाई, त्यसबेला उनले आफैँलाई चौबाटोमा उभ्याएर चारैतिरबाट कुट्न थाल्दछन् र मनु नामका सारा बानीव्योहोराको बिजोग पार्दछन् । मनुको बिम्बात्मक प्रस्तुति र प्रस्तुतिमा विश्वसनीयता जति पढ्यो त्यति नै दह्रो सहारा प्रतीत हुन्छ ।"

उत्तरार्द्ध चरणमा आइपुग्दा मनु ब्राजाकी परिष्कार र परिमार्जनतर्फ लागेका छन् । यसकारण उनका गजलहरु बढी संवेद्य प्रभावकारी  सङ्गीतका दृष्टिले पनि उच्च किसिमका देखिएका छन् । प्रथम चरणमा यथार्थवादी गजलकारका रुपमा देखिएका उनी यस चरणमा प्रगतिवादी गजलकारका रुपमा देखापरेका छन् । पूर्वाद्ध चरणमा गजलको सैद्धान्तिक र प्राविधिक पक्षबाट उन्मुक्त हुन खोजेका ब्राजाकी उत्तरार्द्ध चरणमा गजलको सैद्धान्तिक र प्राविधिक सीमाभित्रै रहेका छन् । बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग पनि यस चरणका गजलमा कुशलताका साथ हुन पुगेको देखिन्छ ।

समग्रमा मनु ब्राजाकीको उत्तरार्द्ध चरणका गजलहरु पूर्वार्द्ध चरणका गजलहरुभन्दा सङ्ख्यात्मक र गुणात्मक दुबै दृष्टिले उत्कृष्ट रहेका छन् । विषयगत विविधता, प्रभाववादीता, परिष्कार परिमार्जन आदि मूल विशेषताहरु यस चरणमा देख्न सकिन्छ ।

## ४.३ नेपाली गजलपरम्परामा मनु ब्राजाकीको स्थान र योगदान

गजल फारसी र उर्दू साहित्यिक धरातलको मौलिक र अति लोकप्रिय विधा हो । यसको प्रभाव दक्षिण एसियाका विभिन्न भाषाका साहित्यमा परेको देखिन्छ । हिन्दी, नेपाली, गुजराती, मराठी, मैथिली, भोजपुरी जस्ता आधुनिक आर्य भाषाका अतिरिक्त नेवारी, राईलिम्बू, मगराती जस्ता भोटचिनियाँ परिवारका भाषामा पनि गजल लेखिनुले यस विधाको प्रभाव सबैतिर परेको स्पष्ट हुन्छ ।

रोदकी नामक फारसी शायरले इशाको दसौँ शताब्दीमा गजल विधाको सर्वप्रथम सूत्रपात गरेका थिए । मूलतः फारसी र उर्दू साहित्यिक जमिनमा महत्वपूर्ण स्थान ओगटेको र सर्वाधिक मौलाएको गजलविधाले हिन्दी साहित्यमा इशाको तेह्रौ शताब्दीमा प्रवेश पाइसकेको देखिन्छ । नेपाली साहित्यिक धरातलमा भने यस विधाले झन्डै एक शताब्दी पूर्व मात्र प्रवेश पाएको हो र यसका प्रवर्तक नेपाली साहित्यको माध्यमिक कालका मेरुदण्डका रुपमा ख्याति कमाएका स्रष्टा युवाकवि मोतीराम भट्ट हुन् भन्ने कुरालाई आजपर्यन्तका खोजअनुसन्धानले पुष्टि गरेको छ । ( न्यौपाने, साहित्य सन्दर्भ, पूर्ववत्, पृ.७३ ) ।

नेपाली गजलपरम्पराले झन्डै सवा सय वर्षभन्दा बढीको यात्रालाई पुरा गरिसकेको छ । गजललेखनको यो परम्परालाई दुई चरणमा विभाजन गरी अध्ययन गर्ने गरिएको छ : पूर्वार्द्ध चरण र उत्तरार्द्ध चरण । यहाँ नेपाली गजल लेखन परम्पराका यी दुबै चरणमा उपस्थित रहेका केही प्रमुख गजलकार र तिनका मुख्य प्रवृत्तिलाई देखाउँदै मनु ब्राजाकीको ती गजलकारका तुलनामा स्थान र उनको योगदानको विवरण प्रस्तुत गरिएको छ ।

**प्रथम चरणका मुख्य गजलकारहरु र तिनका प्रवृत्ति**

**मोतीराम भट्ट** (१९२३-१९५३)

यिनी नेपाली गजलपरम्पराका प्रथम गजलकार हुन् । हालसम्मको खोजबाट उनका ३३ वटा गजलहरु भएको जानकारी पाइन्छ । ( बराल, गीत सिद्धान्त र इतिहास, पूर्ववत्, पृ.३२२ ) । तीनदेखि एघार सेरसम्मको प्रयोग भएका उनका गजलहरु ईश्वरभक्ति, श्रृङ्गारिकता, सहरी परिवेशको चित्रणका साथै व्यङ्ग्य भाव प्रमुख विशेषता बनेर आएका छन् ।

**लक्ष्मीदत्त पन्त 'इन्दु'**

पहिलो चरणमा देखापरेका सशक्त गजलकार पन्तका सङ्गीत चन्द्रोदय मा १९ वटा तथा माध्यमिक नेपाली पद्यमा ४ वटा गजल रहेका छन् भने ५ वटा गजलहरु भरतराज पन्तसँग सुरक्षित छन् । (ऐजन,पृ.३२२) । यिनका गजलमा मूलतः श्रृङ्गार भाव व्यक्त भएको पाइन्छ ।

**गजब**

गजब उपनामले गजल लेख्ने यी गजलकारको वास्तविक नाम थाहा हुन सकेको छैन । गजबका नेपालीमा लेखिएका पाँचवटा गजल **सङ्गीत चन्द्रोदय** मा प्रकाशित छन् । यिनका पनि अधिकांश गजलहरु श्रृङ्गारिक रहेका छन् । संरचनात्मक कमीकमजोरी र उर्दूका धेरै शब्द प्रयोग भएका गजलहरु यिनले लेखेका छन् ।

**शम्भुप्रसाद ढुङ्गेल** (१९४६-१९८६)

यिनी नेपाली गजलपरम्पराको पहिलो चरणका महत्वपूर्ण गजलकार हुन् । सम्भवतः हालसम्मका सबैभन्दा बढी गजल लेख्ने गजलकारका रुपमा यिनलाई लिने गरिन्छ । हालसम्मको खोजनीतिअनुसार यिनका लगभग ४७१ गजल रहेको जानकारी प्राप्त भएको पाइन्छ । (ऐजन,पृ.३२३) । विषयगत विविधता, अभिव्यक्तिगत स्पष्टता, भाषिक स्वाभाविकता जस्ता कुराहरुले यिनका गजलहरु बाह्य संरचनाका दृष्टिले सफल छन् । प्रथम चरणलाई गति र लोकप्रियता दिन यिनका गजलहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

**भीमनिधि तिवारी** (१९६८-२०३०)

यिनी पनि प्रथम चरणमै देखापरेका गजलकार हुन् । नेपाली गजलपरम्परामा यिनले एउटा नयाँ शृङ्खला जोड्ने काम गरे । मोतीराम, लक्ष्मीदत्त, शम्भुप्रसादजस्ता सफल

गजलकारको लहरपछि यसको बिँडो थाम्ने काम भीमनिधि तिवारीबाटै भएको हो । तिवारीका **नयाँ गजल** र **बयासी र बीस गजल मेरी** का अतिरिक्त ६८ वटा फुटकर अप्रकाशित गजलहरु पनि रहेका छन् ।(मुकुन्दप्रसाद काफ्ले,पूर्ववत्,पृ.४७) ।

**उपेन्द्रबहादुर 'जिगर'** (१९९०-२०३०)

भीमनिधि तिवारीपछि नेपाली गजललेखनमा देखापरेका गजलकार उपेन्द्रबहादुर जिगर हुन् । उनको **एकसय एक गजल** (१९९६) शीर्षकको गजलसङ्ग्रह प्रकाशित छ । नेपाली गजलपरम्परालाई एउटा निश्चित मोडमा पुर्याएर उल्लेखनीय कोशेढुङ्गा स्थापना गर्ने जिगरका गजल तीनदेखि सात सेरसम्मको रहेको पाइन्छ ।

श्रृङ्गार, भक्ति, करुण भावमा आधारित जिगरका गजलहरुमा अरबी, फारसी शब्दको प्रयोग बढी हुनुका साथै बुलबुल शब्दको प्रयोगमा बढी रुचि देखाएका छन् । नेपाली गजलपरम्पराको पहिलो चरणका अन्तिम प्रभावकारी र सचेत गजलकारका रुपमा चिनिएका यी गजलकारको नेपाली गजलपरम्पराम महत्वपूर्ण योगदान रहेको छ ।

**दोस्रो चरणका मुख्य गजलकारहरु र तिनका मुख्य प्रवृत्तिहरु**

नेपाली गजलपरम्पराको दोस्रो चरणका प्रारम्भकर्ता ज्ञानुवाकर पौडेल हुन् । यस चरणका मुख्य गजलकारहरु निम्नलिखित छन् :

**ज्ञानुवाकर पौडेल** (२०१९)

नेपाली गजलको परम्परामा पहिलो चरणलाई अन्त्य गरी दोस्रो चरणको आरम्भ गर्ने गजलकारका रुपमा ज्ञानुवाकर पौडेललाई लिइन्छ । यिनको खण्डहर नयाँ नयाँ (२०४९) गजलसङ्ग्रह प्रकाशित छ । यिनका गजलहरुमा राजनैतिक स्वर, व्यङ्ग्य, मानवतावादजस्ता प्रवृत्तिहरु मूल रुपमा अभिव्यक्त भएका छन् । स्वनिर्मित लयमा लेखिएका उनका गजलमा अक्षर संरचना त्यति मिलेका देखिँदैन ।

**ललिजन रावल (२०२१)**

चालीसको पूर्वार्द्धमै गजल क्षेत्रमा प्रवेश गरेका ललिजन रावल सशक्त गजलकार हुन् । यिनका **केही गजलहरु** (२०४२) र **विरानो देशमा** (२०४६) गजलसङ्ग्रह प्रकाशित छन् । पत्रपत्रिकाहरुमा फुटकर रुपमा यिनी गजल प्रकाशित गरिरहने गजलकार हुन् । यिनका गजलहरुमा मुख्य रुपमा प्रकृतिचित्रण, श्रृङ्गारिकता, मानव जीवनका सुख दुःखको चित्रण मूल विशेषता बनेर आएका छन् ।

**रवि प्राञ्जल (२०१७)**

यिनले २०४० को दशकको पूर्वार्द्धबाट गजल लेखन आरम्भ गरेका हुन् । यिनका प्रकाशित गजलकृतिहरु **घामका झुल्काहरु** (२०४७), **तारिदेऊ न माझी दाइ** (२०४८) र **उही बाढी उही भेल** (२०५२) रहेका छन् । यिनका गजलहरुमा मानवीय सुखदुःखलाई मूल विषयवस्तु बनाइएको छ । त्यस्तै यिनका गजलहरुमा व्यङ्ग्य भाव पनि सशक्त बनेर आएको छ ।

### धर्मोगत शर्मा 'तुफान'

धर्मोगत शर्मा 'तुफान' पनि नेपाली गजलपरम्रामा देखिएका मुख्य प्रतिभा हुन् । यिनका **तुफानका गजलहरु** र **देशको माटो दुख्ने गर्छ** गरी दुई वटा गजलसङ्ग्रह प्रकाशित भएका छन् । यिनका गजलमा मुख्य गरेर सामाजिक व्यङ्ग्य, प्रेमभाव, प्रगतिवादी चेत मुख्य रुपमा प्रकट भएको छ ।

### घनश्याम न्यौपाने 'परिश्रमी'

घनश्याम न्यौपाने 'परिश्रमी' आधुनिक गजललेखन परम्पराका महत्वपूर्ण प्रतिभा हुन् । परिश्रमीका निम्न गजलसङ्ग्रहहरु  प्रकाशित छन् : **यो मौसम** (२०५०), **घामको छहारीमा** (२०५३) । उनको पहिलो गजलसङ्ग्रहमा ७५ ओटा गजल छन् भने दोस्रो गजलसङ्ग्रहमा ६० ओटा गजलहरु रहेका छन् । चारदेखि सात सेरसम्मका यिनका गजलहरुमा सामाजिक व्यङ्ग्य, पीडाभाव र राजनैतिक स्वर मूल रुपमा आएका छन् ।

### बुँद राना (२००३)

बुँद राना समकालीन गजलपरम्पराका चर्चित एवम् प्रतिनिधि गजलकार हुन् । **रातो मलाई प्यारो** (२०५६) उनको प्रकाशित गजलसङ्ग्रह हो । यसमा उनका ७५ ओटा गजलहरु रहेका छन् । तीनदेखि सात सेरमा आबद्ध यिनका गजलमा प्रगतिवादी स्वर मूलतः मुखरित भएको  छ भने मानवीय पीडा र प्रेमभाव पनि आएका छन् ।

उल्लिखित गजलकारहरुसँग तुलना गरेर हेर्दा मनु ब्राजाकी केही गजलकारका विशेषताभित्र अटाउन सक्ने देखिन्छ भने केही उनका आफ्नै छुट्टै विशेषताहरु पनि रहेका छन् । मनु ब्राजाकीलाई विभिन्न गजलकारहरुसँग तुलना गरेर हेर्दा गजलको संरचना, विषयवस्तु, भाव, भाषाशैली, गजलको गुणात्मक र सङ्ख्यात्मक दृष्टिले हेर्नुपर्ने हुन्छ ।

गजलमा प्रयोग गरिने भावगत दृष्टले हेर्दा मनु ब्राजाकी नेपाली गजल परम्पराका सबैभन्दा सशक्त गजलकार हुन् । भावगत विविधताको प्रयोगमा यिनलाई उछिन्न सक्ने कुनै पनि गजलकारहरु देखिँदैनन् । यसर्थ भावगत र विषयवस्तुगत विविधताका दृष्टिले यिनी नेपाली गजल क्षेत्रका सर्वोच्च र सशक्त गजलकार हुन् ।

त्यस्तै व्यङ्ग्यका दृष्टिले हेर्दा विभिन्न गजलकारहरु रहेका छन् । व्यङ्ग्यात्मक गजलकारका रुपमा ज्ञानुवाकर पौडेल, घनश्याम न्यौपाने परिश्रमी, धर्मोगत शर्मा तुफान जस्ता गजलकारहरु पनि सशक्त देखिएका छन् । तथापि राष्ट्रियदेखि लिएर अन्तर्राष्ट्रिय स्तरसम्म पुगेर व्यङ्ग्य गर्ने खुबी भने अन्य गजलकारमा देखिँदैन । यो खुबी मनु ब्राजाकीसँग मात्र रहेको छ । तसर्थ मनु ब्राजाकी प्रभावकारी र सशक्त व्यङ्ग्य गजलकारका रुपमा पनि चिनिएका छन् ।

सेर प्रयोगका दृष्टिले हेर्दा मनु ब्राजाकीले दोस्रो चरणका सबै गजलकारहरुलाई उछिनेर अग्रपङक्तिमा देखिएका छन् । उनले आफ्ना गजलहरुमा अठार सेरसम्मको गजलहरु लेखेका छन् । दोस्रो चरणका उनका समकालीन गजलकारहरुले यति धेरै सेरहरुको प्रयोग गरेर गजल रचना गरेका छैनन् । तसर्थ सेर प्रयोगका दृष्टिले पनि मनु ब्राजाकीको स्थान अग्रपङ्क्तिमा आउँछ ।

गजलसङ्ग्रह र गजलसङ्ग्रहमा रहेका गजलहरुको सङ्ख्यात्मक दृष्टिले हेर्दा पनि उनलाई नेपाली गजललेखन परम्पराको दोस्रो चरणका महत्वपूर्ण गजलकारका रुपमा लिन सकिन्छ । हालसम्म उनका तीनवटा गजलकृति प्रकाशन भएको देखिन्छ । पहिलो गजलकृतिमा ८९ ओटा गजलहरु र दोस्रो कृतिमा ९८ ओटा गजलहरु सङ्ग्रहीत रहेका छन् । प्रायः कुनै पनि गजलकारहरुले यति धेरै सङ्ख्यामा गजलहरु आफ्ना सङ्ग्रहमा सङ्ग्रहीत गरेका छैनन् ।

मनु ब्राजाकीको अन्य गजलकारसँग स्पष्ट छुट्टिने विशेषता भनेको साहित्यिक मूल्य नभएको नितान्त वैयक्तिक कुरोको प्रयोग गर्नु रहेको छ । एउटै गजलमा धेरै पटक उपनामको प्रयोग गर्नमा पनि मनु ब्राजाकी अरु गजलकारहरुभन्दा अगाडि नै देखिन्छन् । अन्य कुनै गजलकारहरुबाट प्रभावित नभई आफ्नै मौलिक पहिचान बनाउन सकेका कारण आज नेपाली गजल परम्पराको दरिलो खम्बाका रुपमा मनु ब्राजाकीलाई लिन सकिन्छ ।

यसरी मनु ब्राजाकी समकालीन गजलपरम्परामा एक महत्वपूर्ण प्रतिभा रहेको स्पष्ट हुन्छ । विषयगत विविधता, मौलिक विषयवस्तु, सेरको अत्यधिक प्रयोग, सङ्ग्रहमा सबैभन्दा बढी गजलसङ्ग्रहकर्ताका रुपमा मनु ब्राजाकीलाई नेपाली गजल परम्परामा लिन सकिन्छ । मरेर गए पनि नेपाली गजलका क्षेत्रमा यिनले दिएका गजलहरुका कारण यिनी सदा अमर, आदरणीय र सम्मानित अग्रजका रुपमा रहिरहने छन् ।

# परिच्छेद : ५ (पाँच)

# मनु ब्राजाकीको 'गजलगङ्गा' गजलसङ्ग्रहको अध्ययन र विश्लेषण

## ५.१ 'गजलगङ्गा' गजलसङ्ग्रहको परिचय

'अञ्चल सन्देश' पत्रिकामा 'भर्‌याङ' शीर्षकको कथा प्रकाशनसँगै मनु ब्राजाकी वि.सं.२०१९ मा नेपाली साहित्यमा प्रवेश गरेका हुन् । नेपाली गजलका क्षेत्रमा भने उनी २०४० सालपश्चात् मात्रै प्रवेश गरेका हुन् । तीन दशकभन्दा लामो समयसम्म मनु ब्राजाकीले नेपाली गजलका क्षेत्रमा योगदान दिएका थिए । **रचना**, **गरिमा**, **मधुपर्क** जस्ता पत्रिकामा उनका गजलहरु प्रकाशित भएका थिए ।

प्रकाशित गजलसङ्ग्रहहरुमध्ये 'गजलगङ्गा' मनु ब्राजाकीको पहिलो गजलसङ्ग्रह हो । यो सङ्ग्रह वि.सं. २०५१ मा साझा प्रकाशनबाट प्रकाशित भएको थियो । यस सङ्ग्रहमा मनु ब्राजाकीको गजलयात्राको पूर्वार्द्ध चरण आरम्भदेखि २०४८ सालसम्म लेखिएका गजलहरु सङ्ग्रह गरिएका छन् । यस सङ्ग्रहमा उनका ८९ वटा गजलहरु समावेश गरिएका छन् । ती ८९ वटा गजलहरु निम्न रहेका छन् :

| | |
|---|---|
| १. अभागीको कस्तो | २. बसेको छु म त यहाँ |
| ३. तिमी हाँस्छौ म हाँस्छु | ४. अयोध्यामा पाइँदैन |
| ५. उडी जाने चरीलाई | ६. आकाशमा नौलाख तारा |
| ७. कस्का लागि उन्न थाल्यौ | ८. सोच्न थालेँ गम्न थालेँ |

| | |
|---|---|
| ९.बोलाउँछ हामीलाई | १०. फूलजस्तै हाँसिराख्छन् |
| ११. मेरो चिताभन्दा | १२. भएछ सुखी ऊ पनि |
| १३. माया गर्न थालेको मैले | १४.बानी हो यो बानी हो |
| १५. दुख्छ सधैँ दुःख दिने | १६. प्रिय तिमी लेख |
| १७. तिमीसित सोध्न थाले | १८. फकाउन आफूभन्दा |
| १९. मानिस त एउटै हो | २०. हावाहुरी घामपानी |
| २१. स्नेह तिमी टाढै बस | २२. मेरो बोली सुनेपछि |
| २३. कताकता पुल हालूँ | २४. तिम्रो माया समीर झैँ |
| २५. फलेको हाँगो झुक्छ | २६. आऊ तिमी फर्की |
| २७. पछुतो यो भन्छ्यौ किन | २८. मिर्मिरे यो प्रभातले |
| २९. अहो ज्ञानुजी ! | ३०. मात्छु पनि माते पनि |
| ३१. अँध्यारोमा अरुलाई | ३२. भ्रष्टाचारकी सुन्दरीले |
| ३३. पाइँदैन केही भन्ने | ३४. सुनेको हो मैले |
| ३५. यो बाटोमा उकाली छ | ३६. हो ज्ञानुजी अब धेरै |
| ३७. उदाएको साँझ थियो | ३८. सीता तिमी लक्ष्मण रेखा |
| ३९. हाँसिराख्न सिके मैले | ४०. हेर यहाँ काँडामाथि |
| ४१. विदाइमा तिम्रो हाँसो | ४२. सम्झनाको कुहिरोले |
| ४३. जागिर दिई पुर्‍याइदिनोस् | ४४. तल तल धेरै तल |
| ४५. तिमी पनि थियौ क्यारे | ४६. जतिपटक जागे पनि |
| ४७. बग्छ बग्छ अडिँदैन | ४८. देखे पनि नदेखेझैँ |

४९. उडिगए हुन्छ यो मन ५०. यो धमिलो साँझ

५१. सूर्य चन्द्र, ग्रह उनै ५२. किनारतिर नफर्किने

५३. ओरिपरि छेउछाउ ५४. गल्लीभित्र एउटा सानो

५५. नमस्ते त गरेथ्यौ ५६. शत्रुलाई आफूसित

५७. समयले पुर्छ भन्छन् ५८. भित्रै पाल्नुस् नमस्ते छ

५९. तिमी भन्थ्यौ, उसले भन्थ्यो ६०. सयपत्री रोपेँ भन्या

६१. सबैसँग आफ्नो आफ्नो ६२. जीवन कहिले लघुकथा

६३. परिचित हुनुभन्दा ६४. कसले खोज्ला हामीलाई

६५. कति टाढा टाढा मन ६६. यो मेरो मन कत्रो छ

६७. फूल सबै रङ्गीचङ्गी ६८. जाने भए जाऊन् सबै

६९. हृदयकको निभ्छ दियो ७०. अन्याय भनेर पाप भनेर

७१. आकाशका फल सबै ७२. चेपुवामा परेका छन्

७३. जहिलेदेखि आफूलाई ७४. एकलव्यहरु अझै

७५. अपहत्ते गर्नु किन ७६. उक्लदै जाँदा उकालो

७७. ढाँटीछली आफूलाई ७८. परिवर्तन वेसंहार लाग्छ

७९. मृत्युभन्दा बढी के नै ८०. क्षमा गर्नू बिर्सिएछु

८१. हृदयको ढोका खोली ८२. यस्तो अवस्थामा

८३. उकालोमा भारी बोकी ८४. फेरि हाँस्यो मनु

८५. वनमा सानो झुप्रो थियो ८६. फूलजस्तै फुलेपछि

८७. भ्रष्टाचारको परम्परा ८८. तिमीलाई आजभोलि

८९. हात्ती हुन हात्तीको झैँ ।

यसप्रकार माथि उल्लिखित उनान्नब्बे वटा गजलहरुको सङ्ग्रहका रुपमा **गजलगङ्गा** रहेको छ । प्रत्येक गजलहरुको अध्ययन एवम् विश्लेषण क्रमिक रुपमा तलका शीर्षकहरुमा गरिएका छन् ।

## ५.२ 'गजलगङ्गा' मा प्रयुक्त गजलहरुको संरचना

संरचना कुनै वस्तुको निर्माण तत्व वा संरचक घटकहरुको परम्परागत समग्रता हो । गजलको संरचना भन्नाले गजल बन्नका लागि आवश्यक तत्वहरु बुझिन्छ । सेर, काफिया, रदिफ, तखल्लुस, बहर आदि गजलका संरचनात्मक तत्वका रुपमा चिनिन्छन् ।

यस शीर्षकअन्तर्गत **गजलगङ्गा** गजलसङ्ग्रहमा रहेका गजलहरुको बाह्य संरचनाका आधारमा विश्लेषण गरिएको छ । मुख्यतया गजलमा रहेका सेरहरु, काफिया, रदिफ, तखल्लुसको प्रयोगको अवस्था र लययोजनाको अध्ययन विश्लेषण गरिएको छ ।

### ५.२.१ सेरहरुको प्रयोग

गजलको संरचना निर्माणमा सेरहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । गजलमा प्रयोग हुने सेरको सङ्ख्याका बारेमा कडिकडाउ नियम कहीँकतै भेटिँदैन । सामान्यतया तीनदेखि बीसभन्दा बढीका सेरहरुको प्रयोग भएका गजलहरु पनि पाइन्छन् ।

मनु ब्राजाकीको यस सङ्ग्रहभित्र चार सेरदेखि तेह्र सेरसम्मको प्रयोग भएका गजलहरु रहेका छन् । सेर सङ्ख्याका आधारमा यस **गजलगङ्गा** सङ्ग्रहका गजलहरुलाई निम्नानुसार उल्लेख गरिएका छन्:

**चार सेरयुक्त गजलहरु**

चार सेरयुक्त गजलहरु यस सङ्ग्रहमा जम्मा आठ वटा रहेका छन् अर्थात् चार वटा सेर भएका गजलहरु यस सङ्ग्रहभित्र आठ वटा रहेका छन् । ती गजलहरु निम्नानुसार उल्लेख गरिएका छन् :

| | |
|---|---|
| अयोध्यामा पाइँदैन | उडीजाने चरीलाई |
| तिमी भन्थ्यौ, उसले भन्थ्यो | सयपत्री रोपे भन्या |
| सबैसँग आफ्नो आफ्नो | जहिलेदेखि आफूलाई |
| एकलव्यहरु अझै | ढाँटीछली आफूलाई । |

**पाँच सेरयुक्त गजलहरु**

मनु ब्राजाकीको यस गजलसङ्ग्रहभित्र पाँच सेरयुक्त गजलहरु पनि रहेका छन् । निम्न गजलहरुमा सेरको सङ्ख्या पाँच रहेको छ । अर्थात् चौँतीस वटा गजलहरुमा पाँच सेरको प्रयोग गरिएको छ ।

| | |
|---|---|
| अभागीको कस्तो | बसेको छु म त यहाँ |
| तिमी हाँस्छौ म हाँस्छु | आकाशमा नौलाख तारा |
| सोच्न थालेँ गम्न थालेँ | फूलजस्तै हाँसिराख्छन् |
| भएछ सुखी ऊ पनि | दुख्छ सधैँ दुःख दिन |
| फकाउनु आफूभन्दा | मानिस त एउटै हो |
| कता कता पुल हालूँ | फलेको हाँगो झुक्छ |
| अहो, ज्ञानुजी | अँध्यारोमा अरुलाई |
| भ्रष्टाचारकी सुन्दरीले | हेर यहाँ काँडामाथि |
| तिमी पनि थियौ क्यारे | जतिपटक जागे पनि |
| उडीगए हुन्छ यो मन | धमिलो यो साँझ |

नमस्ते त गरेथ्यौ

भित्रै पाल्नुस् नमस्ते

परिचित हुनुभन्दा

कति टाढा टाढा मन

जाने भए जाऊन सबै

अपहत्ते गर्नु किन

तिमीलाई आजभोलि

समयले पुर्छ भन्छन्

जीवन कहिले लघुकथा

कसले खोज्ला हामीलाई

फूलजस्तै रङ्गीचङ्गी

हृदयको निभ्छ दियो

उक्लदै जाँदा उकालो

हात्ती हुन हात्तीको झैँ ।

छ सेरयुक्त गजलहरु

यस सङ्ग्रहमा सत्र वटा गजलहरु छ सेरयुक्त रहेका छन् । छ सेर प्रयोग भएका मनु ब्राजाकीका गजलहरु निम्नअनुसार रहेका छन् :

बोलाउँछ हामीलाई

स्नेह तिमी टाढै बस

सुनेको हो मैले

विदाइमा तिम्रो हाँसो

देखे पनि नदेखेझैँ

शत्रुलाई आफूसित

अन्याय भनेर पाप भनेर

मृत्युभन्दा बढी के नै

फेरि हाँस्यो मनु ।

प्रिय तिमी लेख

पाइँदैन केही भन्ने

सीता तिमी

सम्झनाको कुहिरोले

वरिपरि छेउछाउ

यो मेरो मन कत्रो छ

परिवर्तन बेसंहार लाग्छ

क्षमा गर्नू बिर्सिएछु

**सात सेरयुक्त गजलहरु**

सात वटा सेरको प्रयोग भएका गजलहरु यस सङ्ग्रहमा चौबीस वटा रहेका छन् । ती सात सेरयुक्त गजलहरु निम्न छन् :

| | |
|---|---|
| कस्का लागि उन्न थाल्यौ | मेरो चिताभन्दा ठुलो |
| माया गर्न थालेको मैले | तिमीसित सोध्न थालें |
| हावा, हुरी, घामपानी | आऊ तिमी फर्की |
| पछुतो भो भन्छ्यौ किन | मिर्मिरे भो प्रभातले |
| मात्छु पनि माते पनि | यो बाटोमा उकाली छ |
| हो ज्ञानुजी अब धेरै | उदाएको साँझ थियो |
| जागिर दिई पुर्‍याइदिनुस् | तल तल धेरै तल |
| बग्छ बग्छ अडिँदैन | सूर्यचन्द्र ग्रह उनै |
| किनारतिर नफर्किने | गल्लीभित्र एउटा सानो |
| आकाशका फल सबै | हृदयको ढोका खोली |
| यस्तो अवस्थामा | वनमा सानो झुप्रो थियो |
| फूलजस्तै फुलेपछि | भ्रष्टाचारको परम्परा । |

**आठ सेरयुक्त गजल**

यस सङ्ग्रहमा **उकालीमा भारी बोकी** गजलमा आठ सेरको प्रयोग भएको छ । आठ सेरको प्रयोग भएका अन्य गजलहरु यस सङ्ग्रहमा रहेका छैनन् ।

**नौ सेरयुक्त गजलहरु**

नौ सेरको प्रयोग भएका गजलहरु यस सङ्ग्रहमा चार वटा रहेका छन् । ती गजलहरु निम्नानुसार रहेका छन् :

| | |
|---|---|
| मेरो बोली सुनेपछि | तिम्रो माया समीर झैं |

हाँसिराख्न सिकेँ मैले चेपुवामा परेका छन् ।

**तेह्र सेरयुक्त गजल**

दस, एघार र बाह्र सेरका गजलहरु यसमा रहेका छैनन् । तेह्र सेरयुक्त गजल एउटा रहेको छ । उक्त गजल **बानी हो, यो बानी हो** हो ।

**निष्कर्ष**

सेर प्रयोगका दृष्टिले मनु ब्राजाकीको गजलगङ्गा गजलसङ्ग्रहलाई हेर्दा खोट लगाउनुपर्ने कुनै पनि ठाउँ देखिँदैन । चार सेरदेखि तेह्र सेरसम्मका गजलहरु यसमा रहेका छन् । सबैभन्दा बढी पाँच सेरयुक्त गजलहरु रहेका छन् । गजलको सिद्धान्त विपरीत हुने खालका कुनै सेरहरुको आयोजना नभएकाले सेरहरुका दृष्टिले गजल उपयुक्त मान्नु पर्दछ ।

## ५.२.२ काफिया र रदिफको प्रयोग

मनु ब्राजाकीको यस गजलगङ्गा गजलसङ्ग्रहमा रहेका प्रायः सबै गजलहरुमा काफियाको प्रयोग गरिएको छ । तैपनि कतिपय गजलका मतला खण्डमा भने काफियाको प्रयोग गरिएको छैन । मतलाको पूर्ण प्रयोग भएका र नभएका दुबै किसिमका गजलहरु यसमा रहेका छन् । मतला खण्डमा दुवै मिसरामा काफिया आवश्यक छ । यस सङ्ग्रहका मतला खण्डमा काफियाको प्रयोग नभएका केही सेरहरुलाई हेरौँ :

तिमी हाँस्छौ, म हास्छु ,

मन किन हो किन उदास हुन्छ ।

(तिमी हाँस्छौ, म हाँस्छु)

दुख्छ सधैँ दुख्ख दिने गाँठोलाई

फुकाउन नसकेर छिन्न खोज्दा ।

(दुख्छ सधैँ दुःख दिने)

अँध्यारोमा अरुलाईभन्दा पनि

आफूलाई नियालेर हेर्ने गर्नु ।

(अँध्यारोमा अरुलाई)

बग्छ बग्छ अडिदैन

जीवन मेरो खोला जस्तो ।

(बग्छ बग्छ अडिदैन)

ओरिपरि छेउछाउ कोही पनि छैन

मनमा तर धेरै ठुलो कोलाहल छ ।

(ओरिपरि छेउछाउ)

समयले पुर्छ भन्छन् तनमनको घाउ तर

सम्भाइ राख्छ अभै पनि कुरुप त्यो दागले नै ।

(समयले पुर्छ भन्छन्)

कसले खोज्ला हामीलाई ?

आफन्तबीच हराएका छौं ।

(कसले खोज्ला हामीलाई)

जाने भए जाऊन सबै सुख्खहरु तर्किएर,

दुख्खलाई भए पनि फकाएर राखेको छु ।

(जाने भए जाऊन सबै)

चेपुवामा परेका छन् मूलहरु

मेरै हुन् ती, मेरो उद्धार कैले होला ।

(चेपुवामा परेका छन्)

माथि उल्लेख गरिएका सेरहरु बेग्लाबेग्लै गजलका मतला खण्डका हुन् । यी सबै मतलाका दुबै मिसरामा काफिया र रदिफको प्रयोग भएको देखिँदैन । रदिफ गजलका लागि आवश्यक तत्व नभए पनि काफिया आवश्यक तत्व हो । उक्त सेरहरुमा रदिफ सँगसँगै काफियाको प्रयोग पनि नगरिएको हुँदा मतला खण्ड कमजोर रहेको छ । तसर्थ माथिका मतलाहरु गजलको सिद्धान्त विपरित रहेका छन् ।

गजलगङ्गा गजलसङ्ग्रहमा रहेका ८९ वटा गजलहरुमध्ये १० वटा गजलका मतला खण्ड कमजोर रहे पनि ७९ वटा गजलहरुमा काफियाको प्रयोग गजलको सिद्धान्त अनुरुप नै रहेका छन् । मतला खण्डमा काफिया र रदिफको प्रयोग भएका र नभएका केही उदाहरणहरु निम्नानुसार रहेका छन् :

मानिस त एउटै हो थरिथरि रुप भएछ

यही कुरा बुझेर नै 'मनु' आज चुप भएछ ।

कता कता पुल हालूँ दुई दिनको चोला रै'छ

वारि पनि खोला रै'छ पारि पनि खोला रै'छ ।

भ्रष्टाचारकी सुन्दरीले बोलाउँछे सान गरी

मोजमज्जा पाऊँ भनी बसेपछि ध्यान गरी ।

हो ज्ञानुजी, अब धेरै मात्नु भएन

रिसाए हुन्छ तर टिन झैं तात्नु भएन ।

सम्झनाको कुहिरोले ढाकिएछ यो मन
न्यानो पार्न आफूभित्रै राखिएछ यो मन ।

यी सेरहरुमा काफिया र रदिफ दुबैको प्रयोग गरिएको छ । अब रदिफको प्रयोग नभएका तर काफियाको प्रयोग भएका केही सेरहरु निम्नानुसार उल्लेख गरिएका छन् :

अभागीको कस्तो हुँदो रै'छ कर्म
साहुजीको मुस्कान झैँ धरोधर्म ।

अयोध्यामा पाइँदैन आजभोलि काम
सीता पोइल गएपछि खुसी छ यो राम ।

उडिजाने चरीलाई देखेर त होला
मैले पनि तरेको छु यो गाउँको खोला ।

भित्रै पाल्नुस्, नमस्ते छ, कति कामले ?
सिफारिस लागेन के मेरो नामले ।

अन्याय भनेर पाप भनेर हिजो थुकेको थूक
आज डरले चाट्दैछन् सब देखेर बन्दुक ।

उपर्युक्त सेरहरु गजलगङ्गा गजलसङ्ग्रहका भिन्नाभिन्नै मतला खण्डअन्तर्गतका हुन् । माथिका सेरहरुमा क्रमशः रुप र चुप, चोला र खोला, सान र ध्यान, मात्नु र तात्नु, ढाकिएछ र राखिएछ काफियाको प्रयोग गरिएका छन् । त्यस्तै ती सेरहरुमा नै भएछ, रै'छ, गरी, भएन यो मन जस्ता रदिफको प्रयोग भएका छन् । त्यस्तै रदिफको प्रयोग नभएका तर काफियाको प्रयोग भएका सेरहरु पनि रहेका छन् । उपयुक्त उदाहरणमा दिइएका सेरहरुमा कर्म र धरोधर्म, काम र राम, होला र खोला, कामले र नामले, थूक र बन्दुक काफिया हुन् । यिनमा रदिफको प्रयोग गरिएको छैन ।

## ५.२.३ तखल्लुसको प्रयोग

गजलगङ्गा गजलसङ्ग्रहमा रहेका जम्मा ८९ वटा गजलहरुमध्ये ४९ वटा गजलहरुमा तखल्लुसको प्रयोग सुन्दर ढङ्गले गरिएको छ भने ४० वटा गजलहरु तखल्लुसरहित छन् । ४९ वटा गजलहरुमा ६७ पटक उनले आफ्नो नाम अर्थात् तखल्लुसको प्रयोग गरेका छन् । तखल्लुसको प्रयोग भएका केही सेरहरुलाई यहाँ उदाहरणका रुपमा प्रस्तुत गरिएका छन् :

**मनु** लाई सोध तिमी मलाई केही थाहा छैन

कस्तो हुन्छ आफूलाई फूलैफूलले छेकेपछि ।

वारिपारि खोलैखोला महाप्रलयजस्तै

**मनु** लाई छोडी अब हिँडेको छ डुङ्गाले ।

गरिबीको रेखामुनि सुख्ख कहाँ गयो

**मनु** लाई बेच्दाबेच्दा भएछ दरिद्र ।

विपन्नता रुन्छ यहाँ सम्पन्नता हाँस्छ उता

**मनु** ले त लुकिचोरी दुबैलाई सहेको छ ।

मैले देखेँ **मनु**लाई पारिपट्टि

अब यो उर्लदो खोला तर्न सकिन्छ ।

यसप्रकार यस गजलसङ्ग्रहमा तखल्लुसको रुपमा आएको मनु शब्द कहीँ प्रथम पुरुषका रुपमा, कहीँ द्वितीय पुरुषका रुपमा र कहीँ तृतीय पुरुषका रुपमा प्रयोग गरिएको देखिन्छ । विभिन्न रुपमा प्रयोग भएका केही तखल्लुसका उदाहरण निम्नानुसार उल्लेख गरिएका छन् :

फूल हो कि, काँढा हो कि **मनु** हो यो तिम्रो सामु

राम्रोसँग चिन्न खोज सूर्य अझै उदाएको छैन ।

यस सेरमा गजलकार ब्राजाकीले आफूलाई पात्रका रुपमा उभ्याएर मनु शब्दको प्रयोग गरेका छन् । तसर्थ यस सेरमा प्रयोग भएको मनु शब्द प्रथमपुरुषका रुपमा रहेको छ ।

चिनिएन घुँइचोमा आफूलाई यहाँ

भनिदेऊ **मनु** तिमी के हो मेरो नाम ?

यस सेरमा मनु शब्दलाई द्वितीय पुरुषका रुपमा सम्बोधन गरिएको छ । मनुलाई तिमी समेत भनिएकाले यस मनु तखल्लुस द्वितीय पुरुषको रुपमा रहेको छ ।

खोज्छिन् आमा छोराछोरी घर आँगनमा

**मनु** सँगै सीमा पार गरिसके होलान् ।

यस सेरमा मनु तखल्लुस तृतीय पुरुषका रुपमा प्रयोग गरिएको छ । यस सेरमा मनुकै बारेमा भनिएको हुँदा तृतीय पुरुषका रुपमा रहेको छ ।

यस प्रकार मनु ब्राजाकीले **गजलगङ्गा** गजलसङ्ग्रहमा संग्रह गरिएका सबै गजलहरुमा तखल्लुसको प्रयोग नगरेको भए तापनि तखल्लुसको प्रयोग भएका सबै गजलहरु भने तखल्लुस प्रयोगका दृष्टिले उत्कृष्ट रहेका छन् । मनु तखल्लुसलाई पनि विविध तरिकाले विविध अर्थमा प्रयोग गरिएको छ । तसर्थ यस दृष्टिले हेर्दा गजलहरु उच्चकोटिको मान्न सकिन्छ ।

### ५.२.४ गजलगङ्गा गजलसङ्ग्रहका गजलहरुको लययोजना

**गजलगङ्गा** गजलसङ्ग्रहमा रहेका ८९ वटा गजलहरुमा विभिन्न लययोजनाको आयोजना गरिएको छ । कतिपय गजलहरु सङ्गीतका दृष्टिकोणले पनि उत्कृष्ट रहेका छन् । यसमा भएका गजलहरुको अक्षर सङ्ख्या र लययोजनालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

| क.सं. | गजलको शीर्षक | लययोजना |
|---|---|---|
| १. | अभागीको कस्तो | ६+६=१२ |
| २. | बसेको छु म त यहाँ | ८+८=१६ |
| ३. | तिमी हाँस्छौ म हाँस्छु | ७+१२=१९ |
| ४. | अयोध्यामा पाइँदैन | ८+६=१४ |
| ५. | उडी जाने चरीलाइ | ८+६=१४ |
| ६. | आकाशमा नौलाख तारा | ९+९=१८ |
| ७. | कस्का लागि उन्न थाल्यौ | ८+८=१६ |
| ८. | सोच्न थालेँ गम्न थालेँ | ८+८=१६ |
| ९. | बोलाउँछ हामीलाई | ८+७=१५ |
| १०. | फूलजस्तै हाँसिराख्छन् | ८+६=१४ |
| ११. | मेरो चिताभन्दा | ८+७=१५ |
| १२. | भएछ सुखी ऊ पनि | ८+८=१६ |
| १३. | माया गर्न थालेको मैले | ९+९=१८ |
| १४. | बानी हो यो बानी हो | ७+८=१५ |
| १५. | दुख्छ सधैँ दुःख दिने | ८+४=१२ |

| | | |
|---|---|---|
| १६. | प्रिय तिमी लेख | ८+६=१४ |
| १७. | तिमीसित सोध्न थाले | ८+६=१४ |
| १८. | फकाउन आफूभन्दा | ८+६=१४ |
| १९. | मानिस त एउटै हो | ८+८=१६ |
| २०. | हावाहुरी घामपानी | ८+८=१६ |
| २१. | स्नेह तिमी टाढै बस | ८+६=१४ |
| २२. | मेरो बोली सुनेपछि | ८+८=१६ |
| २३. | कताकता पुल हालूँ | ८+८=१६ |
| २४. | तिम्रो माया समीरझैं | ८+८=१६ |
| २५. | फलेको हाँगो झुक्छ | ८+८=१६ |
| २६. | आऊ तिमी फर्की | ८+६=१४ |
| २७. | पछुतो यो भन्छ्यौ किन | ८+८=१६ |
| २८. | मिर्मिरे यो प्रभातले | ८+८=१६ |
| २९. | अहो ज्ञानुजी ! | ७+५=१२ |
| ३०. | मात्छु पनि माते पनि | ८+९=१७ |
| ३१. | अँध्यारोमा अरुलाई | ८+४=१२ |
| ३२. | भ्रष्टाचारकी सुन्दरीले | ८+८=१६ |
| ३३. | पाइँदैन केही भन्ने | १४+१३=२७ |
| ३४. | सुनेको हो मैले | ८+६=१४ |
| ३५. | यो बाटोमा उकाली छ | ८+८=१६ |
| ३६. | हो ज्ञानुजी अब धेरै | ८+७=१५ |
| ३७. | उदाएको साँझ थियो | ८+८=१६ |
| ३८. | सीता तिमी लक्ष्मण रेखा | ८+६=१४ |
| ३९. | हाँसिराख्न सिके मैले | ८+८=१६ |
| ४०. | हेर यहाँ काँडामाथि | ८+४=१२ |
| ४१. | विदाइमा तिम्रो हाँसो | ८+८=१६ |
| ४२. | सम्झनाको कुहिरोले | ८+८=१६ |

| | | |
|---|---|---|
| ४३. | जागिर दिई पुर्याइदिनोस् | ८+८=१६ |
| ४४. | तल तल धेरै तल | ८+८=१६ |
| ४५. | तिमी पनि थियौ क्यारे | ८+८=१६ |
| ४६. | जतिपटक जागे पनि | ८+७=१५ |
| ४७. | बग्छ बग्छ अडिँदैन | ४+४=८ |
| ४८. | देखे पनि नदेखेझैँ | ८+५=१३ |
| ४९. | उडिगए हुन्छ यो मन | ८+८=१६ |
| ५०. | यो धमिलो साँझ | ६+६=१२ |
| ५१. | सूर्य चन्द्र, ग्रह उनै | ८+८=१६ |
| ५२. | किनारतिर नफर्किने | ८+६=१४ |
| ५३. | ओरिपरि छेउछाउ | ८+६=१४ |
| ५४. | गल्लीभित्र एउटा सानो | ८+८=१६ |
| ५५. | नमस्ते त गरेथ्यौ | ७+७=१४ |
| ५६. | शत्रुलाई आफूसित | ८+७=१५ |
| ५७. | समयले पुर्छ भन्छन् | ८+८=१६ |
| ५८. | भित्रै पाल्नुस् नमस्ते छ | ८+४=१२ |
| ५९. | तिमी भन्थ्यौ, उसले भन्थ्यो | ८+९=१७ |
| ६०. | सयपत्री रोपेँ भन्या | ८+८=१६ |
| ६१. | सबैसँग आफ्नो आफ्नो | ८+१०=१८ |
| ६२. | जीवन कहिले लघुकथा | ८+८=**१६** |
| ६३. | परिचित हुनुभन्दा | ८+४=१२ |
| ६४. | कसले खोज्ला हामीलाई | ४+५=९ |
| ६५. | कति टाढा टाढा मन | ८+६=१४ |
| ६६. | यो मेरो मन कत्रो छ | ८+६=१४ |
| ६७. | फूल सबै रङ्गीचङ्गी | ८+४=१२ |
| ६८. | जाने भए जाऊन् सबै | ८+८=१६ |
| ६९. | हृदयकको निभ्छ दियो | ८+१२=२० |

| | | |
|---|---|---|
| ७०. | अन्याय भनेर पाप भनेर | ८+८=१६ |
| ७१. | आकाशका फल सबै | ८+६=१४ |
| ७२. | चेपुवामा परेका छन् | ८+४=१२ |
| ७३. | जहिलेदेखि आफूलाई | ८+८=१६ |
| ७४. | एकलव्यहरु अझै | ८+३=११/८+४=१२ |
| ७५. | अपहत्ते गर्नु किन | ८+८=१६ |
| ७६. | उक्लदै जाँदा उकालो | ८+८=१६ |
| ७७. | ढाँटीछली आफूलाई | ८+८=१६ |
| ७८. | परिवर्तन वेसंहार लाग्छ | ८+८=१६ |
| ७९. | मृत्युभन्दा बढी के नै | ८+७=१५ |
| ८०. | क्षमा गर्नू बिर्सिएछु | ८+८=१६ |
| ८१. | हृदयको ढोका खोली | ८+८=१६ |
| ८२. | यस्तो अवस्थामा | ८+४=१२ |
| ८३. | उकालोमा भारी बोकी | ८+८=१६ |
| ८४ | फेरि हाँस्यो मनु | ८+६=१४ |
| ८५. | वनमा सानो झुप्रो थियो | ८+४=१२ |
| ८६. | फूलजस्तै फुलेपछि | ८+८=१६ |
| ८७. | भ्रष्टाचारको परम्परा | ८+६=१४ |
| ८८. | तिमीलाई आजभोलि | ८+८=१६ |
| ८९. | हात्ती हुन हात्तीको झैँ | ८+६=१४ |
| | | |

यसप्रकार माथि तालिकामा उल्लेख गरे बमोजिमको अक्षर सङ्ख्या र लययोजनाका आधारमा **गजलगङ्गा**का गजलहरु रहेका छन् । यसले गजललाई श्रुतिमधुर र साङ्गीतिक बनाउन निकै ठुलो भूमिका खेलेको देखिन्छ । यस सङ्ग्रहमा रहेका ८९ गजलहरुमध्ये ४० वटा गजलहरु १६ अक्षरको संरचनामा संरचित रहेको देखिन्छ। यी ४० वटा गजलहरुको लय ढाँचा ८/८ अक्षरमा विश्राम रहेको छ । त्यस्तै बाँकी ४९ वटा गजलहरुमध्ये १८ वटा

गजलहरुको अक्षर संरचना १४ रहेको देखिन्छ । यसको लय ढाँचा ८ र ६ अक्षरमा विश्राम रहेको छ । सबैभन्दा बढी अक्षर संरचना **पाइँदैन केही भन्ने** शीर्षकको गजलमा रहेको छ । यसको अक्षर सङ्ख्या २७ रहेको छ र लय ढाँचा १४ र १३ मा विश्राम रहेको छ । त्यस्तै ८ र ४ मा विश्राम हुने, ७ र ५ मा विश्राम हुने, ६/६ मा विश्राम हुने १२ अक्षरको संरचनाका गजलहरुको सङ्ख्या १३ रहेको छ । त्यस्तै सबैभन्दा कम अक्षर सङ्ख्या रहेको गजलका रुपमा **बग्छ बग्छ अडिँदैन** रहेको छ । यसको अक्षर संरचना ४/४ मा विश्राम रहेका ८ अक्षर सङ्ख्या रहेको छ ।

## ५.२.५ निष्कर्ष

**गजलगङ्गा** गजलसङ्ग्रहका गजलहरुलाई बाह्य तत्वका आधारमा विश्लेषण गर्दा यसमा चारदेखि तेह्र सेरसम्मका गजलहरु रहेका छन् । सेरहरुका हिसाबले हेर्दा गजलहरु उपयुक्त नै रहेका छन् । सबैभन्दा बढी पाँच सेरयुक्त गजलहरु रहेका छन् । यसको सङ्ख्या ३४ रहेको छ । त्यस्तै १० वटा गजलका मतला खण्डका सेरहरु काफिया र रदिफका हिसाबले उपयुक्त नभए पनि बाँकी गजलका सेरहरुमा सिद्धान्तअनुरुप नै काफिया र रदिफको प्रयोग गरिएका छन् । काफियाको प्रयोग भएका तर रदिफको प्रयोग नभएका सेरहरु गजलमा प्रशस्तै रहेका छन् । रदिफ गजलको अनिवार्य तत्व नभएकाले यसले खासै प्रभाव पारेको छैन । त्यस्तै तखल्लुस प्रयोगका हिसाबले ८९ वटा गजलहरुमध्ये ४९ वटा गजलमा मनु ब्राजाकीले **मनु** तखल्लुसको प्रयोग प्रभावकारी र आकर्षक ढंगबाट गरेका छन् । अक्षर सङ्ख्याका हिसाबले हेर्दा १६ अक्षरका गजलहरुको बाहुल्यता रहेको छ भने १४ अक्षर र १२ अक्षरका गजलहरु पनि प्रशस्तै रहेका छन् । ८ अक्षरदेखि २७ अक्षरसम्मका गजलहरु मनु ब्राजाकीले यस सङ्ग्रहमा राखेका छन् ।

यसरी समग्रमा हेर्दा गजलगङ्गा भित्रका केही गजलहरुबाहेक धेरैजसो गजलहरु बाह्य संरचनाका हिसाबले उपयुक्त नै रहेका छन् । बाह्य संरचना पक्षलाई ब्राजाकीले पालना गर्ने प्रयास गरेको देखिन्छ ।

## ५.३ आन्तरिक तत्वका आधारमा 'गजलगङ्गा' गजलसङ्ग्रह

बाह्य तत्वका साथै गजललाई विश्लेषण गर्दा आन्तरिक तत्वका आधारमा पनि गरिनु आवश्यक हुन्छ । गजलका आन्तरिक तत्वका रुपमा भावविधान, अलङ्कारको प्रयोग, बिम्ब र प्रतीक, लय र सङ्गीतजस्ता कुराहरु पर्दछन् । यिनै तत्वहरुका आधारमा गजलगङ्गा गजलसङ्ग्रहको अध्ययन र विश्लेषण निम्नानुसार गरिएको छ ।

### ५.३.१ गजलगङ्गामा रसविधान

गजलको बाह्य संरचना जतिसुकै सशक्त  भए पनि भावपक्ष कमजोर भएमा त्यसलाई गजलका रुपमा स्विकारिँदैन । तसर्थ भावविधान गजलको महत्वपूर्ण आन्तरिक तत्व हो । भाव मूलतः हृदयसँग सम्बन्धित कुरा हो । कवितामा जस्तै गजलमा पनि महत्वपूर्ण तत्वका रुपमा यसलाई स्विकारिन्छ । गजलमा सबै किसिमका भाव बाँधिन सक्छ । कोमल र प्रभावकारी भावाभिव्यञ्जन यसैबाट पनि हुन सक्छ । प्रभावकारिता गजलमा हुनुपर्ने अर्को आवश्यक पक्ष हो । (कृष्णहरि बराल, **संदृष्टि,** (काठमाडौँः साझा प्रकाशन, २०५५) पृ.८५)। प्रणय प्रसङ्ग अर्थात् शृङ्गारिक भावको अभिव्यक्ति गजलको आरम्भ भए पनि हाल आएर यसले करुण, हास्य, शान्त, रौद्र जस्ता भावगत विविधतालाई पनि समेटेको छ । गजलकार ब्राजाकीले पनि विविध भावलाई गजलमा समेटेका छन् । ती विविध भाव र त्यसको उदाहरणसहित अध्ययन, विश्लेषण निम्नानुसार गरिएको छ ।

#### ५.३.१.१ शृङ्गारिक रस

पूर्वीय साहित्य चिन्तनमा शृङ्गार रसलाई रसराजको रुपमा लिइएको छ । गजल गायन वा लेखनको आरम्भमा शृङ्गारिक विषयवस्तुलाई प्रमुखता दिइएको थियो । गजलको व्युत्पत्तिमूलक अर्थले शृङ्गरिक पक्षलाई नै जोड दिएको थियो । प्रणय सूत्रमा बाँधिएका नायकनायिकाको प्रेमवर्णन नै शृङ्गार हो । यसका दुई भेद छन् : सम्भोग वा संयोग शृङ्गार र विप्रलम्भ वा विरह शृङ्गार ।

सम्भोग वा संयोग शृङ्गारमा नायकनायिकाको संयोगान्त प्रेमको वर्णन हुन्छ भने विप्रलम्भ वा विरह शृङ्गारमा प्रेमको वियोगान्त अवस्थाको वर्णन हुन्छ । मनु ब्राजाकीले

गजलगङ्गाका गजलहरुमा शृङ्गारिक भावअन्तर्गतका संयोग र वियोग दुवैको प्रयोग गरेका छन् ।

**सम्भोग वा संयोग शृङ्गारको प्रयोग भएका सेरहरु**

मानिस भावनाको पुञ्ज । उसका मनमा विभिन्न भावहरु आइरहन्छ । मानिसले जे जस्तो परिवेशमा आफूलाई पाउँछ त्यही अनुसारको भाव उसमा उब्जन्छ । विभिन्न परिवेशमा उब्जिएका कतिपय भावहरु व्यक्त गर्न सकिने हुन्छन् भने कतिपय भावहरु व्यक्त गर्न नसकिने हुन्छन् । कुनै नायिकाको सुन्दर रुप देखेपछि आफूमा उत्पन्न भएका तरङ्ग र ती भावले पुर्‍याएको अन्योलको स्थितिलाई गजलकार मनु ब्राजाकीले यसरी व्यक्त गरेका छन्:

सोच्न थालेँ गम्न थालेँ तिमीलाई देखेपछि

तिमीजस्तै दुरुस्त नै एउटा गजल लेखेपछि ।

(सोच्न थालेँ गम्न थालेँ)

कसैको सुन्दरताले लठ्याएपछि मानिसले आफूलाई काबुमा राख्न सक्दैन । सौन्दर्यको स्पर्शले आकर्षण नगर्ने मन कि त ढुङ्गो झैँ कठोर हुन्छ कि त हिउँ झैँ चिसो हुन्छ । सामान्य अवस्थामा सौन्दर्यको स्पर्शले मन अनियन्त्रित भई हिँडिदिन्छ । यहाँ फूलजस्तै हाँसोका अधरको एकै मुस्कुराहटको झल्कोले नायकका अठोटहरु एकैपटक ढालिदिएको छ ।

त्यस्तै अर्को एउटा सेरलाई हेरौँ :

फूलजस्तै हाँसिराख्छन् तिम्रा ओठहरु

भ्रमर झैँ हुन थाले मेरा अठोटहरु ।

( फूलजस्तै हाँसिराख्छन् )

उपर्युक्त सेरहरुमा **भ्रमर** शब्दको प्रयोग प्रतीकात्मक रुपमा नायकलाई प्रणयकामी व्यक्तिको रुपमा उभ्याइएको छ । नायिकाको सुन्दर फूलरुपी ओठहरुले उसलाई निमन्त्रणा

दिएझैँ लाग्दछ । नायक नायिकाप्रति आकर्षित भइसकेको अवस्था उक्त सेरहरुमा व्यक्त भएको छ ।

**वियोग भावको प्रयोग भएका गजलका सेरहरु**

यस गजलसङ्ग्रहमा संयोग भावका गजलहरु प्रशस्त रहेका छन् । जीवनमा सधैँ सुखैसुख सम्भव छैन । दुःखका अवस्थाहरु पनि आइपर्दछन् । दुखानुभूतिले नै सुखको गरिमालाई उचो पारेको हो । गजलकार मनु ब्राजाकीले आफ्ना गजलहरुमा वियोग भावलाई कलात्मक र मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । प्रेम हृदयसँग सम्बन्धित कुरो हो । यो कसैको खटनमा चल्दैन । प्रेम आफैँ हुन्छ । यो विश्वासमा अडेको हुन्छ । कतिपय प्रेमीहरु छन् जो दुई मुटु एक बन्धनको बाचा गर्दछन् तर त्यसलाई विभिन्न कारणले पुरा गर्न सक्दैनन् । फलस्वरुप प्रेममा विश्वासको सङ्कट उत्पन्न हुन्छ । सुन्दर जीवन मरुभूमितुल्य बन्न पुग्छ । यही र यस्तै तथ्यलाई मनु ब्राजाकीले आफ्ना वियोगान्त गजलहरुमा खुलस्त पारेका छन् । केही सेरहरुका विश्लेषणहरु हेरौँ :

फर्कि आउँछु भन्ने तिम्रा असङ्ख्य ती बाचाहरु

हरियाली मासिदिने सलहको हुल जस्तै ।

(बिदाइमा तिम्रो हाँसो)

यस सेरमा वियोगको भाव समेटिएको छ । अनायासै साटिने मनमा जब जब दुःख पीडाहरु आइपर्छन् तब मान्छे सर्तक भई सोच्न थाल्दछ । मायाका नाममा गरेका भूलहरुले शूलजस्तै घोच्न थालेपछि मात्र ऊ ,आफूलाई सतर्क गराउँछ । तैपनि ऊ आफ्नो पूर्व प्रेमलाई भुल्न सकिरहेको हुँदैन । फर्केर आउँछु भनी गरेका लाखौँ बाचाहरुलाई ऊ हरियाली नास गर्ने सलहको हुलका रुपमा हेर्न पुग्दछ । यसप्रकार माथिका सेरहरुमा वियोगको वेदना र त्यसबाट प्राप्त शिक्षालाई एकैसाथ प्रस्तुत गरिएको छ ।

पाप लाग्ला भनेर नै मन्दिरको मुख हेरिनँ

किनभने त्यहाँ तिमीजस्तै ढुङ्गा रहेथ्यो ।

(क्षमा गर्नू बिर्सिएछु)

प्रेममा मान्छे अन्धो हुन्छ । समर्पणलाई नै बढी महत्व दिने हुनाले उसले अन्य कुराप्रति उदासीनता देखाउँछ । रुप र सौन्दर्यको पछि लाग्नाले जीवन नै बर्बाद हुने सम्भावनालाई ऊ बेवास्ता गरिरहेको हुन्छ । जब प्रेम टाढिँदै जान्छ तबमात्र ऊ झल्याँस्स हुन्छ । तैपनि एकोहोरो भएर सोचिरहन्छ र ऊ आफूलाई प्रतीक्षाका घडीमा लगाउँछ । यस कुरालाई ब्राजाकीले आफ्नो गजलमा यसरी व्यक्त गरेका छन् :

तिमीसँगै उदाउने जून पनि अस्ताएछ

सम्झनाको दीप अझै जगाएर राखेको छु ।

(जाने भए जाऊन् सबै)

प्रस्तुत सेरमा पनि वियोग शृङ्गारकै नमुना देखिएको छ । वियोग शृङ्गारको नमुना देखिए पनि शब्द संयोजनको कलात्मकताका कारणले गर्दा हृदयस्पर्शी एवम् मर्मभेदी भाव व्यक्त भएको छ । सेरमा प्रयोग भएको जून र दीप शब्दले अर्थको गम्भीरतालाई समेटेको छ । जून र दीप शब्द उज्यालो र आशाका बिम्बका रुपमा प्रयोग भएका छन् । प्रेमिकाको आगमनलाई अँध्यारोमा जून उदाएझैँ ठान्ने पात्रले प्रेमिकासँगको बिछोडसँगै जून पनि अस्ताएको कुरालाई यहाँ प्रस्तुत गरेका छन् । सास रहेसम्म आस भनेझैँ आफ्नी प्रेयसीको प्रतीक्षामा रहीरहने कुरा दीप जगाएको कुराले स्पष्ट पारेको छ । सम्झनाबाट प्रेयसी कहिले नहट्ने कुरा यहाँ चित्रित छ ।

यसप्रकार गजलकार मनु ब्राजाकीले गजलगङ्गा गजलसङ्ग्रहका गजलमा शृङ्गारिक भावका अनेक पक्षलाई राम्ररी उद्घाटन गरेका छन् । मान्छे प्रेमको कारणले बाँचिरहेको कुरा उनका गजलहरुले पुष्टि गर्दछन् । संयोग शृङ्गार र वियोग शृङ्गारको सुन्दर प्रयोगले गजलहरु हृदयस्पर्शी र प्रभावकारी बन्न पुगेका छन् ।

## ५.३.१.२ शान्त रस

संसार अनित्य छ र निस्सार छ भन्ने कुराको बोधबाट उत्पन्न हुने वैरागात्मक चित्रवृत्ति शान्त रस हो । शान्त रसमा समताको भाव हुन्छ । जीवनमा आइपर्ने सुखदु:खलाई समान रुपमा भोग्नु पर्छ भन्ने व्यावहारिक ज्ञान यसले प्रदान गर्दछ ।

मनु ब्राजाकीको गजलगङ्गा गजलसङ्ग्रहभित्र जीवनका गोरेटोमा आइपर्ने विभिन्न सुखदु:खका अवस्थालाई समान रुपमा स्वीकार गरेर हेर्नु पर्ने दृष्टिकोण राखिएका गजलका सेरहरु पनि रहेका छन् । मानिसको जीवन सुखदु:खको देउराली हो । मान्छे सुखमा मात्तिने र दु:खमा आत्तिने गर्नु हुँदैन । दु:ख र सुखलाई समान भावमा राखेर भोग्नु पर्छ । जसले सांसारिक ज्ञानलाई राम्ररी बुझेको छ त्यसले मात्र जीवनलाई राम्ररी भोग्न सक्छ । मान्छे यस धर्तीमा अवतरित भएको समयदेखि नै सङ्घर्षरत हुन्छ । त्यसैले उसका जीवनमा कैयौँ पटक सुखदु:ख मिलन बिछोडका अनुभव सँगालिन पुग्छन् । यसबाट उसले जीवनका लागि आवश्यक व्यावहारिक ज्ञान पनि हासिल गर्दछ । जीवन सुखदु:खको सङ्गमस्थल रहेछ भन्ने सोचेर आफूलाई शान्त प्रकृतिको तुल्याउँछ । ब्राजाकीले पनि जीवनका विभिन्न समयमा भोगेका तीता मीठा अनुभवहरुलाई शान्त भावमा घोलेर यसरी अभिव्यक्ति दिएका छन् :

बसेको छु म त यहाँ घामपानी सजाएर

अरुलाई आफूभित्र टाढासम्म फिँजाएर ।

(बसेको छु म त यहाँ)

यस सेरमा प्रयोग भएको घामपानी शब्दले जीवनका दु:ख र सुखलाई सङ्केत गरेका छन् । यस सुख दु:खलाई समय भावमा लिएर अथवा जीवनको कटुसत्य स्विकारेर आफूले जीवन भोगिरहेको कुरा यहाँ अभिव्यक्ति दिएका छन् ब्राजाकीले । तसर्थ यहाँ गजलकार मनु ब्राजाकीले शान्त भावको प्रयोग गरेका छन् ।

मनु ब्राजाकीले हार र जितलाई आफ्ना गजलका सेरहरुमा शान्त भावको रुपमा अभिव्यक्त गरेका छन् । यो गजलको सेरको उदाहरण हेरौँ :

हाँसिराख्न सिकेँ मैले जिते पनि हारे पनि

जालभित्र जेलभित्र मलाई जति पारे पनि ।

(हाँसिराख्न सिकेँ मैले)

जिन्दगीमा सधैँभरि जित हुन सक्दैन । हार पनि हुन्छ । हारलाई पनि जितकै समभावमा स्विकारेर बाँच्न सक्नु नै महानता हो । जीवन जसरी भोग्यो त्यस्तै नै देखिन आउँछ । मान्छेले हारलाई पनि स्वीकार गरेर बाँच्न सक्नुपर्ने तथ्यलाई माथिका सेरहरुमा गजलकार ब्राजाकीले निकै शान्त ढङ्गबाट प्रस्तुत गरेका छन् ।

सुखदुःख जीवनका एउटै सिक्का दुई पाटा हुन् भन्ने कुरालाई पनि ब्राजाकीले आफ्ना गजलका सेरहरुमा शान्त भावका रुपमा प्रस्तुत गरेका छन् । तलको एउटा गजलको सेरको उदाहरण हेरौँ :

प्रकाश होस् दिनको अथवा रातको अन्धकार

जून तारा सूर्य उदाउने त्यो एउटै आकाश हुन्छ ।

(जीवन कहिले लघुकथा)

उपर्युक्त सेरमा रहेका प्रकाश, जून, तारा, सूर्य जस्ता शब्दले जीवनका उज्यालाका पक्ष अथवा सुखलाई सङ्केत गरेका छन् भने रातको अन्धकारले जीवनको अँध्यारो वा दुःखको पक्षलाई सङ्केत गरेको छ । यहाँ आएको आकाश शब्दले मानव जीवनलाई सङ्केत गरेको छ । तसर्थ सेरमा प्रयोग भएको भाव भनेको मानव जीवनमा सुखदुःखलाई बराबरी रुपमा लिनुपर्ने रहेको छ । यहाँ दुवैका समष्टि रुप जीवनमा पाउन सकिने वास्तविकतालाई चित्रण गरिएको छ ।

यसप्रकार गजलकार मनु ब्राजाकीले आफ्ना गजलका सेरहरुमा शान्त भावलाई पनि उत्कृष्ट ढङ्गले प्रयोग गरेका छन् । जीवनको निस्सारता विसङ्गति र मूल्यहीनता बीच पनि मूल्य प्राप्त गर्न सकिने कुरालाई उनले शान्त भावका साथमा आफ्ना गजलमा अभिव्यक्त गरेका छन् ।

### ५.३.१.३ करुण रस

कसैप्रति उसको स्वभाव, अवस्था आदिले गर्दा उपकारका निम्ति दर्साइने भाव नै करुण भाव हो । मन परेको वस्तुको नाश, प्रिय व्यक्तिको वियोग र अनिष्टको प्राप्तिबाट करुण रसको सिर्जना हुन्छ । मनु ब्राजाकीका गजलहरुमा पनि करुण भावका केही गजल वा गजलका सेरहरु रहेका छन् ।

नेपाल विकासोन्मुख मुलुक हो । यहाँका बहुसङ्ख्यक जनता गरिबीको रेखामुनि रहेका छन् । त्यसैले यहाँ गाँस, बास र कपासको समस्या रहेको छ । यी समस्याको समाधान गर्नु पर्ने दायित्व राष्ट्रले लिनुपर्ने हो तर यहाँ त्यसो हुन सकिरहेको छैन । गाँस, बास र कपासको समस्याले आक्रान्त जनता विभिन्न ठाउँमा छाप्रो हालेर बसिरहेका छन् । त्यो उनीहरुको बसाइलाई व्यवस्थित तुल्याउनु त कता हो कता ती छाप्राहरु समेत भत्काई आफ्नो उत्तरदायित्वको आफैँ उपहास गरिरहेको ती पीडित जनतालाई जनिकै नियाल्न पुगेका मनु ब्राजाकी सहानुभूतिका करुण भावलाई आफ्ना गजलका सेरमा यसरी अभिव्यक्त गर्न पुग्दछन् :

वनमा सानो झुप्रो थियो उठिबास भयो

मानिसकै जङ्गलमा फेरि बास भयो ।

(वनमा सानो झुप्रो थियो)

माथिका सेरमा गजलकार ब्राजाकी सुकुम्बासी जीवन प्रति करुणा अभिव्यक्त गर्दछन् । बासको प्रबन्ध गर्नुपर्नेले नै बास उखलेको र मानिसले मानिसलाई पुनः जङ्गलमै फर्काउने कार्य गरेको अभिव्यक्ति उनले माथिका सेरमा दिएका छन् ।

वर्तमान मानव जीवन बडो कष्टकर बन्दै गइरहेको छ । यस कष्टकर जीवनबाट छुटकारा पाउन माान्छे सङ्घर्ष गरी नै रहेको छ । प्रत्येक पटक ऊ असफल हुँदाहुँदै पनि सङ्घर्ष त्याग्न सक्दैन । असफलतालाई लुकाएर कृत्रिम हाँसो हाँसी नै रहेको हुन्छ मान्छे । कृत्रिम हाँसोले आफ्ना पीडालाई अरुका सामु लुकाउन त सकिएला तर आफैलाई ढाट्न

छल्न सकिँदैन । यस भावलाई मनु ब्राजाकीले शान्त भावका रुपमा आफ्ना गजलका सेरमा यसरी अभिव्यक्त गरेका छन् :

ढाँटिछली आफूलाई कति बाँच्न सकिएला ?

हृदयमा पीर बोकी कति हाँस्न सकिएला ?

(ढाँटीछली आफूलाई)

सम्पूर्ण नेपाली दाजुभाइहरु आफ्नै हुन् । सहृदयी मान्छे आफन्तका पीडाबाट पिरोलिन्छ र त्यसबाट त्राण पाउनका निमित्त सोचिरहन्छ । जहाँ बहुसङ्ख्यक नेपाली दुःखमोचनका लागि सङ्घर्ष गरिरहेका छन् । यसलाई टुलुटुलु हेरिरहन सक्ने अवस्था छैन । करुण भावहरु यसका लागि अकस्मात् यसरी प्रकट हुन्छन् :

दशैँ तिहार हाँस्छ यहाँ खुसी भई

तिमले मैले हाँस्ने संसार कैले होला ।

(चेपुवामा परेका छन्)

उपर्युक्त सेरमा ब्राजाकीले प्रत्येक मान्छे यस पृथ्वीका छोराछोरी हुन् । यिनीहरु सबैले समान किसिमले बाँच्न पाउनु पर्छ । यहाँ निरीह मान्छेहरुको अवमूल्यन गरिन्छ । निरीह मान्छेका आवाजलाई दबाइन्छ । उसका भावनामाथि खेलबाड गरिन्छ । सबैले हाँस्दै बाँच्न पाउनु पर्ने माग गरिरहेका छन्, उनीहरुका माग जायज पनि देखिन्छन् । तर ती मागलाई बेवास्ता गरिएको छ ।

यसप्रकार **गजलगङ्गा** गजलसङ्ग्रहमा सङ्गृहीत गजलहरुमा करुण भावले ओतप्रोत रहेका गजलहरु मार्मिक किसिमका देखिन्छन् । प्रत्येक सहृदयीको मनमा करुण भाव उत्पन्न गर्न सक्ने खुबी गजलकारमा रहेको देखिन्छ ।

## ५.३.२ गजलगङ्गामा अलङ्कार, बिम्बविधान र प्रतीक

अलङ्कार, बिम्ब र प्रतीकको प्रयोगले गजललाई सुन्दर मात्र होइन स्तरीय पनि बनाउँछ । गजलका आन्तरिक तत्वका रुपमा रहेर यी तत्वहरुले गजललाई उत्कृष्टता प्रदान गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यिनै तत्वहरुका आधारमा गजलगङ्गामा रहेका गजलहरुका सेरहरुलाई निम्नानुसारका उपशीर्षकहरुमा विभाजन गरी अध्ययन तथा विश्लेषण गरिएको छ ।

### ५.३.२.१ गजलगङ्गामा अलङ्कार

अलङ्कार भनेको काव्यलाई सिँगारी त्यसलाई मनोहर रुचिकर तुल्याउने सुन्दर उपदान हो । उपकार्य (भाव) को उपकारक हुनाले यो काव्यको सहायक तत्व हो । गजलकार मनु ब्राजाकीका गजलमा अलङ्कारको प्रयोग स्वतःस्फूर्त रुपमा भएको छ । शब्द र अर्थ दुबैमा समुचित रुपले अलङ्कारको प्रयोग भएकाले उनका गजलमा भाव र लयमा सशक्तता आएको छ । यहाँ उनको गजलमा प्रयोग भएका अलङ्कारलाई शब्द र अर्थका तहमा छुट्टाछुट्टै रुपमा राखेर अध्ययन गरिएको छ ।

**(क) शब्दालङ्कार**

जसले शब्दका माध्यमबाट काव्यलाई अलङ्कृत पार्दछ त्यसैलाई शब्दालङ्कार भनिन्छ । यस गजलसङ्ग्रहमा मनु ब्राजाकीले छेकानुप्रास, वृत्यनुप्रास, अन्त्यानुप्रास जस्ता शब्दालङ्कारको प्रयोग गरेका छन् । तिनीहरुको बारेमा उदाहरणसहित निम्नानुसार चर्चा गरिएको छ :

(अ) छेकानुप्रास शब्दालङ्कार

अनेक व्यञ्जनको उही क्रममा एकपल्ट मात्र समानता रहन्छ भने त्यसलाई छेकानुप्रास अलङ्कार भनिन्छ । यस गजलसङ्ग्रहमा यसको उदाहरण तल दिइएको छ :

मरेपछि माया गर्ने चलनै छ

(अभागीको कस्तो)

फूलजस्तै फुलेपछि हाँगाबाट झर्दैछु म

(फूलजस्तै फुलेपछि)

माथिको पहिलो उदाहरणमा **म** र **न** वर्णको एकपटक मात्र आवृत्ति भएको छ । त्यस्तै दोस्रो उदाहरणमा **क** र **ल** वर्णको एक पटक मात्र आवृत्ति भएको छ । त्यसकारण माथिको उदाहरणमा छेकानुप्रास नामक शब्दालङ्कारको प्रयोग भएको छ । यो अलङ्कारको स्वाभाविक प्रयोग हो आयोजित प्रयोग होइन ।

(आ) वृत्यनुप्रास शब्दालङ्कार

सजातीय वर्ण वा शब्दहरुको लगातार आवृत्ति भई बन्ने अलङ्कार वृत्यनुप्रास अलङ्कार हो । मनु ब्राजाकीको यस गजलसङ्ग्रहमा परेका केही मिसराका उदाहरणहरु हेरौँ :

यता हेर्‍यो यता पनि उता हेर्‍यो उता पनि

(मेरो बोली सुनेपछि)

मात्छु पनि माते पनि माया गर्न मन पराउँछु

(मात्छु पनि माते पनि)

माथिको पहिलो उदाहरणमा **त** को आवृत्ति चारपटक भएको छ । त्यस्तै दोस्रो उदाहरणमा **म** वर्णको आवृत्ति पनि चारपटक भएको छ । तसर्थ माथिका उदाहरणमा वृत्यनुप्रास शब्दालङ्कारको प्रयोग भएको छ । यस अलङ्कारको प्रयोग पनि ब्राजाकीले आयोजित रुपमा नभएर स्वाभाविक रुपमा गरेका छन् ।

(इ) अन्त्यानुप्रास शब्दालङ्कार

गजलका दुबै मिसराको अन्त्यमा प्रयोग हुने अनुप्रासलाई अन्त्यानुप्रास अलङ्कार भनिन्छ । मनु ब्राजाकीको गजलमा अन्त्यानुप्रास शब्दालङ्कारको प्रयोग भएका केही सेरका उदाहरणहरु हेरौँ :

अभागीको कस्तो हुँदो रै'छ कर्म

साहुजीको मुस्कान झैँ धरोधर्म ।

(अभागीको कस्तो)

यस सेरमा **कर्म** र **धरोधर्म** अन्त्यानुप्रासका रुपमा प्रयोगमा आएको छ । जसले गर्दा गजल श्रुतिमधुर र गेयात्मक बनेको छ ।

अयोध्यामा पाइँदैन आजभोलि काम

सीता पोइल गएपछि खुसी छ यो राम ।

(अयोध्यामा पाइँदैन)

माथिको सेरमा **काम** र **राम** अन्त्यानुप्रासका रुपमा प्रयोग गरिएको छ । यसले गर्दा गजल श्रुतिमधुर र गेयात्मकका साथै सङ्गीतले स्वतः भरिएको पाइन्छ ।

सुनेकै हो मैले पनि बुढापाकाबाट

मुटुसम्म जाने बाटो हुन्छ आँखाबाट ।

(सुनेकै हो मैले)

यस सेरमा **पाकाबाट** र **आँखाबाट** अन्त्यानुप्रासका रुपमा प्रयोग भएको छ ।

भ्रष्टाचारको परम्परा पालन गरिरहेँ

ब्रह्मलुटमा आफ्नो गिलास टन्न भरिरहेँ ।

(भ्रष्टाचारको परम्परा)

माथिको गजलको सेरमा गरिरहेँ र भरिरहेँ शब्द अन्त्यानुप्रासका रुपमा प्रयोग भएको छ । यसले गजलका सेरलाई स्वतः साङ्गीतिक बनाउने कार्यमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

**(ख) अर्थालङ्कार**

व्युत्पत्तिद्वारा जसले अर्थलाई विभूषित पार्छ त्यो अर्थालङ्कार हो । अर्थालङ्कारमा अर्थको प्रधानता हुने हुँदा त्यही अर्थ दिने अर्को शब्द त्यस ठाउँमा राखे पनि सौन्दर्यमा फरक पार्दैन अर्थात् त्यसले त्यही अर्थ र सौन्दर्य दिइरहन्छ । अर्थालङ्कारका प्रकारका बारेमा विद्वानहरुको फरक फरक विचार देखिनाले यसको निश्चित सङ्ख्या निर्धारण हुन सकेको पाइँदैन । निश्चित सङ्ख्या निर्धारण हुन नसके पनि सामान्यतया उपमा , रुपक, उत्प्रेक्षा, समाशोक्ति, अतिशयोक्ति, दृष्टान्त, सन्देह, व्याजस्तुति, तुल्ययोगिता आदि विशेष प्रचलित भेदहरु छन् ।

मनु ब्राजाकीको गजलगङ्गा गजलसङ्ग्रहमा अर्थालङ्कारका विभिन्न प्रकारहरु मध्ये उपमा, रुपक, उत्प्रेक्षा, अर्थान्तरन्यास अलङ्कारको प्रयोग भएको छ ।

(अ) उपमा अर्थालङ्कार

उपमेय र उपमानको सादृश्य वा तुल्यतालाई उपमा अलङ्कार भनिन्छ । गजलकार ब्राजाकीका गजलमा उपमा अलङ्कार जताततै प्रयोग भएको छ । केही गजलका सेरहरुमा प्रयोग भएको उपमा अलङ्कारलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

प्रणयको पीडालाई ढुङ्गासरि माने पनि

गृहिणीको गर्व अहम् सबै यहाँ धुलो छ ।

(मेरो चिताभन्दा)

यस गजलको सेरमा **प्रणय पीडा** उपमेय र **ढुङ्गा** उपमानको रुपमा प्रयोग भएका छन् । त्यस्तै वाचक शब्दका रुपमा **सरि** आएको छ । तसर्थ यस सेरमा उपमा अलङ्कारको प्रयोग भएको छ ।

जिन्दगी यो कुहिएको चामल झैँ

मन जस्तो घुनलाई पिन्न खोज्दा ।

(दुख्छ सधैँ दुख्ख दिने)

यस सेरमा **जिन्दगी** उपमेय र **चामल** उपमानका रुपमा प्रयोग भएको छ । त्यस्तै वाचकका रुपमा **झैँ** प्रयोग भएको छ । तसर्थ यस सेरमा पनि उपमा अलङ्कारको प्रयोग भएको पाइन्छ ।

(आ) रुपक अलङ्कार

उपमेयप्रति उपमानको अभेद आरोप गरिन्छ भने त्यसलाई रुपक अलङ्कार भनिन्छ । यसमा उपमा अलङ्कारको जस्तो वाचक शब्द राखिँदैन । मनु ब्राजाकीको गजलगङ्गा गजलसङ्ग्रहमा समावेश गजलका सेरमा प्रयोग भएको रुपक अलङ्कारलाई निम्नानुसार उल्लेख गरिएका छन् ।

जान्न खोज होस राखी चिप्लिएला किनभने

मेरा आँखा मेरो मुटु, मधेशको कुप भएछ ।

(मानिस त एउटै हो)

यस सेरमा आँखा, मुटु र कुप शब्दका बीच अभेद सम्बन्ध देखाइएको छ । तसर्थ यस सेरमा रुपक अलङ्कारको प्रयोग भएको छ ।

परिवर्तन कस्तो भयो ? कुन्नि कस्तो !

नचिनिने काठमाडौँ सहर भएछु ।

(किनारतिर नफर्किने)

यस सेरमा परिवर्तन र काठमाडौँ सहरबीच अभेद सम्बन्ध देखाइएको छ । त्यस्तै वाचक शब्दको पनि प्रयोग गरिएको छ । तसर्थ यस सेरमा रुपक अलङ्कारको प्रयोग भएको छ ।

(इ) उत्प्रेक्षा अलङ्कार

स्वाभाविक कुरालाई कुनै हेतु वा क्रियाद्वारा अर्कै रुपमा प्रकट गरी सम्भावना दर्शाएमा उत्प्रेक्षा अलङ्कार हुन्छ । गजलगङ्गा मा प्रयोग गरिएको उत्प्रेक्षा अलङ्कारको उदाहरण निम्नानुसार उल्लेख गरिएको छ ।

माया गर्न थालेको मैले तिमी राम्री भएर हो कि ?

कि त राम्री भएकी तिमी मैले माया गरेर हो कि ?

सोझो अर्थमा हेर्दा यहाँ नायिका राम्री रहेकी देखिन्छ तर यसैलाई नायकले मैले माया गरेर पो राम्री भएकी हो कि भन्ने सम्भावना देखाइएकाले यहाँ उत्प्रेक्षा अलङ्कार प्रयोग भएको छ ।

(ई) अर्थान्तरन्यास अलङ्कार

सामान्य तथा विशेष उक्तिमा एकले अर्कोलाई समर्थन गर्दछ भने अर्थान्तरन्यास अलङ्कार हुन्छ । जस्तै यस गजलगङ्गा मा प्रयुक्त निम्न सेरलाई हेरौँ :

रुप हेर्ने ऐनाले नै छल्छ यहाँ

आफूलाई साँचो सत्य चिन्न खोज्दा ।

उपर्युक्त सेरहरुमा माथिको भावको समर्थन तलकोले गरेको हुँदा यस सेरमा अर्थान्तरन्यास अलङ्कारको प्रयोग भएको छ ।

यसप्रकार **गजलगङ्गा** गजलसङ्ग्रहमा समावेश भएका गजलहरुमा मुख्यतः अर्थालङ्कारअन्तर्गत उपमा अलङ्कार, रुपक अलङ्कार, उत्प्रेक्षा अलङ्कार र अर्थान्तरन्यास अलङ्कारको प्रयोग गरिएको छ । यी अलङ्कारको प्रयोग गर्दा गजलकार ब्राजाकीले स्वाभाविक र प्रभावकारी किसिमले प्रयोग गरेका छन् जसले गर्दा उनका गजलहरु उत्कृष्ट बन्न पुगेका छन् ।

### ५.३.२.२ गजलगङ्गामा बिम्बविधान

बिम्बलाई तत्सम शब्दका रुपमा लिने गरिन्छ । यसको अर्थ **प्रतिच्छाया** का रुपमा प्रयोग गरिएको पाइन्छ । यसलाई अङ्ग्रेजीमा इमेज भनिन्छ । सामान्य अर्थमा कुनै वस्तु, कार्य, भाव वा विचार तथा संवेगमय मानसिक तस्वीरहरुलाई प्रतिनिधित्व गर्ने भाषिक एकाइलाई बिम्ब भनिन्छ । **गजलगङ्गा** गजलसङ्ग्रहका गजलहरुमा प्रयुक्त केही बिम्बका उदाहरणहरु निम्नानुसार उल्लेख गरिएका छन् ।

सगर सारा शून्य थियो सिँगारिन थाल्यो अब
तिम्रो नाम इन्द्रेणीले आकाशमा लेखेपछि ।

(सोच्न थालेँ गम्न थाले)

यस सेरमा प्रयोग भएका **सगर, इन्द्रेणी** र **आकाश** दृश्यात्मक बिम्बका रुपमा आएका छन् ।

उदाउन खोज्याथ्यो यौटा सानो सूर्य
काला काला बादलले ड्याम्मै छेकियो ।

(अहो, ज्ञानुजी)

यस सेरमा प्रयोग भएको **सूर्य** दृश्यात्मक बिम्ब हो भने **बादल** दृश्यात्मक र गतिशील दुबैसँगसम्बन्धित बिम्ब हो ।

बत्ती बाल्न खोज्दाखेरि हात पोलेकोथेँ

अँध्यारोमा पोल्दैछ मन चिस्सिएको माघले नै ।

(समयले पुर्छ भन्छन्)

यस सेरमा प्रयोग भएका **पोल्दैछ** , **चिस्सिएको** जस्ता शब्दले स्पर्शसम्बन्धी बिम्बको काम गरेका छन् ।

यस्तो बेला चमेरा र उल्लूहरुले नै

सुनाउँदैछन् टेप गरेको कोइलीको कूक ।

(अन्याय भनेर पाप भनेर)

यस सेरमा कोइलीको कूक श्रव्यात्मक बिम्बको रुपमा आएको छ ।

खहरेको मीठो पानी भुमरीमा बिलाएछ

बसेको छु अझै पनि जीवनखोला बगाएर ।

(बसेको छु म त यहाँ)

यस सेरमा प्रयुक्त मीठो शब्दले स्वादसम्बन्धी बिम्बका रुपमा रहेको छ ।

यसरी मनु ब्राजाकीले गजलगङ्गामा दृश्यात्मक, गन्धसम्बन्धी, स्पर्शसम्बन्धी, श्रव्यात्मक, स्वादसम्बन्धी, गतिसम्बन्धी सबै किसिमका बिम्बको प्रयोग गरेका छन् । यी बिम्बहरु पाठक हृदयलाई छुने सामर्थ्य राख्दछन् ।

### ५.३.२.३ गजलगङ्गामा प्रतीकविधान

समान गुणका आधारमा दृश्य वा अदृश्य अन्य कुनै वस्तुको कल्पना गरी प्रतिबिम्बका रुपमा राखिएका वस्तु वा चिह्नलाई प्रतीक भनिन्छ । प्रतीकलाई परम्परित वा सार्वजनिक तथा व्यक्तिगत, विश्वव्यापी अनि स्थानीय गरेर वर्गीकरण गरिएको पाइन्छ । यसरी प्रतीकका विभिन्न स्वरुपहरु रहेका छन् ।

**गजलगङ्गा**मा प्रतीक प्रयोगको अवस्थालाई अर्थात् **गजलगङ्गा**मा प्रयुक्त प्रतीकविधानको स्थितिलाई उदाहरणसहित निम्नानुसार विश्लेषण गरिएको छ ।

(क) द्रौपदीको चीरहरण सधैँ यहाँ हुन्छ

दुर्योधनले होइन यो त थियो कुनै श्याम ।

(अयोध्यामा पाइँदैन)

(ख) लुकेर बस्थे सिकारी पनि लुकेर बस्थे सिकारी पनि

अणुबम बोक्ने सिकारी आज शिखण्डीपछि लुकेन ।

(फलेको हाँगो झुक्छ)

उदाहरण (क) मा **द्रौपदी** , **दुर्योधन** र **श्याम** मिथकबाट लिइएका प्रतीकहरु हुन् । त्यस्तै उदाहरण (ख) मा **शिखण्डी** पनि मिथकीय प्रतीक हो । यी सबै प्रतीकहरु नेपाली समाजमा सांस्कृतिक दृष्टिले स्वीकृत परम्परित वा सार्वजनिक प्रतीक हुन् । पहिलो उदाहरणमा आएको श्याम प्रतीकले आजको समाजमा प्रतिष्ठित व्यक्तिहरु पनि यौनापराधमा लागेको प्रतीकात्मक अर्थ दिएको छ । त्यस्तै दोस्रो उदाहरणमा वर्तमान युद्धप्रेमी राष्ट्रहरु खुलेआम अस्त्रशस्त्रको प्रयोगमा लागेको कुरा शिखण्डीपछि नलुकेको प्रसङ्गबाट व्यक्त हुन आएको छ ।

यति लामो कालरात्री प्रतीक्षामा नै बित्यो

सूर्य बनी तिम्रो मनमा कैले म उदाऊँ ?

(तिमीसित सोध्न थालेँ)

यस सेरमा **कालरात्री** र **सूर्य** प्रतीकका रुपमा प्रयोग भएका छन् । कालरात्री र सूर्यको प्रतीकात्मक अर्थ विश्वभरि नै एकै किसिमले गरिने हुनाले यहाँ यी प्रतीकहरु विश्वव्यापी प्रतीकका रुपमा आएका छन् । **कालरात्री**लाई यहाँ असहज परिस्थित, युगीन अँध्यारोको प्रतीकका रुपमा प्रयोग भएको छ । त्यस्तै **सूर्य** उज्यालोको अर्थमा प्रयोग भएको छ ।

गाम घर बेसीलाई भविष्यको हालखबर

काँचो धागो बाँधीवरि पठाएको खाम लाग्यो ।

(उदाएको साँझ थियो)

यस उदाहरणमा **काँचो धागो** र **बाँधिएको खाम** प्रतीकका रुपमा आएको छ । यो धर्म संस्कृतिसापेक्ष प्रतीक हो । यस प्रतीकले आउँदा दिन नराम्रो रहने अवथा प्रतिकूल हुने कुरा देखाएको छ ।

मरेपछि माया गर्ने चलनै छ

त्यसपछि त ढुङ्गा पनि हुन्छ नर्म ।

(अभागीको कस्तो)

यस सेरमा प्रयोग भएको **ढुङ्गा** शब्दले पदार्थ विशेषलाई बुझाएको छैन । यसले आवश्यक पर्दा सहयोग गर्न नचाहने र मरेपछि माया गरेको स्वाङ पार्न सिपालु कठोर

हृदयलाई सङ्केत गरेको छ । **ढुङ्गा**लाई विश्वभरि नै कठोरताको अर्थमा लिइने हुनाले यो प्रतीक विश्वव्यापी प्रतीकका रुपमा रहेको छ ।

अहो, ज्ञानुजी ! कस्तो दृश्य देखियो

पानी लेख्छु भनेको आगो लेखियो ।

(अहो, ज्ञानुजी !)

यस सेरमा **पानी** र **आगो** प्रतीकका रुपमा प्रयोग भएको छ । यहाँ पानीले शान्ति र आगोले क्रान्तिलाई बुझाएको छ । यी दुबै प्रतीक विश्वभरि एकै किसिमका अर्थका लागि प्रयोग गरिने हुनाले यी परम्परित प्रतीक हुन् ।

यसरी प्रतीकविधानका दृष्टिले **गजलगङ्गा** लाई हेर्दा यस सङ्ग्रह प्रतीकमय बनेको छ । यहाँ प्रतीक बनेर आएका शब्दहरुका कारणले गजल बढी प्रभावकारी तथा व्यञ्जनात्मक बनेको स्पष्ट देखिन्छ ।

## ५.३.३ अन्य विभिन्न कोणबाट गजलगङ्गाको विश्लेषण

माथिका शीर्षकहरुमा **गजलगङ्गा** गजलसङ्ग्रहका गजल र गजलका सेरहरुलाई गजलको आन्तरिक र बाह्य तत्वका आधारमा विश्लेषण तथा अध्ययन गर्ने कार्य गरियो । यस शीर्षकअन्तर्गत **गजलगङ्गा** गजलसङ्ग्रहमा प्रयुक्त गजलहरुलाई भाषिक प्रयोग, लय तथा सङ्गीत, समाज तथा राजनीतिक चित्रण, परिवेश तथा प्रकृतिचित्रण र राष्ट्रियता जस्ता विभिन्न सान्दर्भिक कोणबाट विश्लेषण र अध्ययन गरिएको छ ।

### ५.३.३.१ गजलगङ्गामा भाषिक प्रयोग

भाषा अभिव्यक्तिको माध्यम हो । भाषाका माध्यमबाट नै मान्छेले आफ्ना मनमा विचार भावलाई अरुसमक्ष सम्प्रेषण गर्दछ । गजलका लागि आवश्यक भाषालाई हेर्दा यसको भाषा लयात्मक किसिमको हुनु पर्दछ । प्रत्येक गजलकारले गजलको रचना गर्दा शब्दको मार्मिकता, भावको कोमलता, भावको गरिमा, सङ्क्षिप्तता र कल्पनाको उद्दात्ततामा ध्यान दिनुपर्दछ ।

**गजलगङ्गा**मा सङ्गृहीत गजलहरु सरल, सहज र स्वाभाविक नेपाली भाषामा लेखिएका छन् । मनु ब्राजाकीले कथ्य भाषाको प्रयोगमा रुचि देखाएका छन् । रै'छ (रहेछ), बलेको'थ्यो ( बलेको थियो), खोज्या'थ्यो (खोजेको थियो), चैँ (चाहिँ), खोजे'थेँ (खोजेको थिएँ), रोपेँ भन्या ( रोपेँ भनेको), पिएथेँ (पिएको थिएँ), पारवती (पार्वती) जस्ता कथ्य भाषाको प्रयोग गजलकारले गजलमा प्रशस्तै गरेका छन् ।

गजलकार मनु ब्राजाकीले यस गजलसङ्ग्रहका गजलहरुमा अनुकरणात्मक शब्दहरुको पनि प्रशस्तै प्रयोग गरेका छन् । त्यस्तै निपातहरुको पनि प्रयोग यसमा गरिएको छ । यसमा प्रयोग भएका केही अनुकरणात्मक शब्द तथा निपातहरुलाई उदाहरणका लागि तल तालिकामा देखाइएको छ :

| अनुकरणात्मक शब्द | निपात शब्द |
|---|---|
| मुसुक्क<br>गुदुगुदु<br>गड्याङगुडुङ | नै, कि<br>ता, नि<br>है, पो |

माथिका अनुकरणात्मक तथा निपातको प्रयोगले गजलका सेरहरु मिठासयुक्त र प्रभावकारी बनेका छन् ।

स्रोतका आधारमा शब्दप्रयोगलाई हेर्दा यस सङ्ग्रहका गजलहरुमा तत्सम, तद्भव र आगन्तुक तिनै किसिमका शब्दहरुको समुचित प्रयोग भएको पाइन्छ । यस सङ्ग्रहका गजलहरुमा प्रयोग भएका तिनै किसिमका शब्दहरुलाई तलको तालिकामा देखाइएको छ :

| तत्सम शब्द | तद्भव शब्द | आगन्तुक शब्द |
|---|---|---|
| कर्म, धर्म, रुप, मर्म, हृदय, संस्कार, जीवन, सहस, भूमि, अभिमान, दाम्पत्य, प्रतीक्षा, ब्रह्म आदि । | आँखा, सुन, आँसु, रगत, हात, काम, रात, बाघ, रिन, सारा आदि | शिकार, इसारा, खबर, महल, नजर, सफर(अ.भा.) बुज्रुक, प्याला, जिन्दगी, सहर (फा.भा.) बोतल, ग्यालन, चेस, भोट, टोयोटा, हुक, |

| | | |
|---|---|---|
| | | टिउसन, कार, पास (अं.भा.) |

समग्रमा भन्नुपर्दा गजलगङ्गा सङ्ग्रहभित्र सङ्गृहीत गजलमा सरल, सहज, सुबोध र कथ्यभाषाको प्रयोग गरिएको छ । भाषाकै कारणले गजल पठनीय हुनाको साथै सङ्गीतात्मक पनि बनेको पाइन्छ ।

## ५.३.३.२ गजलगङ्गामा लय र सङ्गीत

गजल गेय विधा हो । गजलको पहिलो सर्त भनेको गायन हो । यसलाई सङ्गीतबद्ध गरेर विभिन्न तालहरुमा गाइन्छ । तसर्थ लयात्मकता र सङ्गीतात्मकताका दृष्टिले गजललाई गीत हो भन्न सकिन्छ तर अन्यान्य गीतहरुको जस्तो स्वच्छन्द संरचनाविधान भने यसमा हुँदैन । गायन कलामा नै पनि अन्य गीत र गजलको शैलीमा पार्थक्य पाइन्छ ।

गजलमा लयको आयोजना दुई किसिमले गर्न सकिन्छ : शास्त्रीय लय र स्वनिर्मित लय । शास्त्रीय लय उर्दू फारसी साहित्यले स्विकारेको छन्द अर्थात् बहर नियम हो । स्वनिर्मित लय चाहिँ उच्चारणगत समानताका आधारमा निर्मित नियम हो । मनु ब्राजाकीको गजलगङ्गाका गजलमा शास्त्रीय लय (बहर) लाई स्विकार नगरेर स्वनिर्मित वा मुक्त लयलाई स्वीकार गरिएको छ ।

**गजलगङ्गा** भित्र समान अर्थात् बराबर अक्षर संरचना भएका गजलहरु धेरै रहेका छन् । केही गजलहरुमा भने अक्षर संरचना मिलाइएको छैन । यसले गर्दा ती गजलहरु गाउन समस्या पर्ने हुन्छ । यसका लागि उच्चारण गर्दा हलन्तको प्रयोग गर्नुपर्ने हुन्छ । अधिकांश गजलहरु भने अक्षर संरचना बराबर भएका कारणले लयमा कुनै पनि समस्या नपर्ने खालका छन् । यस गजलसङ्ग्रहमा १२ देखि १८ अक्षर संरचनाका गजलहरु रहेका छन् । धेरै गजलहरु भने १४ देखि १६ अक्षरमा संरचित छन् । अक्षर संरचना मिलेका कारणले उनका गजलहरु गाउनका लागि सहज हुने देखिन्छ । यस सङ्ग्रहका केही गजलहरु गाइएका पनि छन् । उदाहरणका लागि तलको गजलको सेरलाई हेरौँ :

कस्का लागि उन्न थाल्यौ आज फूलमालाहरु

गन तिमी फूलका थुँगा गन्दै छु म प्यालाहरु ।

(कस्का लागि उन्न थाल्यौ)

माथिको गजलको सेर १६ अक्षरमा संरचित छ । दुवै मिसरामा बराबर अक्षर रहेको र काफियाको समुचित प्रयोग भएकाले समतुकान्त भई गजल लययुक्त बन्न पुगेको छ । यो गजल गायक शिव परियारद्वारा गाइएको छ । तसर्थ मनु ब्राजाकीका गजलहरु लयात्मक छन् ।

अक्षर संरचना नमिलेका गजलहरु पनि गाउन सकिन्छ र गाइएका पनि छन् । अक्षर संरचना नमिलेका गजलहरु गाउँदा कहीँ लुप्त उच्चारण र कहीँ हलन्त उच्चारण गर्नु पर्ने हुन्छ । अक्षर सङ्ख्याको अन्तर कम रहे पनि खासै अप्ठ्यारो रहँदैन । उदारहणका लागि यो गजलको सेरलाई हेरौं :

सोच्न थालेँ गम्न थालेँ तिमीलाई देखेपछि

तिमी जस्तो दुरुस्त नै एउटा गजल लेखेपछि ।

(सोच्न थालेँ गम्न थालेँ)

माथिको गजलको सेरमा रहेको दुबै मिसरामा अक्षर सङ्ख्या बराबर रहेको छैन । माथिकोमा कम र तलकोमा बढी अक्षर सङ्ख्या रहेको छ । दुबै मिसरामा अक्षर सङ्ख्या बराबर नभए पनि लय भने बिग्रिएको छैन । यस गजललाई वसन्त खड्काद्वारा लयबद्ध गरिएको छ ।

यसप्रकार **गजलगङ्गा** गजलसङ्ग्रहमा रहेका समान अक्षरसङ्ख्या भएका वा नभएका दुबै खालका गजलहरु लयात्मक पक्षबाट सबल रहेका छन् ।

साहित्यका सबै विधाहरु सङ्गीतमा आश्रित हुँदैनन् । गजल भने यस्तो विधा हो जसको जन्म नै सङ्गीतको संस्कारम भएको हो । त्यसैले यसको स्वभावमा नै सङ्गीत रहेको हुन्छ । मनु ब्राजाकीको गजलमा सङ्गीतात्मकता प्रशस्त पाउन सकिन्छ । शब्दसङ्गीतका हिसाबले

हेर्दा उनका धेरै गजलहरु उत्कृष्ट रहेका छन् । माथि लयका उदाहरण परेका दुई वटा गजलका साथै तलका यी गजलका सेरहरुलाई सङ्गीतका हिसाबले विश्लेषण गरिएका छन् :

आकाशमा नौलाख तारा एउटा तारा खस्दैछ किन ?

उपेक्षाको सभामा गई आत्मीयता बस्दैछ किन ?

(आकाशमा नौलाख तारा)

यस सेरमा **आ** स्वरको आवृत्ति १३ पटक भएको छ भने काफिया र रदिफको उचित संयोजनबाट सङ्गीतको स्थिति पनि अत्यन्तै सबल भएर आएको छ ।

सोच्न थालेँ, गम्न थालेँ तिमीलाई देखेपछि

तिमी जस्तो दुरुस्त नै एउटा गजल लेखेपछि ।

(सोच्न थालेँ, गम्न थालेँ)

यस सेरमा **ए** स्वरको आवृत्ति ६ पटक भएको छ भने काफियाका रुपमा आएका **देखेपछि, लेखेपछि** तथा **त** वर्णको आवृत्तिले सङ्गीत पक्ष सबल भएको छ ।

मात्छु पनि माते पनि माया गर्न मन पराउँछु

होसमा हुँदा किन होला यसो गर्न बिराउँछु ।

(मात्छु पनि माते पनि)

यस सेरमा **आ** स्वरको आवृत्ति छ पटक भएको छ । त्यस्तै पहिलो मिसरामा **म** वर्णको आवृत्ति र दोस्रो मिसरामा **ह** वर्णको आवृत्ति धेरैपटक भएकाले साङ्गीतिक मिठास प्रबल हुन पुगेको छ ।

किनारातिर नफर्किने बहर भएछु

कैले पनि नटुङ्गिने सफर भएछु ।

(किनारतिर नफर्किने)

यस सेरमा पनि विभिन्न वर्णहरुको आवृत्ति पटकपटक भएको छ । दुवै मिसरामा आएका बहर र सफर काफियाले साङ्गीतिकता प्रदान गर्नुका साथै रदिफका रुपमा प्रयोग भएको भएछु ले पनि अन्त्यानुप्रासका रुपमा आई लयात्मकता प्रदान गरेका छन् ।

यस **गजलगङ्गा** गजलसङ्ग्रहभित्र यस्ता प्रशस्त उदाहरणहरु रहेका छन् । लय संरचनामा ख्याल गरिएका र साङ्गीतिक चेतनामा पनि उत्तिकै ध्यान पुर्‍याएको हुँदा उनका गजलहरु उत्कृष्ट रहेका छन् ।

## ५.३.३.३ गजलगङ्गामा समाज तथा राजनीतिक चित्रण

मनु ब्राजाकीका गजलहरुमा समाजबोध राम्ररी अभिव्यक्त भएको छ । उनका सामाजिक भावका गजलहरुले खासगरी समाजमा विद्यमान अन्धविश्वास, शोषण, आडम्बर, ढोँगी प्रवृत्तिलाई प्रष्ट पार्ने काम गरेका छन् ।

प्रत्येक राष्ट्रको आफ्नै किसिमका परम्परा, धर्मसंस्कृति, रीतिरिवाज र चालचलनहरु रहेका हुन्छन् । यो आफूलााई चिनाउने मौलिक पहिचान पनि हो । हाम्रो देशमा विभिन्न जातजातिहरु बस्छन् र ती हरेक जातजातिका आफ्नै मौलिक किसिमका चालचलन रीतिस्थिति रहेका हुन्छन् । पूजापाठ, तीर्थव्रत गर्नु, भाकल गर्नु आदि हाम्रा धार्मिक एवम् संस्कारगत कार्यहरु हुन् । प्रत्येक धर्मले अहिंसालाई जोड दिएको हुन्छ । यस समाजमा अहिंसाका पक्षमा जोड दिने वकालत गर्ने मानिसहरुको सङ्ख्या कम छैन तर यो वकालतलाई भने उनीहरु पूरा गर्न सक्षम देखिँदैनन् । आफूलाई शाकाहारी ठान्ने तर मासुविना भाग नबस्नेहरु पनि समाजमा देखिन्छन् । हाम्रो समाजमा रहेको यस्तै कुरालाई गजलकार ब्राजाकी आफ्ना गजलहरुमा यसरी अभिव्यक्त गर्दछन् :

भाकलसम्म अहिँसा भन्ने बोकालाई पाल्दछौ

बुज्रुक बनी बुद्धको तस्वीर बैठकमा टाँसेर ।

(भएछ सुखी ऊ पनि)

आफैँ मात्र हरेक कुरा उपभोग गरौँ अरुलाई जेसुकै होस् भन्ने भावनाले प्रत्येक नागरिकलाई प्रभाव पारेको छ । राष्ट्रप्रति आफ्नो कर्तव्य र जिम्मेवारीको कसैलाई मतलब छैन । समाज र राष्ट्रलाई सुन्दर बनाउने नाममा बेढङ्गी किसिमले कार्य गरिरहेको पाइन्छ । यस कुरालाई गजलकार मनु ब्राजाकीले यसरी चित्रण गरेका छन् :

बटुलेर हीराजति बेचिखान पल्क्यौ

नेपाल आमा सिँगार्दैछौँ फट्टिक र मुगाले ।

(बोलाउँछ हामीलाई)

यस प्रकार गजलकार मनु ब्राजाकीले हाम्रो समाजमा देखिएका राम्रा नराम्रा पक्षहरुलाई नजिकबाट नियाल्दै आफ्ना गजलहरुमा प्रस्तुत गरेका छन् । उनका गजलमा तत्कालीन समाजको बोध सहजै गर्न सकिन्छ । यसबाट मनु ब्राजाकीमा नेपाली समाजको राम्रो बोध रहेको थियो भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ । उनका गजलका सेरहरुबाट यो पनि जानकारी हासिल गर्न सकिन्छ कि उनी हाम्रो समाजलाई सुधार्न चाहन्छन् ।

जनताको शान्ति सुरक्षा कायम गर्ने, मौलिक अधिकारको कदर गर्ने, राज्यको शासन व्यवस्थाको प्रणाली निर्धारण गर्ने, राष्ट्रिय र अन्तर्राष्ट्रिय नीतिको सन्तुलन कायम गर्ने अर्थात् समग्रमा राज्य सञ्चालन गर्ने नीतिलाई नै राजनीति भनिन्छ । मनु ब्राजाकीले गजलगङ्गा गजलसङ्ग्रहमा पञ्चायतकालीन राजनीतिक अवस्था र बहुदलीय प्रजातान्त्रिक व्यवस्था दुवैको चित्रण गरेका छन् । राजनीतिक चित्रण गरिएका उनका गजलका केही सेरहरु उदाहरणका लागि हेरौँ :

हावा, हुरी, घामपानी जसले यहाँ सहेको छ

उसैलाई दुख्ख अझैसम्म पनि भएको छ ।

(हावा, हुरी, घामपानी)

यस सेरमा गजलकारले २०४६ सालपछि नेपाली जनताले जुन किसिमको आस गरेका थिए त्यो प्राप्त हुन सकेन । उनीहरु प्रजातन्त्रको आगमनसँगै केही परिवर्तन चाहन्थे । नेपाली जनता जो अभाव, दुःख, पीडा, अन्याय, अत्याचारबाट पीडित थिए, तिनीहरुले प्रजातन्त्रको आगमनपछि पनि केही राहत पाउन सकेनन् । समस्या जस्ताको तस्तै रह्यो । आन्दोलनमा ज्यानको बाजी लगाउनेहरु, सहिद हुनेहरु, इमान्दारहरु प्रजातन्त्रको आगमनपछि अझ प्रताडित बन्नु परेको राजनीतिक यथार्थलाई गजलकार ब्राजाकीले बडो मार्मिक ढङ्गबाट अभिव्यक्त गरिएको छ ।

नेताजीको देख्दाखेरी रुपरङ्ग

लाग्न थाल्यो वेश्यालाई पनि शर्म ।

(अभागीको कस्तो)

देश र जनताका लागि केही गर्छु भनेर चुनाव जितेर गएका नेताहरुले राष्ट्र र जनताप्रति वफादार नभई आफ्नै झोली तुम्बा भर्न थाले । यसले गर्दा नेपाली जनतामा निराशा छाउन थाल्यो । जनताको रुपरङ्ग र चालाढाला देखेर उनीहरुलाई वाक्क लागेर आयो । नेताहरुको चालाले जनताहरुमा छाएको निराशालाई यस सेरमा बडो कलात्मक ढङ्गले गजलकारले उल्लेख गरेका छन् ।

हाम्रो घर उसलाई डर कतै पनि छैन

ठुले जब नेताजीको खसोखास भयो ।

(वनमा सानो झुप्रो थियो)

नेपाली जनता २०४६ सालको परिवर्तनपछि झन् झन् आहत हुँदै गए । अर्काको पाउ मोल्न खप्पिस सीमित व्यक्तिहरुको मात्र प्रगति र उन्नति हुँदै गयो । व्यक्तिवादी प्रवृत्ति फस्टायो । नातावाद र कृपावादले एकछत्र राज चलाउन थाल्यो । प्रभावशाली नेताको दाहिने हात भईदिए कसैले केही गर्न नसक्ने स्थिति सिर्जना भयो । माथिको सेरमा गजलकार मनु ब्राजाकीले यही अवस्थाको चित्रण गरेका छन् ।

त्यस्तै उल्लिखित सेरले के प्रष्ट पार्न खोजेको छ भने जसको घर हो त्यहीँको बासिन्दाले नै आफूलाई सुरक्षित ठान्नु पर्ने हो तर प्रजातन्त्रको आगमनपछि फस्टाएको हिँसात्मक मनोवृत्तिले हामी आफ्नै घरमा असुरक्षा महसुस गरिरहेका छौँ तर हाम्रै घरभित्र विदेशीले हालीमुहाली गर्न पाएको छ । हाम्रो घरमा आएर रजाँइ गर्ने त्यस्तो व्यक्तिलाई कारबाही गर्न सक्ने स्थिति पनि छैन । यसको मुख्य कारण हाम्रा घरमा रजाइँ गर्दा पनि नेताजी नातेदार भएकाले सुरक्षा दिइराखेका छन् ।

सूर्य, चन्द्र ग्रह उनै भएका छन् प्याराहरु

अझ पनि उपेक्षित छन् बहुसंखी ताराहरु ।

(सूर्य, चन्द्र ग्रह उनै)

२०४६ साल पूर्व र २०४६ सालपश्चात् देशको राजनीतिक स्थितिमा त परिवर्तन आयो तर जनताको आर्थिक अवस्थामा परिवर्तन आउन सकेन । गरिब निमुखा जनता पहिले पनि सताइएका थिए अहिले पनि सताइएका छन् । माथिको सेरमा पनि ताराहरु उपेक्षित छन् भनेर आम नेपाली शोषित, पीडित जनताहरु अझै पनि उपेक्षामा रहेका छन् । जुनसुकै शासन व्यवस्था आए पनि उनीहरुको हितमा बोल्ने र काम गर्ने मानिस वा नेता नभएको कुरा माथिको सेरमा गजलकार ब्राजाकीले स्पष्ट पारेका छन् ।

यसरी मनु ब्राजाकीले **गजलगङ्गा** गजलसङ्ग्रहमा २०४६ साल अघि र पछिको समयमा गरिब जनताका लागि काम गर्ने परिपाटी नभएको र नातावादमा नै देशका नेताहरु रुमल्लिन पुगेका राजनीतिक यथार्थलाई सरल तथा प्रभावकारी शैलीमा अभिव्यक्त गरेका छन् । राजनीतिक व्यवस्था जस्तोसुकै आए पनि नेपाली जनताले त्यसको प्रत्याभूति पाउन नसकेको

र राष्ट्रियता नै जोखिममा पारेर भए पनि नेताहरु आफ्नो व्यक्तिगत स्वार्थमा रुमल्लिन पुगेको यथार्थलाई समेत ब्राजाकीले आफ्ना गजलमा अभिव्यक्त गरेका छन् । यसरी समग्रमा सामाजिक तथा राजनीतिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिहरुका माध्यमबाट मनु ब्राजाकीले देशको बिग्रँदो अवस्थाप्रति चिन्ता व्यक्त गरेका छन् ।

### ५.३.३.४ गजलगङ्गामा परिवेश तथा प्रकृतिचित्रण

परिवेश भनेको देश, काल र परिस्थिति हो । स्रष्टा जुन परिवेशमा बाँचेको हुन्छ त्यस परिवेशको प्रतिबिम्ब उसका रचनामा पाइन्छ । स्रष्टाले जहिले पनि यथार्थलाई आफ्नो रचनामा अङ्कित गर्न चाहिरहेको हुन्छ । यथार्थको धरातलमा नटेकी पाठकका मनमा प्रभाव पार्न सकिने साहित्यको सिर्जना गर्न सम्भव हुँदैन । मनु ब्राजाकीले यस गजलसङ्ग्रहमा २०२१ सालदेखि २०४८ सालसम्मका समयावधिका सहर र ग्रामीण क्षेत्रमा देखे भोगेका र घटेका विभिन्न सन्दर्भहरुको चित्रण गरेका छन् ।

परिवेश चित्रण भएका मनु ब्राजाकीका यस गजलसङ्ग्रहका केही गजलहरुका सेरहरु उदाहरणका रुपमा हेरौँ :

वनमा सानो झुप्रो थियो उठिबास भयो

मानिसकै जङ्गलमा फेरि बास भयो ।

(वनमा सानो झुप्रो थियो)

नेपालका अधिकांश जनता गाउँमै बस्छन् । उनीहरुलाई प्राकृतिक जीवन नै प्यारो छ । सहरको घच्चाघमासानमा रुचि नराख्ने यी अधिकांश नेपाली जनता निश्छल, सरल र स्वतन्त्र जीवनका पक्षपाती छन् । वर्तमान राजनीति, स्वार्थ आदिका कारणले तिनीहरुको प्राकृतिक र सरल जीवनलाई तहसनहस तुल्याएको छ । उनीहरु नचाहेर पनि आफ्नो वासस्थल छाडेर सहरको कोलाहलमा पस्न बाध्य भएका छन् ।

माथि हेर्दा उजिएको खुकुरी झैँ नेपाल यो

तल हेर्दा पल्टिएको केराको थाम झैँ लाग्यो ।

(उदाएको साँझ थियो)

व्यक्ति, समाजलाई मात्र होइन राष्ट्रलाई समेत परिवेशले निकै प्रभाव पारिरहेको हुन्छ । वर्तमान युगमा नेपालले आफ्नो इतिहासलाई सम्झेर गर्व गर्ने ठाउँ नरहेको स्थिति पनि देखिएको छ । विश्वमा देखिएको अस्त्रशस्त्रको होडबाजी एवम् नेपालको आफ्नो भौगोलिक अवस्थाले गर्दा यसलाई भयाक्रान्त पारेको अनुभूति गजलकारले गरेका छन् । त्यसैले माथिको सेरमा वर्तमान विश्वमा देखिएको परिवेशप्रति आशङ्का गरेका छन् ।

देवीभन्दा किन यहाँ वेश्या पूजनीय भई

लाज ढाक्न जस्को योनीमाथि नोट परेछ ।

(सयपत्री रोपेँ भन्या)

माथिको सेरमा गजलकार मनु ब्राजाकीले सहरी परिवेशको सुन्दर किसिमले चित्रण गरेका छन् । सहरी परिवेशमा बढ्दो व्यभिचार तथा यौन व्यापारका प्रसङ्गहरु आएका छन् । निर्लज्जहरुले जे पनि गर्ने गरेको र अचेल देवीको पूजाभन्दा व्यक्तिहरु तरुनीको पूजामा लाग्ने गरेको हाम्रो समाजको सहरी परिवेशको तितो यथार्थ माथिको सेरमा गजलकारले अभिव्यक्त गरेका छन् ।

लुकेर बस्थे सिकारी पनि लुकेर बस्थे सिकार पनि

अणुबम बोक्ने सिकारी लाज शिखण्डीपछि लुकेन ।

(फलेको हाँगो झुक्छ)

माथिको सेरमा गजलकार मनु ब्राजाकीले आजको विश्व परिवेशलाई समेट्ने प्रयास गरेका छन् । यसमा आजको अस्त्रशस्त्र र त्रस्त विश्व परिवेशलाई चित्रण गरिएको छ । सिकारी र सिकार पहिला पहिला लुकेर बस्ने गरेको तर आजका विश्वका मैं हुँ भन्ने राष्ट्रहरु निर्लज्ज ढङ्गले विश्वलाई नै त्रसित पारेर हातहतियारको प्रदर्शनमा लागेको माथिको सेरमा गजलकारले चर्चा गरेका छन् ।

यसरी विभिन्न परिवेशलाई आधार बनाई लेखिएका यस गजलसङ्ग्रहका गजलहरुले यथार्थको परिवेशको आधार पाएकाले बढी प्रभावकारी बन्न पुगेका छन् । सम्पूर्ण गजलको अध्ययनबाट तत्कालीन समाज, सिङ्गो राष्ट्र र विश्व परिवेशकै अध्ययन गर्न सकिन्छ । यसका आधारमा गजलकार मनु ब्राजाकी कुशल स्रष्टाका रुपमा रहेका छन् । उनले आफ्ना गजलहरुमा सबै किसिमका परिवशहरु समावेश गरेका छन् ।

परिवेशका साथमा गजलकार मनु ब्राजाकीले आफ्ना गजलहरुमा प्रकृतिका सुन्दर विविध रुपहरुलाई पनि समावेश गरेका छन् । उनले प्रकृतिका भावभङ्गीहरुलाई सुन्दर ढङ्गले चित्रण गरेका छन् । प्रत्येक सिर्जनशील व्यक्तिलाई प्रकृतिका मनमोहक छटाले आकर्षित गरिरहेको हुन्छ । गजलगङ्गामा प्रकृतिको मानवीकरण गरिएको छ । त्यस्तै मानवको प्रकृतिकरण पनि भएको छ । अर्थात् यी दुबै रुपको प्रयोग गजलमा गरिएको छ । गजलमा प्रकृति कहीँ आलम्बनका रुपमा र कहीँ उद्दीपनका रुपमा आएको छ । केही प्रकृति चित्रणका उदाहरणहरु हेरौँ :

जून हाँस्यो अँधेरीको केशराशी पन्छाएर

तिमी हाँस्यौ भनी हाँसे होला अब के के पछि ।

(सोच्न थालेँ, गम्न थालेँ)

यहाँ प्रकृतिलाई मानवीकरण गरिएको छ । यहाँ **जून** र **अँधेरी**लाई प्रकृतिका रुपमा भए पनि मानव रुप दिइएको छ । जून नायक र अँधेरी नायिकाका रुपमा चित्रण गरिएकाले दुवै आलम्बन विभावका रुपमा आएका छन् । मिसरा ए सानीमा म पात्र र तिमी पात्र हाँसेको

परिवेशमा जून अँधेरीको केशराशी पन्छ्याउँदै हाँसेको कुरा आएकाले उद्दीपन विभावका रुपमा प्रकृति आएको छ ।

यति लामो कालरात्री प्रतीक्षामै बित्यो

सूर्य बनी तिम्रो मनमा कैले  उदाऊँ ?

(तिमीसित सोध्न थालें)

उपर्युक्त सेरमा प्रकृतिलाई मानवीकरण नगरेर मानवलाई प्रकृतिकरण गरिएको छ । यहाँ नायकले सूर्य बन्ने कुरो गरेको छ तसर्थ यहाँ मानवको प्रकृतिकरण भएको देखिन्छ । कालरात्री परिवेशका रुपमा आएकाले कालरात्री उद्दीपन विभाव हो ।

आकाश कैले म हुँदा तिमी धर्ती हुन्थ्यौ कैले

ॠतु बदलिँदा दुवैको सँगसँगै उपहास हुन्छ ।

उपर्युक्त सेरमा मानवलाई प्रकृतिकरण गरिएको छ । नायकलाई आकाश र नायिकालाई धर्तीको रुप दिइएको छ । नायकनायिकाको उपहास हुने स्थितिलाई ॠतु बदलिने परिवेशसँग देखाइएकाले यहाँ प्रकृति उद्दीपन विभावका रुपमा आएको छ ।

यसरी हेर्दा मनु ब्राजाकीले **गजलगङ्गा** भित्र प्रकृतिको मानवीकरण र मानवको प्रकृतिकरण दुबै रुपको चित्रण गरेको देखिन्छ । मनुले प्रकृतिलाई आलम्बन विभाव र उद्दीपन विभावका रुपमा प्रयोग गरेका छन् ।

## ५.३.३.५ गजलगङ्गामा राष्ट्रियता

गजलकार मनु ब्राजाकीका गजलहरुमा पाइने विभिन्न कुराहरु मध्ये राष्ट्रप्रेम र राष्ट्रियताको भावना एक सशक्त  पक्ष हो । मनु ब्राजाकीले आफ्नो राष्ट्रप्रतिको आस्था एवम्

विश्वास र भावनालाई कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । आफ्ना गजलहरुमा उनले राष्ट्रप्रेमको भावनालाई पनि महत्वपूर्ण स्थान दिएको पाइन्छ ।

प्रत्येक नागरिकलाई राष्ट्र र राष्ट्रियताप्रति अगाध स्नेह हुनुपर्छ । जसले जन्म दिने नेपाल आमालाई माया गर्न सक्दैन उसले कसैलाई पनि माया गर्न सक्दैन । कुन चाहिँ सन्तान आमा रोएको हेर्न सक्छ र ? यहाँ ब्राजाकीले आफू नेपालआमालाई नरुनु भन्दै गजलमा राष्ट्रियताको भावलाई यसरी छताछुल्ल पार्छन् :

आमालाई भन्नुहोला नरुनु है धेरै

अब तिम्रा सन्तानको मूल्य ठेकियो ।

(अहो, ज्ञानुजी)

लगभग बाल्यकाल भारतमा बिताएका ब्राजाकीले त्यहाँ रहँदा नेपाल र नेपालीलाई भारतीयहरुले गर्ने अपमानजनक व्यवहार भोगेका, देखेका र त्यही अपमानजनक पीडाबाट उनको राष्ट्रियताको भाव जागेको देखिन्छ । यस कुरालाई ब्राजाकीले गजलमा यसरी अभिव्यक्त गरी राष्ट्रियताको भावना व्यक्त गरेका छन् :

इण्डिया दर्वानीको जागिर खान जान्नँ

गोर्खालीलाई देखाएर भन्छ गोली ठोको !

(जागिर दिई पुर्‍याईदिनुस्)

हामी सबै नेपाल आमाका सन्तान हौँ । नेपालआमा हामी छोराछोरीहरुलाई यही आँगनमै हाँसिखेली रमाएको हेर्न चाहन्छिन् । कैयौँ सन्तान नेपालआमालाई छाडेर विदेशिएकाले उनको मन कुँडिएको छ । यसै कुरालाई सङ्केत गर्दै ब्राजाकी आफ्ना गजलमा यसरी लेख्छन् :

खोज्छिन् आमा छोराछोरी घर  आँगनमा

मनुसँगै सीमा पार गरिसके होलान् ।

(आकाशका फल सबै)

यसरी मनु ब्राजाकीका गजलहरुमा देशप्रेमका भावनाहरुले पनि प्रशस्तै स्थान पाएका छन् । नेपाल र नेपालीको वास्तविक अवस्थाको धरातलमा रहेर मनु ब्राजाकीले आफ्ना गजलहरुमा राष्ट्र र राष्ट्रियताप्रति चिन्ता एवम् चासो व्यक्त गरेका छन् । यसका साथै ब्राजाकीले नेपालआमालाई नेपालमै बसेर सिँगार्न पनि सबै सपुत छोराछोरीलाई आग्रह पनि गरेका छन् ।

## ५.३.३.६ व्यङ्ग्य चेतना

अभिधा र लक्षणाभन्दा भिन्न व्यञ्जनावृत्तिद्वारा बोध हुने भाव नै व्यङ्ग्य भाव हो । प्रत्येक व्यक्ति यसै समाजका सदस्य हुन् । ती प्रत्येकले समाज र वरपर रहेका सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक पक्षलाई नियालीरहेका हुन्छन् । यी विभिन्न क्षेत्रमा देखिएका अमिल्दा पक्षहरुलाई कसरी निर्मूल गर्न सकिन्छ, ऊ सोच्न थाल्दछ । समाजको सदस्य भएका नाताले असल समाजको निर्माणमा उसको योगदान रहनु पनि पर्छ । **गजलगङ्गा** गजलसङ्ग्रहमा मनु ब्राजाकीले आफूले देखेभोगेका विकृतिविसङ्गतिहरुलाई देखाउन व्यङ्ग्यको सहारा लिएका छन् । तसर्थ उनका गजल र गजलका सेरहरुमा व्यङ्ग्य भावहरु पनि प्रयोग गरिएका छन् ।

आजको समाजमा बहुरुपीहरुको सङ्ख्या निकै बढिरहेको छ । यो भीडमा असल मान्छेको पहिचान गर्न निकै गाह्रो छ । साहित्यको क्षेत्रमा कुरा गर्ने हो भने पनि यस्ता विकृतिहरुको थुप्रै उदाहरणहरु पाउन सकिन्छ । यसै कुरालाई व्यङ्ग्य गर्दै गजलकार मनु ब्राजाकी लेख्छन् :

बोलाउँछ हामीलाई पिँजडाको सुगाले

चिनिँदैन कवि कपि ओहदाको लुगाले ।

(बोलाउँछ हामीलाई)

यस सेरमा कविले साहित्यका क्षेत्रमा भएका विकृतिविसङ्गतिहरुलाई व्यङ्ग्य गरेका छन् । ब्राजाकी साहित्यको क्षेत्रका कुरा गर्दै कवि र कपि (बाँदर) छुट्याउन सकिने स्थिति नरहेको कुरा व्यङ्ग्य भावका माध्यमबाट अभिव्यक्त गर्दछन् ।

नेपालमा दिनानुदिन भ्रष्टाचार मौलाइरहेको छ । केही व्यक्तिहरु दिनानुदिन भ्रष्ट हुँदै गइरहेका छन् । सुकिलो पोसाक र सुन्दर हाँसोमा अल्झाएर आफ्नो पोल्टो भर्ने व्यक्तिहरु यस समाजमा छ्यासछ्यास्ती पाइन्छन् । हाँस्यो कि नाँस्यो स्वभावका ती व्यक्तिहरुको कालो करतुतलाई पनि उनले आफ्ना गजलमा यसरी अभिव्यक्त गरेका छन् :

भएछ सुखी ऊ पनि यहाँ मुसुक्कै हाँसेर

हरियो वन नेपालको धन भुसुक्कै मासेर ।

(भएछ सुखी ऊ पनि)

उपर्यक्त सेरमा गजलकारले नेपालको वनजङ्गल मासेर रातारात धनी भएका व्यक्तिप्रति व्यङ्ग्य गरेका छन् ।

नेपालमा मौलाएको विभिन्न किसिमका भ्रष्टाचारहरुले देशलाई थला पारेको छ । वर्तमान नेपालको राजनीति भ्रष्टाचारको पर्याय बनेको छ । सबै भ्रष्टाचारमा लिप्त रहेका छन् । भ्रष्टाचारलाई घृणा गर्ने व्यक्तिहरु पनि सत्ता, पद, कुर्सीमा पुग्ने बित्तिकै त्यही परम्परालाई निरन्तरता दिन लागिहाल्छन् । यस कुरालाई पुष्टि गर्न आफूले पनि भ्रष्टाचारको परम्परालाई धानिरहेका आत्मस्वीकृति दिँदै मनुले यसरी व्यङ्ग्य गरेका छन् :

भ्रष्टाचारको परम्परा पालन गरिरहेँ

ब्रह्मलुटमा आफ्नो गिलास टन्न भरिरहेँ ।

(भ्रष्टाचारको परम्परा)

गजलकार मनु ब्राजाकीले मायाप्रेममा देखिएका विकृति र विसङ्गतिप्रति पनि व्यङ्ग्य प्रहार गरेका छन् । मनुको यो गजलको सेरलाई हेरौँ :

तिम्रा सर्त साहुजीका बहीखाता जस्तै लाग्छन्

व्याज तिर्दातिर्दै मरुँ यो नै कबोल छ ।

(तिम्रो माया समीरझैँ)

जतासुकै अव्यवस्था र विकृति रहेको यस समाजमा प्रेम पनि सर्तमा टिकेको कुरा गजलकारले उल्लेख गरेका छन् । प्रेम निस्वार्थ हुनु पर्ने हो तर यहाँ प्रेममा पनि विकृतिले ठाउँ लिएको कुरालाई मनु ब्राजाकीले नजिकबाट नियालेको हुँदा माथिको सेरमा उनले प्रेमप्रति नै व्यङ्ग्य गरेका छन् । उनले प्रेमिकाको सर्तलाई साहुको हिसाबखाताको संज्ञा दिएका छन् ।

मनु ब्राजाकीले सामाजिक विकृति र विसङ्गतिका कुराहरु प्रति पनि व्यङ्ग्य प्रहार गरेका छन् । सामाजिक व्यङ्ग्य प्रहार गरिएको उनको यो गजलको सेरलाई हेरौँ :

बोली विचार यतातिर आफू भने उतातिर

भन्छन् अझै 'हेर बाबु' बाटो मैले बिराएको छैन ।

(मिर्मिरे भो प्रभातले)

विश्वासको खडेरी परेको समयमा कसैले कसैलाई पत्याउन सकिने स्थिति छैन । मुखमा रामराम बगलीमा छुरा बोक्नेहरुको भीड समाजमा देख्न सकिन्छ । यसै कुराप्रति सङ्केत गर्दै गजलकारले माथिका सेरहरुमा समाजमा रहेका आजका मान्छेहरुप्रति व्यङ्ग्य गरेका छन् ।

समाजमा रहेका प्रतिष्ठित व्यक्तिहरु नै खराव कार्यमा लागे भने समाजको अवस्था कस्तो हुन्छ ? भन्ने कुरालाई मनु ब्राजाकीले आफ्ना गजलका सेरहरुमा यसरी प्रष्ट्याउँछन् :

द्रौपदीको चीरहरण सधैँ यहाँ हुन्छ

दुर्योधनले होइन यो त थियो कुनै श्याम ।

(अयोध्यामा पाइँदैन)

समाजलाई असल बाटोमा डोऱ्याउने काम यहाँकै प्रतिष्ठितहरुलाई हुनु आवश्यक छ । तर हाम्रो समाजमा तिनै लब्धप्रतिष्ठ व्यक्तिहरु नै खराब काम गर्न पछि परिरहेका हुँदैनन् । समाजलाई भ्रष्ट मार्गमा डोऱ्याउने काम अशिक्षित व्यक्तिहरुबाट भन्दा पनि प्रतिष्ठितहरुबाट नै भएको छ । नारी अस्मितामाथि कुदृष्टि वा नकारात्मक कार्य यिनीहरुबाट नै भएको कुराप्रति व्यङ्ग्य माथिका सेरमा ब्राजाकीले गरेका छन् ।

समाजमा नायकको खाँचो भएको र सोचको दरिद्रतालाई मनु ब्राजाकीले यसरी व्यङ्ग्य गरेका छन् :

थल्याउँछ अरुलाई क्यान्सरको रोगले

हामीलाई सताउँदै छ आफन्तका रुगाले ।

(बोलाउँछ हामीलाई)

असल कार्य गर्नका लागि असल सोचको जरुरत पर्दछ । मान्छे असल बन्नुभन्दा ठुलो बन्नु पर्ने सोचले ग्रस्त भएको छ । यो कुरा सिकाउने यही समाज हो । हाम्रो समाजलाई मार्गदर्शन गर्न सक्ने नायकको खाँचो छ । हामी आफ्नै समस्यामा जकडिएका छौँ । विश्व चिन्तनमा हामी पुग्नै गाह्रो छ । यही सोचको दरिद्रतालाई समेत सङ्केत गर्दै गजलकार मनु ब्राजाकीले माथिका सेरहरुमा व्यङ्ग्य प्रहार गरका छन् ।

शिक्षा क्षेत्रमा भएका विकृति र विसङ्गतिहरुलाई पनि गजलकार ब्राजाकीले आफ्ना गजलको विषय बनाएका छन् । उनले आफ्ना गजलहरुमा शैक्षिक विकृतिप्रति पनि व्यङ्ग्य

गरेका छन् । शिक्षालाई व्यापारको रुपमा प्रयोग गर्न थालिएको यस परिप्रेक्ष्यलाई गजलकार ब्राजाकीले गजलमा यसरी अभिव्यक्त गरेका छन् :

एकलव्यहरु अझै पढ्दैछन्, द्रोणाचार्यहरु पनि पढाउँछन्

टिउसनको दानापानी खाएर अर्जुनलाई अघि बढाउँछन् ।

(एकलव्यहरु अझै)

यसरी व्यङ्ग्य चेतनाका दृष्टिकोणबाट हेर्दा पनि मनु ब्राजाकीका गजलहरुको स्थान उच्च रहेको देखिन्छ । हरेक तह र वर्गका साथै विभिन्न क्षेत्रमा देखिएका विकृति र विसङ्गतिमाथि व्यङ्ग्य गर्ने रुचि रहेको देखिन्छ । जुनसुकै विषयमा पनि उनी उत्तिकै प्रभावकारी रुपमा व्यङ्ग्य गर्न सक्नु उनको खुबी हो ।

## ५.३.३.७ गजलगङ्गाको मूल्याङ्कन र निष्कर्ष

उपर्युक्त विश्लेषणका आधारमा हेर्दा गजलगङ्गा गजलसङ्ग्रहका गजलहरु मूलतः उर्दू र फारसी परम्पराको संरचनालाई पालना गर्दै लेखिएको देखिन्छ । गजलका आन्तरिक तथा बाह्य दुबै किसिमका तत्वहरुका आधारमा हेर्दा पनि बाह्य तत्वभन्दा आन्तरिक तत्वको प्रबलता देखिन्छ । गजलका लागि आवश्यक मानिएका अत्यावश्यक बाह्य तत्वहरु काफिया, रदिफ, तखल्लुस जस्ता तत्वहरुको पनि केही गजलहरुमा बाहेक अधिकांश गजलहरुमा समुचित प्रयोग गरेको देखिन्छ । यस गजलसङ्ग्रहमा रहेका गजलहरुमा विषयगत विविधता पाउन सकिन्छ । विभिन्न भावहरुमध्ये व्यङ्ग्यभाव बढी मुखरित भएको छ । त्यस्तै अलङ्कार र प्रतीकको प्रयोग सफलताका साथ गरिएको छ । भाषिक प्रयोगले गजललाई अझ प्रभावकारी बनाउने कार्य गरेको देखिन्छ । नेपाली कथ्य भाषाको प्रयोगको रुचि गजलकारले देखाएका छन् र त्यसमा उनी सफल पनि भएका छन् । लय तथा सङ्गीतका दृष्टिले पनि यस सङ्ग्रहका गजलहरु उत्कृष्ट रहेका छन् । केही गजलहरु रेकर्ड पनि गरिएका छन् ।

त्यस्तै राजनीतिक चित्रण, सामाजिक बोध, प्रकृतिचित्रण, राष्ट्रियता जस्ता विविध कोणहरुबाट विश्लेषण गर्दा यस सङ्ग्रहका गजलहरु अझ उत्कृष्ट रहेको पाइन्छ । यसप्रकार केही ठाउँमा केही गजलहरुमा संरचनात्मक कमीकमजोरी देखिए पनि प्रभावकारिताका दृष्टिले यस सङ्ग्रहलाई सफल मान्न सकिन्छ ।

निष्कर्षमा भन्नुपर्दा स्वनिर्मित बहर, संरचनात्मक सचेतता, सरल र प्रभावकारी भाषिक प्रयोग, लयगत सचेतता जस्ता विविध कारणहरुले गर्दा गजलगङ्गा गजलसङ्ग्रहलाई उत्कृष्ट गजलसङ्ग्रह मान्न सकिन्छ ।

# परिच्छेद : छ

# उपसंहार तथा निष्कर्ष

## ६.१ उपसंहार

मनु ब्राजाकी वि.सं. १९९९ साउन १९ गते सोमबारका दिन महोत्तरी जिल्लाको औरही गा.वि.स. वडा नं. २ हालको औरही नगरपालिका वडा नं.१ मा पिता लिप्तमान भण्डारी र माता शान्तिदेवी भण्डारीका जेठा सुपुत्रका रुपमा जन्मिएका हुन् । नेपाली साहित्यका क्षेत्रमा विविध उपनामले चिनिने प्रयास गरेका यिनको वास्तविक नाम चेतमानसिंह भण्डारी हो तर यिनी नेपाली साहित्यमा मनु ब्राजाकीका नामले परिचित हुन पुगे । सम्पन्न परिवारमा जन्मिएका ब्राजाकीको शिक्षाम्भ भारतीय नागरिकबाट भएको हो । यिनको औपचारिक शिक्षाको आरम्भ भने जनकपुरस्थित मौनी बाबाको कुटीबाट भएको देखिन्छ । एक वर्षको जनकपुर अध्ययनपश्चात् यिनी आफ्ना हजुरबुबासँग बनारस पुगेर त्यहीँ अध्ययन गर्न थाले । हजुरबुबाको निधनपश्चात् नेपाल फर्किएर पोखरामा माध्यमिक तहको अध्ययन गर्न थाले । टेष्ट परीक्षामा अनुत्तीर्ण भएका मनु ब्राजाकी जनकपुर आएर भर्ना भई २०१९ सालमा प्रवेशिका उत्तीर्ण गरे । जनकपुरकै क्याम्पसमा आइ.ए.को अध्ययन सुरु गरेका भए पनि तह पुरा हुन भने सकेन ।

नेपाली साहित्यका क्षेत्रमा मनु ब्राजाकी कक्षा दसमा पोखरामा पढ्दादेखि नै लागेका हुन् । यिनको औपचारिक साहित्ययात्रा भने २०१९ सालमा जनकपुरबाट प्रकाशन हुने **अञ्चल सन्देश** पत्रिकामा **भर्याङ** शीर्षकको कथा छपाएर सुरु भएको हो । विभिन्न व्यक्तित्वहरुको

विशेष प्रभाव र स्वाध्ययनबाट प्राप्त ज्ञानका आधारमा मनु ब्राजाकीले नेपाली साहित्यका क्षेत्रमा अमूल्य योगदान दिएका छन् ।

नेपाली कथाका क्षेत्रमा विशेष ख्याति कमाएका मनु ब्राजाकीको कथापछिको अर्को उल्लेख्य सफलता हासिल गरेको क्षेत्र गजल नै हो । गजलका क्षेत्रका यिनको योगदान अविष्मरणीय रहेको छ । हालसम्म ब्राजाकीका तिन वटा गजल सङ्ग्रह प्रकाशित भएका छन् । ती गजल सङ्ग्रहहरु **गजलगङ्गा** (२०५१), **काँडाका फूलहरु** (२०५६) र के हेरेको ए  जिन्दगी रहेका छन् । प्रकाशन भएका यिनका प्रमुख कथासङ्ग्रहहरुमा **अवमूल्यन** (२०३८), **तिम्री स्वास्नी र म** (२०४६), **भविष्य यात्रा** (२०५२), **पारदर्शी मान्छे** (२०६०), **मनु ब्राजाकीका लघुकथा** (२०७०) र **अन्नपूर्णाको भोज** (२०७०) रहेका छन् ।

नेपाली साहित्यका क्षेत्रमा विशिष्ट योगदान दिएका मनु ब्राजाकीलाई विभिन्न पुरस्कार तथा सम्मानले सम्मानित गरिएको पाइन्छ  । यसरी विभिन्न सम्मान तथा पुरस्कार पाएका ब्राजाकी नेपाली साहित्यका क्षेत्रमा उज्ज्वल नक्षेत्रका रुपमा रहेर साहित्यसिर्जनामा लाग्दालाग्दै वि.सं. २०७४ मा यस संसारलाई छोडेर सदाका लागि अस्ताए । उनी अस्ताए पनि उनका कृतिका कारण नेपाली साहित्यका क्षेत्रका सधैँ अमर रहने नाम हो मनु ब्राजाकी ।

मनु ब्राजाकी नेपाली गजललेखन परम्परामा दोस्रो चरणमा देखिएका महत्वपूर्ण गजलकार हुन् । उनका हालसम्म तिनवटा गजलसङ्ग्रह प्रकाशन भएका छन् । हरेक कोणबाट मूल्याङ्कन गर्दा मनु ब्राजाकी समकालीन गजलकारहरुका तुलनामा आफ्नै छुट्टै मौलिकता र विशेषताका साथमा नेपाली गजललेखन परम्परामा पहिलो दर्जामा नै उभिन सफल गजलकार हुन् । ब्राजाकीको गजललेखन परम्परालाई दुई चरणमा बाँडेर हेर्नु उपयुक्त हुने देखिन्छ । आरम्भदेखि २०४६ सालसम्म पूर्वाद्ध चरण हो भने २०४७ सालदेखि २०७४ सालसम्मको समय उत्तरार्ध वा अन्तिम चरण हो । पहिलो चरणमा कम परिष्कृत र यथार्थवादी गजलकारका रुपमा देखिएका मनु ब्राजाकी दोस्रो चरणमा आइपुग्दा परिष्कृत र प्रगतिवादी गजलकारका रुपमा देखिएको पाइन्छ ।

यस अध्ययन विभिन्न उद्देश्यमा आधारित भए तापनि यस अध्ययनको मुख्य उद्देश्य तथा अध्ययनको केन्द्र **गजलगङ्गा** गजलसङ्ग्रहको अध्ययन तथा विश्लेषण भएकाले यहाँ यसै गजलसङ्ग्रहको अध्ययनको निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

मनु ब्राजाकीको गजलगङ्गा गजलसङ्ग्रहका गजलहरुको अध्ययन तथा विश्लेषण गर्दा उनले यस गजलसङ्ग्रहका गजलहरु परम्परागत संरचनामा नै रचना गरेका छन् । यस गजलसङ्ग्रहका केही गजलहरुमा संरचनात्मक कमीकमजोरी पनि रहेको पाइन्छ । काफिया, रदिफ र तखल्लुसको प्रयोग भएका र नभएका गजलहरु यस सङ्ग्रहमा रहेका छन् । कतिपय गजलहरुमा काफियाको मात्रै प्रयोग गरिएको छ भने कतिपय गजलहरुमा काफिया र रदिफ दुबैको प्रयोग भएको छ । त्यस्तै अधिकांश गजलहरुमा तखल्लुसको पनि स्तरीय र प्रभावकारी प्रयोग भएको छ । अक्षरसंरचना लयढाँचाका आधारमा हेर्दा पनि यस गजलसङ्ग्रहमा विविधता पाउन सकिन्छ । बाह्य तत्वका आधारमा अध्ययन तथा विश्लेषण गर्दा मनु ब्राजाकीको गजलगङ्गा गजलसङ्ग्रहका केही गजलहरु भने खासै उत्कृष्ट नरहे पनि अधिकांश गजलहरु भने गजलको परम्परित संरचनामा नै संरचित रहेको पाइन्छ । लय तथा बहरको सन्दर्भमा भने ब्राजाकीले परम्परागत लय र बहरको मान्यतालाई भन्दा स्वनिर्मित लयलाई प्राथमिकता दिएका छन् ।

**गजलगङ्गा** गजलसङ्ग्रहका गजलहरुलाई बाह्य तत्वका आधारमा विश्लेषण गर्दा यसमा चारदेखि तेह्र सेरसम्मका गजलहरु रहेका छन् । सेरहरुका हिसाबले हेर्दा गजलहरु उपयुक्त नै रहेका छन् । सबैभन्दा बढी पाँच सेरयुक्त गजलहरु रहेका छन् । यसको सङ्ख्या ३४ रहेको छ । त्यस्तै १० वटा गजलका मतला खण्डका सेरहरु काफिया र रदिफका हिसाबले उपयुक्त नभए पनि बाँकी गजलका सेरहरुमा सिद्धान्तअनुरुप नै काफिया र रदिफको प्रयोग गरिएका छन् । काफियाको प्रयोग भएका तर रदिफको प्रयोग नभएका सेरहरु गजलमा प्रशस्तै रहेका छन् । रदिफ गजलको अनिवार्य तत्व नभएकाले यसले खासै प्रभाव पारेको छैन । त्यस्तै तखल्लुस प्रयोगका हिसाबले ८९ वटा गजलहरुमध्ये ४९ वटा गजलमा मनु ब्राजाकीले **मनु** तखल्लुसको प्रयोग प्रभावकारी र आकर्षक ढंगबाट गरेका छन् । अक्षर सङ्ख्याका हिसाबले हेर्दा १६ अक्षरका गजलहरुको बाहुल्यता रहेको छ भने १४ अक्षर र १२ अक्षरका गजलहरु पनि प्रशस्तै रहेका छन् । ८ अक्षरदेखि २७ अक्षरसम्मका गजलहरु मनु ब्राजाकीले यस सङ्ग्रहमा राखेका छन् ।

यसरी समग्रमा हेर्दा गजलगङ्गा भित्रका केही गजलहरुबाहेक धेरैजसो गजलहरु बाह्य संरचनाका हिसाबले उपयुक्त नै रहेका छन् । बाह्य संरचना पक्षलाई ब्राजाकीले पालना गर्ने प्रयास गरेको देखिन्छ ।

## ६.२ निष्कर्ष

गजलका आन्तरिक तत्वका आधारमा अध्ययन तथा विश्लेषण गर्दा गजलगङ्गा गजलसङ्ग्रह स्तरीय र प्रभावकारी रहेको छ । गजलसङ्ग्रहमा रहेका गजलहरुमा भावगत विविधता पाउन सकिन्छ । गजलमा शृङ्गार भाव, करुण भाव, शान्त भाव जस्ता विविध भावहरु समावेश गरिएका छन् । शृङ्गार भावमा पनि संयोग र वियोग दुबै किसिमका भावहरु समावेश गरिएका छन् । गजलमा करुण भाव कुनै एक व्यक्तिसँगको वियोग अनिष्ट आदिलाई देखेर नभई सम्पूर्ण मानवजाति, गरिब, निमुखा, असहाय जनताप्रति द्रविभूत भई आएको देखिन्छ । यस सङ्ग्रहका गजलहरुमा सबैभन्दा शक्तिशाली र प्रभावकारी रुपमा व्यङ्ग्य भावको प्रयोग गरिएको छ । प्रायः अधिकांश सबै किसिमका गजलहरुमा यो भावले प्राथमिकता पाएको छ । समाजबोध तथा राजनीतिक चित्रणका हिसाबले पनि उनको यो गजलसङ्ग्रह प्रभावकारी रहेको छ । नेपाली समाजमा तत्कालीन समयमा व्याप्त विकृति र विसङ्गतिलाई गजलमा यथार्थिक रुपले चित्रण गरेका छन् । त्यस्तै राजनीतिक चित्रणमा विश्वराजनीतिका केही प्रसङ्गहरु आएका भए पनि मूलतः नेपाली राजनीतिमा देखिएका विकृति र विसङ्गतिलाई नै उनले मुख्य रुपमा चित्रण गरेका छन् । नेपालको अस्थिर राजनीति र अव्यवस्थालाई उनले मुख्य रुपमा उठाएका छन् । केही गजलहरुमा प्रकृतिको चित्रणलाई पनि मनु ब्राजाकीले स्थान दिएका छन् । त्यस्तै समयगत परिवेश, स्थानगत परिवेश, सामाजिक तथा सांस्कृतिक परिवेश पनि गजलमा सशक्त रुपमा आएका छन् । प्रकृतिलाई नै मूल विषय बनाएर लेखिएका गजलहरु नभए पनि प्रकृतिको भने केही गजलहरुमा राम्रै प्रयोग ब्राजाकीले गरेका छन् । उनले प्रकृतिको मानवीकरण र मानवको प्रकृतिकरण गरेका उदाहरणहरु गजलमा प्रशस्त भेट्न सकिन्छ । त्यस्तै ब्राजाकीले आफ्ना गजलहरुमा राष्ट्र र राष्ट्रियतालाई पनि उच्च महत्वका साथ प्रस्तुत गरेका छन् ।

गजलगङ्गा सङ्ग्रहभित्र सङ्गृहीत गजलमा सरल, सहज, सुबोध र कथ्यभाषाको प्रयोग गरिएको छ । भाषाकै कारणले गजल पठनीय हुनाको साथै सङ्गीतात्मक पनि बनेको पाइन्छ । तत्सम, तद्भव र आगन्तुक तिनै स्रोतबाट आएका शब्दलाई मनु ब्राजाकीले प्राथमिकता दिएका छन् । प्रतीकविधानका दृष्टिले **गजलगङ्गा** लाई हेर्दा यस सङ्ग्रह प्रतीकमय बनेको छ । यहाँ प्रतीक बनेर आएका शब्दहरुका कारणले गजल बढी प्रभावकारी तथा व्यञ्जनात्मक बनेको स्पष्ट देखिन्छ । गजलगङ्गामा दृश्यात्मक, गन्धसम्बन्धी, स्पर्शसम्बन्धी, श्रव्यात्मक,

स्वादसम्बन्धी, गतिसम्बन्धी सबै किसिमका बिम्बको प्रयोग गरिएको छ । यी बिम्बहरु पाठक हृदयलाई छुने सामर्थ्य राख्दछन् ।

**गजलगङ्गा** गजलसङ्ग्रहमा मनु ब्राजाकीले छेकानुप्रास, वृत्यनुप्रास, अन्त्यानुप्रास जस्ता शब्दालङ्कारको प्रयोग गरेका छन् । यस गजलसङ्ग्रहमा समावेश भएका गजलहरुमा मुख्यतः अर्थालङ्कारअन्तर्गत उपमा अलङ्कार, रुपक अलङ्कार, उत्प्रेक्षा अलङ्कार र अर्थान्तरन्यास अलङ्कारको प्रयोग गरिएको छ । यी अलङ्कारको प्रयोग गर्दा गजलकार ब्राजाकीले स्वाभाविक र प्रभावकारी किसिमले प्रयोग गरेका छन् जसले गर्दा उनका गजलहरु उत्कृष्ट बन्न पुगेका छन् ।

## ६.३ सम्भाव्य शोध शीर्षकहरु

मनु ब्राजाकी तथा उनका कृतिहरुका बारेमा पुनः अध्ययन तथा अनुसन्धान गर्न चाहने शोधार्थीहरुका लागि सम्भाव्य शोध शीर्षकहरु सुझावका रुपमा निम्नानुसार उल्लेख गरिएका छन् :

(क) मनु ब्राजाकीका गजलहरुमा व्यङ्ग्य चेतना

(ख) सामाजिक तथा राजनीतिक कोणबाट मनु ब्राजाकीका गजलहरुको अध्ययन तथा विश्लेषण

(ग) गजलगङ्गा र काँडाका फूलहरुको तुलनात्मक अध्ययन

(घ) काँडाका फूलहरुको अध्ययन तथा विश्लेषण

(ङ) आन्तरिक तत्वका आधारमा गजलगङ्गा र काँडाका फूलहरुको विश्लेषण ।

# सन्दर्भ ग्रन्थसूची

## पुस्तक सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज, बद्रीविशाल भट्टराई, (सम्पा.) **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि.,२०६१ ।

उदासी, टीकाराम, **गजलसिद्धान्त र नेपाली गजलको इतिहास,** नेपाल : अतिरिक्त प्रकाशन, २०५९ ।

क्षेत्री, दुबसु, **समसामयिक गजल,** काठमाडौँ : बसुन्धरा प्रकाशन, २०५० ।

त्रिपाठी, वासुदेव र अन्य, (सम्पा.) **नेपाली बृहत् शब्दकोश**, काठमाडौँ : ने.रा.प्र.प्र.,२०५६ ।

नेपाल, देवी, **छन्द पराग,** काठमाडौँ : भुँडीपराण प्रकाशन, २०६२ ।

नेपाल, देवी र अन्य, **गजल कसरी लेख्ने ?,** काठमाडौँ : ऐरावती प्रकाशन प्रा.लि. , २०६६।

नेपाल, वसन्तकुमार शर्म्मा,(सम्पा.), **नेपाली शब्दसागर,** काठमाडौँ : भाभा पुस्तक भण्डार,२०५७ ।

परिश्रमी, घनश्याम न्यौपाने, **गजल सौन्दर्य मीमांसा**, रुपन्देही : सनसाइन मावि, २०६४ ।

परिश्रमी, घनश्याम न्यौपाने, **साहित्य सन्दर्भ**, वीरगन्ज : नारायणी बुक्स, २०५५ ।

बराल, कृष्णहरि, **संदृष्टि**, ललितपुर : साझा प्रकाशन, २०५५ ।

बराल, कृष्णहरि, **गीत सिद्धान्त र इतिहास,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६० ।

ब्राजाकी, मनु, **गजलगङ्गा**, ललितपुर : साझा प्रकाशन, २०६७ ।

ब्राजाकी, मनु, **काँडाका फूलहरु,** ललितपुर : साझा प्रकाशन, २०५६ ।


## शोधग्रन्थसूची

अधिकारी, विमल, **सामाजिकताका दृष्टिले भविष्ययात्रा सङ्ग्रहका कथाहरुको विवेचना**, अप्र.स्नातकोत्तर शोधपत्र, त्रिवि, आरआर क्याम्पस, काठमाडौँ, २०६० ।

काफ्ले, मुकुन्दप्रसाद, **मनु ब्राजाकीको गजलकारिता**, अप्र.स्नातकोत्तर शोधपत्र, त्रिवि, आरआर क्याम्पस, काठमाडौँ, २०६३ ।

खनाल, उत्तमप्रसाद, **पारदर्शी मान्छे कथा सङ्ग्रहको कृतिपरक अध्ययन**, अप्र.स्नातकोत्तर शोधपत्र, राराब क्याम्पस, जनकपुर, २०७१ ।

देवकोटा, सरिता, **लक्ष्मीदत्त पन्त इन्दुको गजलकारिता**, अप्र.स्नातकोत्तर शोधपत्र, त्रिवि, कीर्तिपुर, २०५५ ।

पोखरेल, कृष्णप्रसाद, **मनु ब्राजाकीको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्र.स्नातकोत्तर शोधपत्र, त्रिवि, कीर्तिपुर, २०४९ ।

वस्ती, सनतकुमार, **सबेरै आएँ**, अप्र.स्नातकोत्तर सृजनापत्र, त्रिवि, कीर्तिपुर, २०५३ ।

## पत्रपत्रिका सन्दर्भसूची

त्यागी, अमर, नेपाली गजलको परम्परा र प्रवृत्ति, **मधुपर्क,** (३१/४, २०५५ भदौ), पृ.१४०-१४६ ।

परिश्रमी, घनश्याम न्यौपाने, नेपाली गजलको विकास प्रक्रिया, **मधुपर्क,** (२९/३, २०५३, साउन), पृ.१-७ ।

ब्राजाकी, मनु, मनु ब्राजाकीको श्याम कहानी, **नेपाली,** ( पूर्णाङ्क १५८, २०५५ माघ) पृ.५० ।

सरित, इन्द्रकुमार श्रेष्ठ, नेपाली साहित्यमा गजल : विगतदेखि वर्तमानसम्म, **गुञ्जन** (५/४, २०५८ पुस), पृ.७१-८७ ।